# परिच्छेद एक
# अनुसन्धान प्रस्ताव
# (Research Proposal)

१.१ <u>**शोध शिर्षक**</u> :- प्रस्तुत अध्ययनको शिर्षक <u>**महेन्द्रनगर नगरपालिकाको संरचना एवं कार्यहरुको एक विवेचना अध्ययन २०५४-२०५९**</u> रहेको छ ।

१.२ **शोघको प्रयोजन** :- प्रस्तुत शोघपत्र त्रि.वि.वि. मानविकि तथा सामाजिक शास्त्र संकाय अन्तरगत राजनितिशास्त्र स्नातकोत्तर तह दोस्रो बर्ष दशौं प्रश्नपत्रको प्रयोजनको लागि तयार गरिएको छ ।

१.३ **परिचय (Introduction)** :- कुनै पनि प्रजातान्त्रिक शासन व्यवस्थापनमा कुनै न कुनै किसिमको स्थानिय सरकारको अवधारणालाई स्विकार गरिएको हुन्छ । विकेन्द्रीकरणलाई प्रजातन्त्रको मुटु मानिन्छ । केही महत्वपूर्ण संवेदनशिल कुराहरु बाहेक बाकि निर्णयहरु गर्ने अधिकार सम्वन्धित व्यक्तिहरुलाई हस्तान्तरण गरिने प्रकृया नै विकेन्द्रीकरण हो ।

नेपालमा पनि लामो समय देखि स्थानिय निकायहरुको माध्यम वाट जनतालाई शासनमा सहभागि गराई स्थानिय निर्वाचन गरिएको कुरा इतिहासमा उल्लेख गरिएको पाइन्छ । त्यस पछि नेपालको संविधान २०१९ लाई संशोधन गरि स्थानिय निकायहरु जिल्ला पञ्चायत, नगर पञ्चायत र गाउँ पञ्चायतको व्यवस्था गरियो ।

यसै क्रममा सुदूर पश्चिमाञ्चल विकासक्षेत्रको महाकाली अञ्चलमा पर्ने कञ्चनपुर जिल्लाको सदरमुकामको रुपमा रहेको मेहन्द्रनगर लाई २०३४ सालमा भुजेला, सिद्धनाथ र आदर्श महेन्द्रनगर गाउँ पञ्चायत सम्पूर्ण नगरपालिकाको रुपमा स्थापना गरिएको थियो । यस भन्दा अगाडी २०२० सालमा हालका ४,५,१५,१८ वडाका केही भू-भाग समेटेर नगरनिर्माण समिति र २०२३ सालमा नगरविकास समिति गठन गरिएको थियो ।

महेन्द्रनगर नगरपालिका पुर्वमा सुडा गाउँ विकास समिति, पश्चिममा महाकाली नदी, उत्तरमा डडेल्धुरा जिल्ला र दक्षिणमा शुक्लाफाँटा वन्यजन्तु आरक्ष रहेको छ । यो नगरपालिका २८०५२” उत्तरि अक्षांस देखि २९°०८” अत्तरि अक्षांस सम्म र ८०°६” पुर्वि देशान्तर देखि ८०°१४.५” पुर्वि देशान्तर सम्म फैलिएको छ र यसको कुल क्षेत्रफल १९६५ वर्ग किलोमिटर रहेको छ ।

यस शोघमा स्थानिय स्वायत्त शासन ऐन तथा विकेन्द्रीकरण ऐन अनुसार महेन्द्रनगर नगरपालिकाको सगठनात्मक संरचना एवं यसलदे गरेका कार्यहरु सम्बन्धी सबै पक्षीय समिक्षात्मक अनुसन्धान गरि यथार्थ स्थिति पत्ता लगाउने प्रयास गरिएको छ ।

१.४ **शोघको उद्देश्य** :- महेन्द्रनगर नगरपालिको संगठनात्मक संरचना के कस्तो किसिमको छ ? नगरपालिकाको संरचना विकेन्द्रीकरणको अबधारण अनुसार बनाउन र स्थानिय स्रोत साधनहरुको सदुपयोगमा देखा परेका समस्या समस्याहरु निरुपण गर्नुका साथसाथै यस शोघका निम्न उद्देश्यहरु हुनेछन् :-

(क) महेन्द्रनगर नगरपालिकाको आय व्यय सम्बन्धी जानकारी प्राप्त गर्नु ।

(ख) विकेन्द्रीकरणको अवधारण अनुसार नगरपालिकाले के कस्ता किसिमका कार्यहरु जनताको भावना अनुसार गर्न सफल भयो र के कति असफल हुन गयो त्यसका कारणहरु वारे यथार्थता पत्ता लगाउन ।

(ग) नगरपालिकाको संरचनामा सबै वर्गको समावेशी प्रतिनिधित्व कसरि गर्न सकन्छि भन्ने सम्बन्धमा स्थानिय पदाधिकारी, कर्मचारी, समाजसेवीहरुको चाहना विस्तृत जानकारी हासिल गर्न ।

(घ) नगरपालिकाको नितिनिर्माण लगायत अन्य निर्णयहरु गर्दा सवै पक्ष लाई समेट्ने किसिमको परम्पराको विकास गरे नगरेको सम्बन्धमा जानकारी हासिल गर्न ।

(ङ) महेन्द्रनगर नगरपालिकाको आ.व. २०४९/५० देखि आ.व. २०५३/५४ सम्मको बजेट बाडफाँड सम्बन्धि बर्षगत विवरणहरुको विवेचनात्मक अध्ययन गरि सो अवधिमा नगरपालिकाले गरेका उपलब्धिहरु र चुनौतिहरु वारे यथार्थ जानकारी हासिल गरि आवश्यक सुझावहरु प्रदान गर्नु ।

**१.५ संवद्ध साहित्यको समिक्षा** :- प्रस्तुत शोधका लागि आवश्यक अनुसन्धान क्षेत्र संग सम्वन्धित पूर्व प्रकाशित बुलेटिन, स्मारिका, लेखा रचना नगरपालिकाको कार्यक्रम एवं बजेट पुस्तिका, प्रतिवेदन आदिलाई स्रोतका रुपमा उपयोग गरि संवद्ध साहित्यको समिक्षा गरी अनुसन्धान लाई उत्कृष्ट बनाइएको छ ।

**१.६ अध्ययनको औचित्य** :- प्रस्तुत शोधको अध्ययन वाट महेन्द्रनगर नगरपालिकाको आय व्ययको सिथति के कस्तो छ ? नगरपालिकाको आर्थिक, सामाजिक, भौगोलिक, राजनीतिक, शैक्षिक एवं स्वास्थ्य सम्बन्धि स्थिति के कस्तो छ ? नगरपालिकाका कार्यशैली प्रति यहाँका राजनितिक दल, बुद्धिजिवी, समाजसेवी, कर्मचारी र नागरिकहरुको के कस्तो मनोभावना छ ? नगरपालिकाले सञ्चालन गरेका विकास निर्माणका कार्यहरु वा योजनाहरु के कति मात्रामा सफल रुपले कार्यान्वयन हुन सके ? के कति कार्यान्यवयन हुन सकेनन् ? हुन नसक्नुका कारणहरु के-के हुन, तिनीहरुको निराकरण कसरि गर्न सकन्छि ? स्रोत साधनको के कति सदुपयोग भयो र के कति दुरुपयोग भयो ? जनसहभागिता कति मात्रामा छ भन्ने कुराको खोज अनुसन्धान गर्ने आवश्यकता महशुस गरि महेन्द्रनगर नगरपालिकाको संरचनात्मक एवं कार्यहरुको एक विवेचनात्मक अध्ययन (२०४९-२०५३) शिर्षक छनौट गरि शोध, अध्ययन, अनुसन्धान, विश्लेषण गरि यस नगरपालिकाको विविध पक्षको वास्तविक झलक प्रस्तुत गर्दै उक्त शोध वाट नगरपालिकाको संरचनामा सबै वर्गको सहभागिता र उपलब्धि पूर्ण किसिमले योजनाहरुको कार्यान्वयनमा देखा परेका समस्याहरु पहिचान गरि सो को निराकरणमा सहजता ल्याउनु यस शोधको औचित्य रहेको छ ।

**१.७ शोधको अध्ययनको क्षेत्र र सिमा** :- महेन्द्रनगर नगर पालिकाको पक्षमा असर पार्ने स्थानिय निकायहरुका संरचना र कार्यहरु बारे जानकारी हुने किसिमका एवं स्रोतहरु, योजना कार्यान्वयन, उचित निर्णय, स्रोतको सदुपयोगको क्षेत्रमा सहयोग पुऱ्याउने तत्वहरु शोध गरिएको अवधिका पदाधिकारीहरु सँग अन्तर्वाता यसको अध्ययन क्षेत्र हुने छ भने यी क्रियाकलापहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव पार्ने सामाजिक, शैक्षिक, सास्कृतिक आदि क्षेत्र यसको सिमा रहेको छ ।

**१.८. सामग्री संकलन विधि** :- यस शोध पत्र तयारीका लागि निम्न किसिमले सामग्रिहरु जुटाउने प्रयास गरिएको छ ।

(क) क्षेत्र अध्ययन पद्धति
(ख) ऐतिहासिक पद्धति
(ग) पुस्तकालय पद्धति
(घ) अन्तर्वार्ता पद्धति

यी पद्धतिका आधारमा सामग्रि संकलन गरि विश्लेषणात्मक तुलनात्मक विधिवाट शोघ तयार गरिनेछ साथै तथ्याङ्कको सहायता लिइएको छ ।

**१.९ अध्ययन विश्लेषणको सैद्धान्तिक एवं ब्यावहारिक आधार** :- प्रस्तुत शोधपत्र सैद्धान्तिक आधारमा विश्लेषण गर्नुका साथसाथै व्यावहारिक आधारमा समेत अध्ययन गरिएको छ ।

**१.१० शोघको रुपरेखा** :- शोघपत्रको अध्ययनको सरलीकरणको लागि निम्न परिच्छेदमा विभाजन गरि अध्ययन गरिएको छ ।

## परिच्छेद - एक

### शोध प्रस्ताव

१.१ शोघ शीर्षक
१.२ शोघको प्रयोजन
१.३ परिचय
१.४ शोधको उद्देश्य
१.५ सम्बद्ध साहित्यको समिक्षा
१.६ अध्ययनको औचित्य
१.७ शोधको अध्ययनको क्षेत्र र सिमा
१.८ सामग्रि संकलन विधि
१.९ अध्ययन विश्लेषणका सैद्धान्तिक र ब्यावहारिक आधार
१.१० शोधपत्रको रुपरेखा

## परिच्छेद - दुई

### कञ्चनपुर जिल्ला र महेन्द्रनगर नगरपालिकाको परिचय

२.१ कञ्चनपुर जिल्लाको एक झलक
२.२ महेन्द्रनगर नगरपालिकाको ऐतिहासिक, पुष्ठभुमि, गठन, प्रारम्भिक चरणहरु
२.३ महेन्द्रनगर नगर पालिकाको वस्तु स्थिति
२.४ नगर निर्वाचन सम्बन्धी जानकारी
२.५ नगरपालिकाको कर्मचारी प्रशासनको संरचना

## परिच्छेद - तीन

### महेन्द्रनगर नगरपालिकाको आ.ब. २०५४/०५५ देखि आ.ब.०५८/०५९ विचका विकास कार्यक्रम

३.१ बर्षगत बजेट
३.२ नगर परिषद् सम्बन्धी महत्वपूर्ण जानकारीहरु
३.३ सम्पन्न योजनाहरु
३.४ जनसहभागिता

## परिच्छेद - चार

### कार्यहरुको समिक्षात्मक विवरण

४.१ प्रत्येक विभागमा लागत र उपलब्धि
४.२ अनियमितताहरु

## परिच्छेद - पाँच

### निष्कर्ष र सुझाव

५.१ सुझावहरु
५.२ निष्कर्ष

# परिच्छेद - दुई
# कञ्चनपुर जिल्ला र महेन्द्रनगर नगरपालिकाको परिचय

## २.१. कञ्चनपुर जिल्लाको एक झलक

नेपाल अधिराज्यको पश्चिम दक्षिण सिमानामा रहेका कञ्चनपुर जिल्ला सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चलमा पर्ने एकमात्र तराई जिल्ला हो । महाकाली नदि किनारामा अवस्थित यो जिल्ला काठमाण्डौं बाट ७५० किलोमिटरको दूरीमा रहेका छ। पूर्व पश्चिम राजमार्ग हुँदै भारत प्रवेश गर्ने द्वारको रुपमा अवस्थित कञ्चनपुर जिल्लाका नेपालको मानचित्रमा छुट्टै महत्व रहेको छ[1] ।

## ऐतिहासिक पृष्ठभूमि :

कञ्चनपुर जिल्लाको नामले परिचित अहिलेको भूभाग एकीकरण हुन पर्वूको वाइसे राज्य अन्तर्गत डोटी राज्यको सिमाक्षेत्रमा पर्दथ्यो । त्यस बखत कञ्चनपुर जिल्लाको छुट्टै पहिचान नरहेकोले डोटी जिल्लाको तल्लिमालको नामबाट कैलाली जिल्ला क्षेत्रभित्र समावेश थियो । अंग्रेज सँग भएको युद्ध पछि सन् १८१६ मा सुगौली सन्धी हुँदा काली पारिको सम्पूर्ण भूभाग र तराईको कतिपय भूभाग विट्रिस इन्डियामा गाभियो । सन् १८६० को प्रत्यावर्तन सन्धी पछि मात्र नयाँ मुलुकको रुपमा कञ्चनपुर समेतका चार जिल्लाको तराईखण्ड नेपालमा आवद्ध हुन पुग्यो । नेपाल अधिराज्यको अंग बने पछि कैलाली कञ्चनपुर गोश्वराबाट २०१९ सालमा मात्र कञ्चनपुर छुट्टै अस्तित्वमा आएको र २०२२ सालमा जिल्लाको सदरमुकान श्रीपुर गाउँ विकास बेलौरी बजारबाट महेन्द्रनगरमा सरी आएको हो ।

## भौगोलिक अवस्थिति :-

कञ्चनपुर जिल्लाको कूल क्षेत्रफल १६१० बर्ग किलोमिटर (१,६१,७४१ हेक्टर) रहेको छ । यस जिल्लाको पूर्वमा कैलाली र उत्तरमा डडेल्धुरा जिल्ला पर्दछन् भने पश्चिम र दक्षिणमा भारतको उत्तराञ्चल र उत्तर प्रदेश पर्दछन् । विश्व मानचित्रमा कञ्चनपुर जिल्ला २८°३२' देखि २९°८०' उत्तरी आक्षांश सम्म र ८०°३' देखि ८०°३३' पूर्व देशान्तर सम्म फैलिएको छ । समुद्र सतह देखि १६० मिटर पराशन १५२८ मिटर झलारी सम्मको उचाइमा अवस्थित यो जिल्लाको उत्तरमा चुरे पहाड, मध्यमा भावरप्रदेश र दक्षिणमा तराईको मैदानि भूभाग रहेको छ । जिल्लामा बार्षिक औसत बर्षा १७७१.५ मिलिमिटर रेकर्ड गरिए तापनि हिउँदको लामो समय प्रायः सुख्खा नै रहने गरेको छ । जिल्लाको अधिकतम तापक्रम ४३° सेल्सियस र न्यूनतम तापक्रम ३° सेल्सियस रहेको छ ।

## राजनैतिक र प्रशासनिक विभाजन :-

महाकाली अञ्चलका चार जिल्ला मध्ये कञ्चनपुर सबैभन्दा दक्षिणमा रहेका एक मात्र तराई जिल्ला हो । जिल्लाको सदरमुकाम महेन्द्रनगर रहेको छ । २०४८ सालको प्रतिनीधि सभा सदस्य निर्वाचनमा २ निर्वाचन क्षेत्र रहेको कञ्चनपुर जिल्ला लाई २०५१ सालको निर्वाचनको लागि ३ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । जिल्लामा १९ वटा गाउँ विकास समिति र १ नगरपालिका रहेका छन् । निर्वाचन क्षेत्र नं. १ मा श्रीपुर, कालिका, शंकरपुर र त्रिभुवनवस्ति रहेका

[1] कर्मचारी मिलन केन्द्र कञ्चनपुर, बार्षिक मुख-पत्र कञ्चन, बर्ष १० पूर्णाङ्क १० २०६२ असार

छन् । यसै गरी क्षेत्र नं. २ मा झलारी, देखतभूली, दैजी, पिपलाडी, बेल्डाली, रामपुर, विलासपुर, रौतेली विचवा र सुडा गाउँ विकास समिति रहेका छन् भने निर्वाचन क्षेत्र नं. ३ मा महेन्द्रनगर नगरपालिका र दोधारा र चाँदनी गाउँ विकास समिति रहेका छन् । जिला विकास समितिको गठनको लागि यस जिल्लालाई ११ वटा इलाकाहरुमा विभाजित गरिएको छ ।

**जनसंख्या :**

२०५८ सालको जनगणना अनुसार जिल्लाको कूल जनसंख्या ३,७७,८९९ रहेकोमा पुरुषको संख्या १, ९१,९१० महिलाको संख्या रहेको छ । जिल्लाको जनसंख्या वृद्धिदर बार्षिक ३.८२ रहेको छ । २०१८ तिर यस जिल्ला जनसंख्याका ३७,७३० मात्र थियो ।

जिल्लाको कूल जनसंख्या मा ४ बर्ष सम्मका बालबालिका १३.१७ प्रतिशत, ५-१४ बर्ष सम्मका २८.६३ प्रतिशत, १५-५९ बर्षका ५३.१३ प्रतिशत र ६० बर्ष माथिको जनसंख्या ५.०५ प्रतिशत देखिएको छ । नगरपालिका क्षेत्रमा बस्ने जनसंख्या २१.३९ प्रतिशत रहेको छ । जिल्लामा जम्मा घरधुरी संख्या ६०,१५८ औषत परिवार संख्या ६.२८ र जनघनत्व २३५ प्रति वर्ग किलामिटर रहेको छ ।

जातिगत प्रतिशत अनुसार जिल्लामा सबै भन्दा बढी २७.१८ प्रतिशत क्षेत्री त्यस पछि २३.३३ थारु, १५.४१ प्रतिशत ब्राह्मण, १४.४० प्रतिशत उत्पीडीत जाति, ४.५५ प्रतिशत ठकुरी, बाकी १३.१२ प्रतिशत अन्य जातिका मानिस रहेका छन् । यस सुदूरपश्चिमको पहाडी क्षेत्रबाट बसाई सरि आउनेहरुको भाषा डोटेली भाषा ७१.८ प्रतिशत र आदीवासी थारु भाषा २३.२ बोल्ने गरेका पाइन्छ ।

शुरुमा कञ्चनपुर जिलला आदीवासी थारु समुदायको बसोबास भएको जिल्ला हो । त्यसैले राना र डगौराथारुको परम्परागत संस्कृति भेषभुषा तथा रीतिरिवाज अहिले सम्म पनि कायम नै रहेको पाइनछ । माघि पर्व थारु समुदायको लोकप्रिय चाड हो भने गौरा पर्व पहाडी समुदायको लोकप्रिय पर्व हो । यसका अतिरिक्त राष्ट्रिय महत्वका दशै, तिहार, होली, शिवरात्री आदिपर्वहरु कञ्चनपुर जिल्लामा पनि उल्लास कासाथ मनाउने गरिन्छ[1] ।

**प्राकृतिक स्रोतहरु :**

कञ्चनपुर जिल्ला भएर बग्नृ महाकाली नदी जिल्लाको मूख्य अन्तर्राष्ट्रिय सिमा नदी हो । यसका अतिरिक्त जोगबुढा, चौधरा, मोहना, स्याली, बनारा, सनबोरा, दोदा आदि जिल्लाका सहायक नदीहरु  हुन् जिल्लामा झिलमिला, पुरैना, कोटीहोम, कालिकिच, रानी, सुन्देउ, तामा आदि तालतलैया रहेका छन् ।

कञ्चनपुर जिल्लको ५४.५३ प्रतिशत भूभाग वनले ढाकेको र यसै क्षेत्रमा रहेका शुक्लाफाँटा वन्यजन्तु जिल्लाको प्राकृतिक पहीचान वनेको छ । तराईको चुरे प्रदेशमा पाइने वनस्पतिका साथै बाह्रसिङ्गे मृग, बाघ, हात्ति, भालु, बानर, बदेल आदि ४६ जातिका बन्यजन्तु र ३६९ जाति प्रजातिका दुर्लभ चराचुरुङ्गीहरुको वासस्थान आरक्ष भित्र रहेका पाइन्छ ।

जिल्लाको जलस्रोत उपयोगको पर्याप्त संभावना भएता पनि कञ्चनपुर जिल्ला सुख्खाग्रस्त समस्या बाट प्रभावित छ । लामो समयको सुख्खा पछि आउने मनसुनी बर्षाले ठूलो जनधनको क्षति हुने गरेको छ [2] ।

[1] महेन्द्रनगर अन्तरसम्बन्ध त्रैमासिक बुलेटिन बर्ष १ अंक १ बैसाख - असार २०६३ म.न.न.पा कार्यालय

[2] कर्मचारी मिलन केन्द्र कञ्चनपुर, बार्षिक मुख-पत्र कञ्चन, बर्ष १० पूर्णाङ्क १० २०६२ असार

## (क) विकासका आधारशिलाहरु

### (१) यातायात :

यातायातको दृष्टिले कञ्चनपुर जिल्ला सुदूर पश्चिमको सबैभन्दा सुगम जिल्ला हो । कञ्चनपुर जिल्ला भएर जाने पूर्व पश्चिम राजमार्ग र दैजी-जोगबुढा, कलवापुर-श्रीपुर, दोधारा, चादनी सहायक मार्ग हुलाकी सडक, कृषि सडक र विभिन्न जिल्ला मार्ग समेत गरी ५३.९ किलोमिटर पक्कि ३४१ कि.मी. ग्रावेल, ५२४ कि.मी. कच्चि गरी जम्मा ९१८ किलोमिटर सडक निर्माण भएको छ । सडक सञ्जालको विस्तारबाट सवारि साधन लिई जिल्लाको लगभग सबै गाउँ विकास समितिहरुमा पुग्न सकिने स्थिति छ । पक्कि सडक भने राजमार्ग र शहरी क्षेत्रमा मात्र सीमित रहको छ । कञ्चनपुरबाट छिमेकी राष्ट्र भारतका विभिन्न शहरहरुमा छिमेकी शहरबाटै रेल तथा बस यातायातको सजिलो व्यवस्था रहेको छ । जिल्लामा हवाइमैदान भइकन पनि विमान सेवा सञ्चालन नहुनाले धनगढी र नेपालगञ्ज पुग्नुपर्ने बाध्यता रहेको छ । वाएसेविचवा र त्रिभुवन वस्ति जोड्ने गरी दोदा नदिमा निर्माणधिन पक्कि पुल बने पछि जिल्लाको सबैक्षेत्र मोटरबाटो बाट बाह्रै महिना सुचारु हुन सक्ने देखिन्छ । हाल सम्म कञ्चनपुर जिल्लामा दुई वटा झोलुङ्गे पुल निर्माण भएका र दुइवटा निर्माणधिन अवस्थामा रहेका छन् । हालै सम्पन्न महाकाली नदिमा निर्माण भएको मल्टी स्पान पेडेस्टेन सस्पेन्सन ब्रिज दक्षिण एशियाकै सबैभन्दा लामो मानिने १४५२।९३ मिटर झोलुङ्गे हो ।

### (२) सिंचाई तटबन्ध :

कञ्चनपुर जिल्लाको सिंचाई प्रमुख स्रोत महाकाली नदी हो । जिल्लाको कुल सञ्चित क्षेत्र १५,०५१ हेक्टर मध्ये महाकाली नदीबाट ११,६०० हेक्टर र अन्य १४ वटा सम्पन्न सिंचाई योजनाहरुबाट ३४५१ हे. रहेको छ । साविकमा निर्माण भएको शारदा ब्यारेजको पूर्वि नहरबाट १५० क्युसेक दोधारा चादनीका लागि ३५० क्युसेक महेन्द्रनगरको ब्रह्मदेव मण्डिबाट निकासी विन्दुको रुपमा महाकाली नदिबाट पाउने पानीको लागि तेस्रो चरणको कार्य भएमा मात्र यस जिल्लाको सिचांई सुविधामा बढोत्तरी आउन सक्ने देखिन्छ । सिंचाईको कमि तक्काल पुर्ति गर्न भूमिगत डिप ट्युवलको विस्तार भएको छ ।

जिल्लाको भूबनोटको कारणले भूक्षय र बाढीको प्रकोप यत्रतत्र देखिएको छ । महाकाली नदीको दाया किनारमा रहेका दोधरा चादनी गाउँ विकास समितिहरुको तटीय क्षेत्रमा जाइकाबाट निर्मित बाध यस क्षेत्रको महत्वपूर्ण उपलब्धी हो । यसै किसमको तटबन्ध निर्माणको माग जिल्लाका बाढी ग्रस्त सबै क्षेत्रमा रहेको छ ।

### (३) विद्युत उर्जा :

कञ्चनपुर जिल्ला विद्युतबाट लाभान्वित जनसंख्या ३८.२ प्रतिशत रहेको छ । जिल्लामा विद्युत उपयोग गर्ने ग्राहकहरुको संख्या १८,८३० र लाभान्वित जनसंख्या १,१२,९८० पुगेको छ । देखतभूली, रैकवार विचवा, परासन, लक्ष्मीपुर, शंकरपुर, बेल्डाँडी र रौतेलीविचवा अझै पनि विद्युतसेवाबाट बञ्चीत रहेका छन् । मट्टितेल, दाउरा र गोबरग्यास जस्ता वैकल्पिक उर्जाका स्रोतहरुले केही यागदान पुर्‍याएको छ । डेनमार्गको सहयोगमा निर्माण भइरहेको कञ्चनपुर विद्युतीकरण आयोजनाको काम पूरा भए पछि जिल्लाको ८० प्रतिशत जनताले विद्युतसेवा पाउने छन् ।

### (४) सुचना तथा सञ्चार :

२०२० साल देखि आरम्भ भएको सञ्चार सेवा अन्तर्गत हाल जिल्लामा टेलिफोन लाइन सुविधा लगभग ७०४६ पुगेको देखिन्छ । जिल्लाका प्रत्येक गाउँ विकास समितिमा यो सेवा विस्तार भएको पाइनछ । हाल आएर सि.डि.एम.ए. प्रविधिको तार रहित टेलिफोन सेवा विस्तारले गर्दा सो सेवा अझै फैलिन गएको पाइन्छ । जिल्लामा मोवाइल फोन र इन्टरनेट जस्तो सुविधा पनि विस्तारित हुन गएको पाइन्छ । यसका साथै सञ्चारकै क्षेत्रमा नगरपालिकाका साथसाथै प्रत्येक गाउँ विकास समितिमा हुलाक कार्यालयको स्थापना भएको पाइन्छ । हाल प्रकाशित हुने पत्र पत्रिकाको संख्या ९ छ ।

## (ख) सामाजिक आधारशीला :

### (१) शिक्षा

कञ्चनपुर जिल्लाको प्रत्येक गाउँ विकास समितिमा शैक्षिक आधारशिला विकसित भएको छ । विद्यालय तर्फ सामुदायिक र संस्थागत गरी कुल ३१७ वटा विद्यालय रहेका छन् । सामुदायिक तर्फ प्राथमिक १२५, निम्न माध्यमिक ४७, माध्यमिक ३९ र उच्च माध्यमिक ११ गरी कूल २२२ विद्यालय छन्भने संस्थागत तर्फ ५९ प्राथमिक, १७ निम्न माध्यमिक र २ उच्च माध्यमिक गरी जम्मा ९५ विद्यालय रहेका छन् । यस बाहेक २७० वटा बालविकास केन्द्रले शिक्षाको शुभारम्भ गर्न योगदान पुऱ्याएका छन् । जिलको शिक्षक विद्यार्थी अनुपात १:६६ रहेको छ ।

उच्च शिक्षा तर्फ सरकारी ५ र नीजि ९ गरी जम्मा १४ वटा क्याम्पस सञ्चालनमा रहेका र गणित र राजनीतिशास्त्रको स्नाकोत्तर तहको पढाई जिल्लामा हुदै आएको छ । यसै गरी प्राविधिक शिक्षातर्फ नीजिक्षेत्रका ९ वटा प्राविधिक शिक्षालयहरुबाट ओभरसियर, नर्स, अ.न.मी., सि.एम.ए. जस्ता जनशक्ति जिल्लामा उत्पादन हुँदै आइ राखेको छ । साथै सुदूरपश्चिमाञ्चलको विश्व विद्यालय कञ्चनपुरमा स्थापना गर्न जिल्लाले प्रतिबद्धताजनाई आवश्यक आधारशिला तयार गरेका छ । खेलकुदको क्षेत्रमा जिल्लामा कभर्डहल लगायतका पूर्वाधारहरुको विकास भएको छ । जिल्लाको कूल साक्षरता प्रतिशत ६६.५६ रहेकोमा महिला साक्षरता ५३.६१ प्रतिशत रहेको छ ।

### (२) स्वास्थ्य :

कञ्चनपुर जिल्लामा स्वास्थ्य क्षेत्रमा १०० शैय्याको अञ्चल अस्पताल - १, अञ्चल आयुर्वेद औषधालय - १, आयुर्वेद औषधालय झलारी, प्राथमिक स्वास्थ्य केन्द्र ३, स्वास्थ्य चौकी ८, उपस्वास्थ्य चौकी १० र आखा उपचार केन्द्र १ छन् । जिल्लामा उपचार हुन नसक्ने विरामीको हकमा भारतको खटीमा, पिलिभित, बरेली र दिल्ली सम्म पनि एकै दिनमा पुग्न सकिने देखिन्छ । जिल्लामा देखिएका प्रमुख स्वास्थ्य समस्याहरुमा छालाको रोग, झाडापखाला, ज्वरो, निमोनिया, इन्सेफलाइटिस र ग्यास्टिक आदि प्रमुख छन् । यस जिल्लामा सर्पको टोकाईबाट पनि धैरै मानिसको ज्यान जाने गरेको पाइनछ ।

स्वास्थ्य सुचक हरुको आधारमा हेर्दा कञ्चनपुर जिल्लामा प्रजनन दर ३.९ प्रतिशत, शिशु मुत्युदर ५० प्रतिहजार, मातृ मत्युदर ४० प्रत लाख, कुपोषित बालबालिका २५ प्रतिशत र परिवार नियोजन साधन प्रयोगदर ५० प्रतिशत रहेको छ । यस जिल्लाको औषत आयु ५८ बर्ष रहेको छ ।

**(३) आवास :**

कञ्चनपुर जिल्ला योजनाबद्ध बसोबास गराइएका जिल्लाहरु मध्ये एक जिल्ला हो । जिल्लामा मुक्त कमैयाहरुको लागि पनि प्रति परिवार पाँचकट्टा जग्गा र २०० घर परिवारको लागि पक्कि घर समेत बनाइएको छ । जिल्लामा शहरी र नगरोन्मुख क्षेत्रको व्यवर्सथित आवाज मिलाउन नगरपालकिा र नगरविकास समिति कार्यरत रही आएका छन् । तथापि आप्रवासि, सुकुम्वासी र आरक्ष विस्तापित मानिसहरुको समस्याले गर्दा शहरि तथा ग्रामिण क्षेत्रमा अव्यवस्थित बसोबासको समस्या अझै समाधान हुन सकेको छैन । यसै कारणबाट जंगल विनास गरी अतिक्रमण गर्ने समस्या समेत रहेको देखिन्छ । जिल्लामा निर्मित घरहरु मध्ये पक्कि घरहरुको संख्या १३,०७०, अर्धपक्कि घरहरुको संख्या १८,३८६ र कच्चि घरहरुको संख्या २७,९७४ रहेको छ ।

**(४) खाद्यान्न :**

कञ्चनपुर जिल्लालाई पश्चिमि तराईको मुख्य भण्डारको रुपमा लिइन्छ । यस जिल्लाको बार्षिक खाद्यान्न उत्पादन ७१,५१७ मेट्रिक टन रहेको छ । जिल्लामा खाद्य गोदामहरु निर्माण भएको र खाद्यान्न उत्पादन अविबृद्धि गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिदै आएका छन् । यस जिल्लाको आफ्नो आवश्यकता भन्दा अधिक खाद्यान्न पहाडी जिल्लाहरु तिर निर्यात गर्ने गर्दछ ।

**(५) खानेपानी तथा सरसफाई :**

खानेपानीको शहरि क्षेत्रमा खानेपानी संस्थान बाट वितरित पानी प्रयोग भए पनि गाउँ भूमिगत पानीको प्रयोग अधिक गरिएको पाइन्छ । खानेपानीको क्षेत्रमा हालसम्म नगरपालिका र गाउँ विकास समितिहरुमा २२ वटा योजना सञ्चालन भई ८५ प्रतिशत पानी जनतालाई खोनपानीको सुविधा पुगेको छ । यो मध्ये पाइपको पानी प्रयोग गर्नेको प्रतिशत ४७ र बाकि इनार, ट्युवेल, कुवा, मूल नदी, खोला र कुलो आदि हुन् । शौचालय प्रयोग गर्नेको संख्या ३५.४ प्रतिशत छ ।

**(६) सामाजिक कल्याण :**

समाज कल्याण तर्थ धार्मिक महत्वका स्थलहरुको निर्माण प्राय जिल्लाका सबै क्षेत्रमा हुदै गएको छ । यस कार्यमा सामुदायिक तथा नीजि क्षेत्रबाट समेत महत्वपूर्ण योगदान पुगेको छ ।

**(ग) आर्थिक आधारशिला :**

**(१) कृषि तथा पशु विकास**

जिल्लाको कुल भूभाग मध्ये ३८.१ प्रतिशत जमिन खेतियोग्य रहेकोमा ३६.२ प्रतिशत भूभागमा खेती हुने गरेको पाइन्छ । सो मध्ये १९.७१ प्रतिशत जमिनमा मात्र सिंचाई सुविधा उपलब्ध छ । जिल्ला धेरै ठूलो खेती योग्य जमिन सिंचाई सुविधाबाट कच्चि भएको कारणबाट उत्पादनमा कमी हुन गएको छ । जिल्लाको प्रमुख खाद्यान्न बाली धान, मकै, गहु र नगदेबालि तर्फ उखु उत्पादन प्रमुख रुपमा रहेका छन् । दलहन बालिमा अरहर, मास, मसुरो, चना आदि रहेका छन् । तेलहन बालिमा तोरी, सर्स्यौ, तिल, आलस आदि खेती हुने गरेको छ । फलफूल खेती पनि विकसित हुदै गएको छ । पशुपालन, कुखुरापालन, माछा पालन विस्तार भई रहेको छ ।

**(२) वनव्यवस्थापन :**

वन्यजन्य स्रोतको रुपमा कञ्चनपुर जिल्ला धनी मानिन्छ । बन कार्यालयबाट काठ, दाउरा लिलाम बिक्रि कार्यबाट र जडिबुटी निकाशिबाट उल्लेख्य रुपमा राजस्व आर्जन कार्य गर्दै आएको छ । हाल सामुदायिक वनको अवधारणा आए पछि वन व्यवस्थापन गर्ने क्रममा ४३ वटा सामुदायिक वन समितिहरुको भएको छ । सो मध्ये २८ वटा हस्तान्तरण भइसकेका छन् । भने १५ वटा सामुदायिक बन समतिहरुको विधान दर्ता भएको छ । जैविक प्रणालीको संरक्षण गरि जैविक विविधता कायम गर्ने उद्देश्यले सन् १९७६ मा शुक्लाफाँटा वन्यजन्तु आरक्षबाट वन, वनस्पति र वन्यजन्तुको संरक्षण र सम्बर्द्धनको लागि विभिन्न आधारशिलाहरु निर्माण हुदै आएका छन् । यसको बाबजुद पनि वन र वन्यजन्तु विनास कार्य तिव्र रुपमा भइ राखेका पाइन्छ । जसको नियन्त्रण गर्न प्रभावकारी नियन्त्रण हुनु जरुरी मानिन्छ ।

**(३) उद्योग :**

महाकाली अञ्चलका सबै जिलाहरु मध्ये कञ्चनपुर जिल्ला प्रथम स्थानमा नै आउदछ । जिल्लामा घरेलु तथा साना उद्योगहरुको बाहुल्यता पाइनछ । हाल सम्म यस जिल्लामा ८७२ वटा उद्योगहरु दर्ता भई औद्योगिक आय तथा रोजगार उपलब्ध गराई रहेको छन् । दर्ता भएका उद्योगहरुमा अधिकतम सेवा उद्योग तर्फका र अन्य कृषि तथा वन एवं दैनिक उपभोग्य वस्तु सँग सम्बन्धीत छन् । जिल्लामा उद्योग वाणिज्य संघको पहलमा व्यावसायिक आधारशिलाहरु निर्माण गर्ने कार्य हुदै आएको छ ।

**(४) पर्यटन :**

कञ्चनपुर जिल्लाको प्रमुख केन्द्र शुक्लाफाँटा वन्यजन्तु आरक्ष, नदी, तालतलैया, धार्मिक, सास्कृतिक स्थलहरु नै जिल्लाका प्रमुख आकर्षण केन्द्र हुन । पर्यटकहरुमध्ये मित्रराष्ट्र भारतबाट आउने पर्यटकहरुको संख्या अत्यधिक रहेको र तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्या न्यून नै रहेको छ । धार्मिक क्षेत्रमा सिद्धनाथ मन्दिरमा फागुन देखि जेठ सम्मभारतिय दर्शनार्थीहरुको घुइचो लाग्ने गर्दछ । यसै समयमा भारतमा लाग्ने पूर्णागीरिको दर्शन पछि फल प्राप्तीको लागि सिद्धनाथ बाबाको दर्शन गर्नुपर्ने मान्यताले गर्दा यस मन्दिरको महत्व बढेको पाइन्छ । सदरमुकाम महेन्द्रनगरमा शिवरात्रीमा मेला लाग्ने शिवधाम मन्दिर पनि आन्तरिक तथा भारतीय पर्यटकहरुको लायि विशेष धार्मिक स्थल बनेको छ ।

यसै गरी शुक्लाफाँटा बन्यजन्तु दुर्लभ जनावर र चराचुरुगीको साथै महाकाली नदीमा निर्माण हुने बाँध, विद्युत उत्पादन र कञ्चनपुर रानाथारुहरुको विशिष्ट संस्कृतिले गर्दा पर्यटकहरुको संख्या बढाउन मद्दत गरेका छ ।

**(५) व्यापार :**

कञ्चनपुर जिल्ला नेपालबाट भारत प्रवेश गर्ने द्वार भएको र पहाडी जिल्लाहरु डडेल्धुरा, बैतडी, दार्चुला इत्यादीको बजार केन्द्र भएकोले महेन्द्रनगर बजार व्यापार केन्द्रको रुपमा विकसित भएको छ । ब्रह्मदेव मण्डी भारतको बजारसँग धेरै पहिले देखि व्यापारिक सम्बन्ध भएको बजार केन्द्र हो । यसबाहेक बेलौरी बजार, झलारी बजार,

दोधाराचाँदनी, त्रिभुवनवस्ती जिल्लाका प्रमुख बजारहरु हुन् । यहाँबाट अदुवा, पिना, जडिबुटी, कृषि, पशुजन्य वस्तुहरु निकासी हुदै आएका छन् । प्रस्तावित दैजी, जोगबुढा बडर मार्गको निर्माण पूरा भए पछि कञ्चनपुर जिल्लाको व्यापारिक महत्व अझै बढेर जाने देखिन्छ ।

**(६) अर्थवित्त :**

जिल्लाको व्यापार र सरकारी कारोबारको सञ्चालन गर्ने उद्देश्यले वाणिज्य बैंक तथा वित्तिय संस्थाहरु जिल्लामा स्थापित छन् । हाल जिल्लामा नेपाल बैंकका दुई वटा, राष्ट्रिय वाणिज्य बैंकका तीनवटा, कृषि विकास बैंकका पाँचवटा, ग्रामिण विकास बैंकका र नीजिक्षेत्रबाट स्थापित ३ वटा वित्तिय संस्थाहरु छन् ।

**(७) विज्ञान र प्रविधि :**

सूचना प्रविधिको क्षेत्रमा जिल्लामा कम्प्युटर, इमेल, इन्टरनेट आदि सुविधाको विस्तार भएको छ ।

### (घ) प्रशासन तथा ब्यवस्थापन सम्बन्धी पूर्वाधार :

**(१) सरकारी कार्यालयहरु :**

कञ्चनपुर जिल्लाको निर्माण भएयता प्रशासनिक कार्यहरुको लागि सरकी कार्यालयहरुको स्थापना र सञ्चालन निरन्तर हुदै आएको छ । हाल जिल्ला र अञ्चल सदरमुकाम समेत महेन्द्रनगरमा भएको कारण केही अञ्चल स्तरीय कार्यालय पनि कञ्चनपुर जिल्लामा रहेका छन् ।

**(२) गैरसरकारी संघसंस्थाहरु :**

जिल्लामा गैरसरकारी क्षेत्रका साथै सामुदायिक एवं नीजि प्रकृतिका कार्यालयहरुको संस्या पनि निरन्तर बृद्धि गएको पाइन्छ । हाल गैरसरकारी संस्थाहरुको महासंघमा दर्ता भएका संस्थाहरुको संख्या १४६, सामुदायिक संख्या ३०० र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको समेत कार्यरत रहेका छन् । यी संस्थाहरु समेतको सहभागितामा विभिन्न बिषयगत कार्यक्रम अनुसार उपभोक्ता समितिहरु गठन भई मानवीय, आर्थिक तथा भौतिक आधारशिलाहरुको निर्माणमा उल्लेखनीय योगदान पु¥याएको पाइन्छ ।

**(३) विकास अपेक्षा :**

विकासका आधारशिलाहरुको निर्माण बाट सार्वजनिक सेवा सुविधामा विस्तार हुदै आएको छ । जिल्लामा उपलब्ध प्राकृतिक स्रोतको उपयोग गरी जनताको आधिकाधिक आवश्यकता परिपूर्ति गर्नेचुनौती विद्यमान रहेका छन् । यसमा विकास सरोकारवाला सबैको सहभागिता, प्रतिबद्धता र निरन्तरताको आवश्यकता रहेको छ ।

## २.२ महेन्द्रनगर नगरपालिको ऐतिहासिक पृष्ठभूमि, गठन :

विकेन्द्रकरणको माध्यमबाट जनतालाई शासनप्रकृयामा सहभागी हुने अवसर जुटाई, स्थानिय नागरिकहरुको सल्लाह र सहमती अनुसार उनीहरुकै सक्रियतामा नै सो क्षेत्रको स्रोत साधानको अधिकांधिक मात्रामा सदुपयोग हुन सकोस भन्ने उद्देश्यले स्थानीय निकायहरुको संस्थागत विकास गर्न नेपाल अधिराज्यको संविधान २०४७ अनुसरा निर्मित नगरपालिका ऐन

२०४८ अनुसार विगतको पञ्चायति शासन व्यवस्थापनमा रहेको नगर पञ्चायत र नयाँ शिश्चित मापदण्डहरु पूरा गर्ने गरी पूर्वाधार भएका शहरी क्षेत्रहरुलाई नगरपालिकाको रुपमा विकसित गर्दै आएको पाइन्छ ।

सयमक्रम विकास हुदै जादा स्थानिय निकायहरुलाई विकेन्द्रकरण माध्यमबाट अझ शसक्त एवं संस्थागत किसिमले विकास गर्नको लागि स्थानिय स्तरको योजनाहरु तर्जुमा र सञ्चालन गरी जवाफदेहीता बहन गर्न सक्ने स्थानिय निकायहरु थप अधिकार प्रदान गर्न स्थानिय स्वायत्त शासन ऐन २०५५ को तर्जुमा गरियो ।

कुनै पनि तपसिल अनुसारका पूर्वाधारहरुको विकास भएका क्षेत्रलाई सरकारले चार किल्ला खोली नगरपालिका घोषणा गर्न सक्ने प्रावधान नेपाल नगरपालिका ऐन २०४८ मा राखिएको छ । पछि आएर नगर पालिको बार्षिक आय, जनसंख्या लगायतका अन्य आधारहरु बाट नगरपालिकाहरुलाई निम्न तीन भागमा विभाजन गरेको पाइन्छ ।

**(क) नगरपालिका :**

कम्तिमा बीसहजार जनसंख्या न्यूनतम पचासलाख रुपैया बार्षिक आयस्रोत तथा विद्युत, सडक, खानेपानी, सञ्चार तथा अन्य त्यस्तै न्यूनतम शहरी सुविधा भएको अर्धशहरी क्षेत्र तर पहाडी र हिमाली क्षेत्रमा सडक सुविधा नभए तापनि कम्तिमा दश हजार जनसंख्या र न्यूनतम पाच लाख रुपैया बार्षिक आयस्रोत भए पुग्नेछ ।

**(ख) उपमहानगरपालिका :**

कम्तिमा एकलाख जनसंख्या भएको न्यूनतम १० करोड रुपैया बार्षिक आयस्रोत भएको, विद्युत, खानेपानी, सञ्चारको सुविधा भएको नगरको प्रमुख सडक समेत पक्कि भइ सकेको उच्च स्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको सुविधा भएको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलकुद कार्यक्रमका लागि सामान्य व्यवस्था भएको सार्वजनिक उद्यानहरु र नगर सभागृहहरुको व्यवस्था भएको र अन्य त्यस्तै आवश्यक शहरी सुविधा भएको साथै नगरपालिका भई सकेको हुनु पर्नेछ । हाल नेपालमा विराटनगर, पोखरा, ललितपुर र विरगञ्ज यपमहानगर पालिका रुपमा रहेको छन् [1]।

**(ग) महानगरपालिका :**

कम्तिमा तीनलाख जनसंख्या भएको, न्यूनतम ४० करोड बार्षिक आयस्रोत भइ विद्युत, खानेपानी, सञ्चारको सुविधा भएको नगरको प्रमुख सडकको साथसाथै शाखा सडकहरु समेत पक्कि भएको स्वास्थ्य सेवा सम्बन्धी विशिष्ट प्रकृतिको सेवा उपलब्ध भएको, अन्तर्राष्ट्रिय खेलकुद कार्यक्रमको लागि आवश्यक पूर्वाधार भएको, उच्च शिक्षाको लागि विभिन्न बिषयहरुमा पर्याप्त अवसरहरु भएको कम्तिमा एउटा विश्वविद्यालय स्थापना हुनुको साथै अन्य सबै पर्याप्त शहरी सुविधा भएको र उपमहानगरपालिकाका भई सकेको । हाल राजधानी काठमाण्डौं मात्रै महानगर पालिका रहेको छ ।

एउटा कुनै नगरपालिकाको बारेमा विस्तृत अध्ययन गर्दा नेपाल सबै नगरपालिका नाममा उल्लेख गर्ने उपयुक्त महसुश गरी नेपालमा हाल सम्म भएका नगरपालिकाहरुको नामावली यस प्रकार छन् :

(१) अमरगढी नगरपालिका, डडेल्धुरा

---

[1] कृष्ण पोखरेल : नेपालको सरकार केन्द्रिय र स्थानीय

(२) इटहरी नगरपालिका, सुनसरी
(३) इनरुवा नगरपालिका सुनसरी
(४) इलाम नगरपालिका इलाम
(५) कमलामाई नगरपालिका सिन्धुली
(६) कपिलवस्तु नगरपालिका कपिलवस्तु
(७) कलैया नगरपालिका बारा
(८) काठमाण्डौं महानगरपालिका, काठमाण्डौं
(९) किर्तिपुर नगरपालिका काडमाण्डौं
(१०) खाँदवारी नगरपालिका संखुवासभा
(११) गुलरिया नगरपालिका बर्दिया
(१२) गौर नगरपालिका रौतहट
(१३) जनकपुर नगरपालिका धनुषा
(१४) जलेश्वर नगरपालिका महोत्तरी
(१५) टिकापुर नगरपालिका कैलाली
(१६) तानसेन नगरपालिका पाल्पा
(१७) तुलसीपुर नगरपालिका दाङ
(१८) दमक नगरपालिका झापा
(१९) दशरथ चन्द नगरपालिका बैतडी
(२०) दिपायल सिलगढी नगरपालिका डोटी
(२१) धनकुटा नगरपालिका धनकुटा
(२२) धनगढी नगरपालिका कैलाली
(२३) धरान नगरपालिका सुनसरी
(२४) धुलिखेल नगरपालिका काभ्रे
(२५) नारायण नगरपालिका दैलेख
(२६) नेपालगञ्ज नगरपालिका बाके
(२७) पृथ्वीनारायण नगरपालिका गोरखा
(२८) पनौती नगरपालिका काभ्रे
(२९) पोखरा उपमहानगरपालिका पोखरा कास्की
(३०) पुतलीनगर नगरपालिका स्याङ्जा
(३१) बनेपा नगरपालिका काभ्रे
(३२) बाग्लुङ नगरपालिका  बाग्लुङ
(३३) विदुर नगरपालिका नुवाकोट
(३४) विरगञ्ज उपमहानगरपालिका पर्सा
(३५) विराटनगर उपमहानगरपालिका मोरङ
(३६) विरेन्द्रनगर नगरपालिका सुर्खेत
(३७) बुटवल नगरपालिका रुपन्देही
(३८) ब्यास नगरपालिका तनहु
(३९) भक्तपुर नगरपालिका भक्तपुर
(४०) भद्रपुर नगरपालिका झापा
(४१) भरतपुर नगरपालिका चितवन
(४२) भिमेश्वर नगरपालिका दोलखा
(४३) मंगलवा नगरपालिका सर्लाही

(४४) मध्यपुर ठीमी नगरपालिका भक्तपुर
(४५) महेन्द्रनगर नगरपालिका कञ्चनपुर
(४६) मेचिनगर नगरपालिका झापा
(४७) रत्ननगर नगरपालिका चितवन
(४८) राजविराज नगरपालिका सप्तरी
(४९) रामग्राम नगरपालिका नवलपरासी
(५०) ललितपुर उपमहानगर पालिका ललितपुर
(५१) लाहान नगरपालिका सिरहा
(५२) लेखनाथ नगरपालिका कास्की
(५३) बालिङ नगरपालिका स्याङ्जा
(५४) सिरहा नगरपालिका सिरहा
(५५) सिद्धार्थ नगरपालिका रुपन्देही
(५६) हेटौडा नगरपालिका मकवानपुर
(५७) त्रिभुवन नगरपालिका दाङ
(५८) त्रियुगा नगरपालिका उदयपुर[1]

**ऐतिहासिक पृष्ठभूमि :**

यसै क्रममा सुदूरपश्चिमाञ्चलक विकास क्षेत्रको महाकाली अञ्चलको एक मात्र तराई जिल्ला कञ्चनपुरको सदुरमुकामको रुपमा रहेको महेन्द्रनगरनगर क्षेत्र लाई २०३४ सालमा भुजेला, शिद्धनाथ र आर्दश महेन्द्रनगर गाउँ पञ्चायतका सम्पूर्ण क्षेत्र र सुडा र ऐरी गाउँ पञ्चायतको आंशिक भूभाग मिलाई महेन्द्रनगर नगरपालिकाका रुपमा स्थापना गरिएको थियो । हाल १९ वटा वडामा विभाजित यस नगरपालिकाको गठन हुन अगावै वि.सं. २०२० सालमा नै हालका ४,५१५ र १८ नं. वडाका केही भूभाग समेटेर नगर निर्माण समिति गठन गरिएका थियो । तिनै भूभागहरुलाई शहरीकरण गर्ने उद्देश्यले २०३३ सालमा नगरनिर्माण समितिको गठन गरियो ।

महेन्द्रनगर नामाकरण गर्नु पूर्व यस बजारक्षेत्रलाई घुसुडी बजार भनिन्थ्यो भने ब्यापारिक हिसाबले हालको वडा नं. ९ को ब्रहमदेव मण्डी बाट यो जिल्लाको व्यापारिक गतिविधि चल्दथ्यो । पछि ब्रहमदेवबाट हालको मुख्यबजार महेन्द्रनगर तर्फ बजार विस्तार हुदै आयो । नेपालको विभिन्न क्षेत्रबाट खास गरेर सुदूर पशिचमाञ्चल विकास क्षेत्रको पहाडी जिल्लाहरुबाट रोजगार तथा व्यापारका सिलसिलामा र भारत तर्फ जाने नाका रुपमा पनि विकसित हुन पुगेको यो नगरपालिकाको हाल तिव्ररुपले वस्ति विकास हुदै आएको छ । आदीवासी जनजातीसमुदायको उल्लेख्य सहभागिता रहको यस बस्ति विकास सँग सँगै पहाडी जिल्लाहरुबाट बसाई सराई आएको क्रतिव्ररुपमा बृद्धि भएको छ ।

महाकाली अञ्चल र कञ्चनपुर जिल्लाको सदरमुकाम समेत भएको यो जिल्लाको महेन्द्रनगर नगरपालिकाका नेपालकै प्रमुख नगरपालिकाहरु मध्ये एक मानिन्छ । आयस्रोत, सडक, विजुली, सञ्चार जनसंख्या सबै पूर्वाधारहरु यसमा समुचित मात्रामा रहेका छन् ।

**गठनः**

नगरपालिका २०४८ र स्थानिय निकाय निर्वाचन अध्यादेश २०५४ अनुसार तोकिएको नगरक्षेत्रमा बसोबास गर्ने प्रचलित कानुन बमोजिम मतदान हुने योग्यता पुगेका नेपाली

---

[1] म.न.नगरपालिका बस्तुस्थिति २०६२

नागरिकहरुले निर्वाचन गरी पठाएका एक जना प्रमुख, एक जना उपप्रमुख, प्रत्येक वार्डवाट एक जनाको दरले बडाध्यक्षहरु, नगरपरिषदका सदस्यहरु मध्येबाट एक जना महिला सहित नगरपालिका द्वारा मनोनित दुई जना सदस्यहरु मिलेर नगरपालिका वोर्डको गठन हुने व्यवस्था गरिएको पाइन्छ ।

नगरपालिका एउटा छुट्टै अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हो । यसको आफ्नै छुट्टै छाप हुनेछ । यसले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न र बेचविखन गर्न सक्दछ । यसले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर गर्न सक्नेछ [१]।

## सदस्यको चाहिने योग्यता :

नगरपालिकाको सदस्यतामा निर्वाचित हुन मनोनित हुन देहाय बमोजिमको योग्यता हुनु पर्ने छ ।

(क) नेपाली नागरिक भएको ।

(ख) एक्काइस बर्ष उमेर पूरा भएको र प्रचलित कानुन बमोजिम मतदान हुन योग्यता पुगेको ।

(ग) नगर पालिकालाई बुझाउनु पर्ने नगदी वा जिन्सी बुझाई सकेको

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको तर असुली भएको प्रमाण पेश गरेको खण्डमा लागू हुने छैन ।

(ङ) नगरपालिकासँग ठेक्का पट्टा वा चल अचल सम्बन्धी व्यवहारमा कुनै किसिमको नीजि स्वार्थ नभएको ।

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको भए त्यस्तो सजाय भुक्तान गरेको तीन बर्ष व्यतित भएको ।

(छ) अन्य प्रचलित कानूनले अयोग्य नठहरिएको ।

## सदस्यता कायम नरहने :

देहायको अवस्थामा नगर पालिको सदस्यको सदस्यता कायम रहने छैन :

(क) उपर्युक्त बमोजिमको योग्यता नभएमा ।

(ख) आफू बसोबास गरी आएको वडा वा सोको भाग सम्बन्धीत नगरक्षेत्र बाट झिकिएको वा अन्य कुनै गाउँ क्षेत्र र नगर क्षेत्रमा गाभिएमा ।

(ग) जिल्ला विकास समितिको सभापति उपसभापति, सदस्यको पदमा निर्वाचित भएमा वा जिल्ला परिषद्को सदस्यमा मनोनित भएमा ।

(घ) प्रतिनिधी सभा र राष्ट्रिय सभाको सदस्य पदमा निर्वाचित भएमा वा राष्ट्रिय सभाको सदस्यमा मनोनित भएमा ।

(ङ) मनासिव माफिकको सूचना नदिई लगाता तीन पटक सम्म नगरपालिकाको बैठकमा अनुपस्थित भएमा ।

(च) प्रचलित कानून बमोजिम भष्टाचारको अभियोगमा वा नैतिक पतन देखिने फैजदारी अभियोग वा तीनबर्ष भन्दा बढी कैद सजाय हुने फौजदारी अभियोगमा सजाय पाएमा ।

(छ) पदावधी समाप्त भएमा ।

(ज) आफ्नो पदवाट राजिनामा दिएमा ।

(झ) मृत्यु भएमा ।

---

[1] स्रोत : म.न.पा.वस्तुस्थिति २०६२

**प्रारम्भीक चरणहरु :**

महेन्द्रनगर नगरपालिका क्षेत्र २०२० सालमा नगर निर्माण समिति २०२३ सालमा नगर विकास समिति हुदै  २०३४ सालमा तत्कालिन नगर पञ्चायतको रुपमा औपचारिक रुपले स्थापना भएता पनि यसले उद्देश्य अनुसारका र्या सञ्चालन गर्न सकेको देखिदैन । देखावटी रुपमा पञ्चायति सरकारले नगर पञ्चायत घोषणा गरेता पनि सो समयमा जनभावना अनुसार शासन सञ्चालनको परिपाटीको विकास नै नभएको कारणले गर्दा कुनै खास उपलब्धी हासिल गर्न सकेको देखिदैन । नेपालको संविधान २०१९ ले दलिय व्यवस्था माथि प्रतिबन्ध लगाएकोले दलिय प्रतिस्पर्धा त्यतिवेला थिएत । केही निश्चित पञ्चायति शासनका उदारवादी व्यक्तिहरु बीच राजनीति केन्द्रीत थियो । सामान्य जनमानसमा त्यतिवेला राजनिती प्रंति त्यति चासो पनि थिएन । स्रोत साधनको अपर्याप्तताका साथसाथै समुचित सहभागिता समेत नहुने भएको कारणले गर्दा नेपाल अधिराज्य भरिका अन्य नगर पालिकाहरु जस्तै यस नगर पालिकाले पनि गर्नु पर्ने जति विकास गर्न सकेन ।

ऐतिहासिक जनआन्दोलन २०४६ मा यस महेन्द्रनगर क्षेत्रले पनि उल्लेखनीय योगदान पु¥यायो । जसको स्वरुप निरंकुश पञ्चायति व्यवस्था परास्त भयो र नेपालमा बहुदलिय प्रजातान्त्रिक शासन व्यवस्थाको सुत्रपात भयो र नेपाल अधिराज्यको संविधान २०४७ लागू भयो । यस संविधानमा विकेन्द्रीकरण लाई प्रजातन्त्रको एक आधारशिलाको रुपमा मानेर स्थानिय सरकारको अवधारणलाई स्वीकार गरी सोही अनुसार कानूनहरु निर्माण जस अनुसार स्थानिय निर्वाचन २०४९ अनुसार यस नगरपालिकाका पनि स्थानिय निर्वाचन सम्पन्न भयो जसबाट एउटा महत्वपूर्ण कदम मान्न सकिन्छ ।

## २.३ महेन्द्रनगर नगरपालिकाको वस्तुस्थिति :

### २.३.१ भौगोलिक स्थिति :

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र महाकाली अञ्चलको कञ्चनपुर जिल्लाको सदरमुकामको रुपमा रहेको महेन्द्रनगर नगर पालिकाको विविध पक्ष सम्बन्धी यथार्थ वस्तुस्थिति उल्लेख गर्न आवश्यक हुँदा संक्षिप्त रुपमा उपलब्ध भए सम्मको स्थिति प्रस्तुत गरिएको छ ।

महेन्द्रनगर नगरपालिका २८°५२' उत्तरी अक्षांस देखि २९°०८ उत्तरी अक्षांस सम्म र ८०°६" पूर्वी देशासन्तर ८०°१४.५" पूर्वी देशान्तर सम्म फैलिएको छ । यस नगरपालिकाको भूभाग समद्री सतहबाट १०० मिटर देखि १००० मिटर सम्मको उचाईमा फैलिएको छ । यस नगर पालिकाको कूल क्षेत्रफल १९६.५ वर्ग किलोमिटर रहेको छ । यस नगरपालिका क्षेत्रमा उष्ण र उपोष्ण हावापानी पाइन्छ । बार्षिक बर्षा सरदर १५.७५ मि.मि. रेकर्ड गरिएको पाइन्छ । यहाको अभिकतम तापक्रम ४३° सेलिसियस र न्यनतम ६९६° सेल्सियस रहेको छ । यस नगरपालिका कूल भूभागको ६१ प्रतिशत तराई र ३९ प्रतिशत पहाडी भूभाग रहेको पाइन्छ ।

नगरपालिकाको कुल क्षेत्रफलको ३९ प्रतिशत भूभाग पहाडी क्षेत्र चुरे पहाड क्षेत्रमा पर्दछ । त्यस क्षेत्रमा नरम चट्टान भएको माटो पाइन्छ भने तराई भागमा राजमार्गको उत्तर तर्फ बलौटे माटो भेटिन्छ । यसै गरी राजमार्गको दक्षिणी भागमा चिम्टाइलो भेटिन्छ र महाकाली नदी वरपरको क्षेत्रमा पागो माटो पाइनछ । नगरपालिकाका १, २, ३, ७, ८, ९, १०, १८, र १९ वडाका आंशिक क्षेत्रहरुलाई प्राकृतिक हिसावले भूक्षय हुन सक्ने सम्भावित क्षेत्रहरुको रुपमा लिइएको पाइन्छ । मानिसहरुको अत्यधिक बसाई सराई, वनविनाशको

चाप, अनियन्त्रीत डढेलो तथा अब्यवस्थित ढंगले ढुङ्गा तथा बालुवा झिक्ने आदि कारणले भूक्षय हुन सक्ने सम्भावनालाई औंल्याएको हो ।

**जलभण्डार :**

यस क्षेत्रको जलस्रोतको भण्डारको रुपमा भूमिगत जलस्रोत र अन्य स्रोतमा महाकाली नदी तथा वडा नं. ९ अवस्थित प्राकृतिक ताल झिलमिलालाई लिन सकिन्छ भने वडा नं. १ का अन्य स-साना ताल लाई पनि जलस्रोतको रुपमा उपयभोग गरी राखिएको छ ।

**२.३.२ जनसंख्या विवरण :**

महेन्द्रनगर नगरपालिकाको कूल जनसंख्या (केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय जनगणना २०५८ अनुसार) ८०,८३९ रहेको छ । जसमध्ये पुरुषको संख्या ४१२३२ अर्थात ५१ प्रतिशत रहेको छ । यहाको जम्मा घरधुरी संख्या १३,७३८ औषत परिवार संख्या ५.८८, औसत आयु ६१.५६, जनघनत्व ४११.३९ प्रति वर्ग किलोमिटर, जनसंख्या बृद्धिदर ३.९१ रहेको पाइन्छ । यस नगरपालिकामा कुल जनसंख्याको १.४५ प्रतिशत र्थात ११६७ विदेशीहरुको संख्या देखिन्छ । तथ्याङ्कले जनाए अनुसार सम्पूर्ण विदेशीहरु भारतीय रहेका छन् । नगरपालिकामा शारीरिक अपांगहरुको संख्या ३१८ अर्थात ०.३९ प्रतिशत रहेको छ । जसमध्ये १०७ शारीरिक, ६३ अन्धा ८४ बहीरा, २१ सुस्त मस्थिति र २१ बहुअपांग रहेका छन् । यस नगरपालिकामा विवाहको औसत उमेर महिला २० बर्ष र पुरुष २१ बर्ष रहेको पाइन्छ ।

नगरक्षेत्रमा बसोबास गर्ने कूल जनसंख्या मध्ये ९८ प्रतशत हिन्दू धर्मावलम्वीहरु रहेका छन् भने अन्य मान्नेहरुमा बौद्ध, इस्लाम, किराँत, जैन, किश्चियन, शिख आदि २ प्रतिशत रहेका छन् । मातृभाषाका रुपमा बोलिने भाषाहरुमा ८८.८६ प्रतिशत नेपाली भाषा बोल्ने छन् भने थारु भाषा बोल्ने ७.६७ प्रतिशत र अन्य भाषा बोल्ने मानिसहरुको संख्उया ३.४७ प्रतिशत रहेको पाइन्छ ।

जातपातको आधारमा जनसंख्याको बर्गीकरण गर्दा निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

**जनसंख्या प्रतिशत**

ब्राह्मण २५.४१
क्षेत्री ३३.३४
थारु ७.०६
ठकुरी ७.३६
उत्पीडीत ११.७१
अन्य १५.१३

**२.३.३ शहरीकरण स्वरुप :**

यस महेन्द्रनगर नगरपालिका क्षेत्र भित्र रहेका वडाहरु मध्ये अधिकांश वडाहरु ग्रामिण प्रकृतिका रहेका छन् भने केही मात्र शहर क्षेत्र भित्र पर्दछन् । खासगरी वडा नं. ४, ६, १८ का क्षेत्रहरु शहरी क्षेत्रमा पर्दछन् भने प्राप्त सेवा र सुविधाका आधारमा केही वस्तिहरु जस्तै वडा नं. ९ को ब्रहमदेव र वडा नं. १३ को पिपरैया चोक आदि वस्तिहरु शहरीकरणको दिसातिर अगाडी बढी रहेका छन् । महेन्द्रनगर बजार क्षेत्रको विकास पनि विस्तारै हुदै गएको छ । नगरपालिकाको बजारक्षेत्रमा भवन निर्माण गरी आफ्नै संरक्षणमा भाडामा दिई आएको पनि पाइन्छ । नगर

पालिकाको ५८.९४ प्रतिशत क्षेत्र ग्रामिण क्षेत्र रहेको पाइन्छ भने जम्मा २.५ प्रतिशत क्षेत्र मात्र शहरी क्षेत्र रहेका छन् । यस भन्दा बाकी जंगलक्षेत्र ३९.०१ प्रतिशत रहेको पाइन्छ ।

## २.३.४ अर्थ व्यवस्था

नगरपालिका क्षेत्र भनिएपनि अधिकांश भूभाग ग्रामिण प्रकृतिको हुनाले यस क्षेत्रको अर्थतन्त्रको ठूलो हिस्सा कृषि मा नै निर्भर रहेको पाइन्छ । यस नगरपालिका क्षेत्रका लगभग ८० प्रतिशत जनता कृषिमा संलग्न रहेका छन् । यहाँ प्रमुख रुपमा धान, गहु, दलहन र तरकारी जस्ता परम्परागत खेती नै गरिन्छ । बाकी २० प्रतिशत जनता मात्र व्यापार, उद्योग, नोकरी र वैदेशीक रोजगारीमा संलग्न रहेका पाइन्छन् । अधिक जनता कृषिमा आधारित भएतापनि बर्ष भरि खाद्यान्न पुग्ने जनसंख्या ६५.६१ प्रतिशत मात्र रहेको छ ।

अधिकांश जनता कृषिमा आश्रित भएतापनि केही मात्रामा भएतापनि स्थानिय स्तरमा घरेलु तथा साना उद्योगहरु सञ्चालन भएका छन् । उपलब्ध स्थानिय कच्चापदार्थहरुमा आधारित उद्योगहरु काठ सम्बन्धी उद्योगहरु लगायतका अन्य किसिमका समेत तपसिल बमोजिम उद्योगहरु रहेका छन् :

| सि.नं. | उद्योगको विवरण | दर्ता संख्या | चालु संख्या |
|---|---|---|---|
| १ | फर्निचर | ७९ | ४८ |
| २ | कुटाई पसिाई | १६० | ११५ |
| ३ | बर्कसफ | ८८ | ५३ |
| ४ | इटा | ११ | ६ |
| ५ | स:मिल | ७ | ७ |
| ६ | इटा | १६ | ० |
| ७ | कपडा | २ | ० |
| ८ | खाण्डसारी | २३ | ३ |
| ९ | होजयारी | २० | ५ |
| १० | सिमेन्ट टाइल, ह्येम पाइप | २५ | १ |
| ११ | मैन वत्ति, अगरवत्ति | ८ | १ |
| १२ | आइसक्रिम, साडालेमन | ५ | ० |
| १३ | भेनियर कथ्था | ४८ | २८ |
| १४ | परामर्श सेवा | ३७ | ३ |
| १५ | गलैचा | ४८ | १५ |
| १६ | पाउरोटी, दालमोठ | ३१ | ७ |
| १७ | कृषिमा आधारित | ४४ | ३७ |

| | | | |
|---|---|---|---|
| १८ | धातुमा आधारित | ४५ | २३ |
| १९ | होटेल | ३७ | २७ |
| २० | छापाखाना | ६६ | ३१ |
| २१ | सिलाई गारमेन्ट | ७८ | |
| २२ | विविध | | |
| **जम्मा** | | ८७८ | ४३७ |

## २.३.५ पर्यटकीय क्षेत्र :

धार्मिक पुरातात्विक एवं पर्यटकीय हिसावले महेन्द्रनगर न.पा. क्षेत्र भित्रका केही स्थानहरु लोकप्रिय रहदै आएका छन् । सिद्धनाथ मन्दिर, वैजनाथ मन्दिर रौटेला, साकेतधाम वडा नं. ३ शिवधाम वडा नं. ४ याहाका शक्तिपिठका रुपमा प्रख्यात छन् । यी मन्दिरहरुमा बिशेष चाडपर्वको दिन ठूलो मेला लाग्नुका साथै स्वदेशी तगा विदेशी दर्शनार्थीहरु हजारौको संख्यामा आउने गर्दछन् ।

शुक्लाफाटा वन्यजन्तु आरक्ष पनि यस क्षेत्रको एउटा महत्वपूर्ण पर्यटकिय स्थल हो । यहा बारसिंगे, गैडा, हात्ति, बाघ, चितुवा लगायतका दर्जनौ वन्यजन्तुहरु र सयौ संख्यामा महत्वपूर्ण चराहरु पाइन्छन् । त्यस्तै गरी महेनद्रनगर न.पा. वडा नं. ९ स्थित झिलमिला ताल पनि एउटा आकर्षणको केन्द्र विन्दु रहन गएको पाइन्छ । यहा बर्षेनी हजारौं पर्यटकहरु आउने गर्दछन् , यस तालको राम्रो संरक्षण गरी व्यवस्थितगर्न सकेको खण्डमा यसबाट राम्रो आय आर्जन हुन सक्ने देखिन्छ ।

## २.३.६ चाडपर्व :

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका सबै क्षेत्रमा मनाउने गौरा पर्व यस नगरपालिकाका अधिकांश मानिसहरुले मनाउने गर्दछन् । यस पर्वमा डेउडा खेल वडो धुमधाम संग मनाइने गर्दछ । महेन्द्रंनगर बजारमैं पनि धुमधाम संग डेउडा प्रतियोगिता हुने गरेको पाइन्छ । यसका साथै थारु समुदायका मानिसहरु माघि लाई आफ्नो प्रमुख चाडको रुपमा मनाइन्छ । यसको अतिरिक्त होली, तिज, लगायतका चाडपर्वहरु पनि यस न.पा. मा मनाइन्छ ।

## २.३.७ भौतिक तथा सार्वजनिक पूर्वाधार :

### (क) सडक यातायात

पूर्व पश्चिम राजमार्गले दुई भागमा विभाजन गरेको यस नगरपालिकामा उक्त राजमार्गको कूल लम्बाई मध्ये लगभग ८ किलोमिटर पर्दछ । त्यसको अलावा नगरक्षेत्रमा कालो पत्रे गरिएको भागको लम्बाई १३ किलोमिटर रहेको छ भने करिव १०३ किलोमिटर ग्रावेल सडक नगरपालिका भित्रका विभिन्न क्षेत्रहरु जोड्ने गरी निर्माण गरिएका छन् । त्यसै गरी स्थानिय बजार र अन्य गाउ विकास समितिहरुमा आवत जावत गर्ने साधानहरुमा बस, जिप, रिक्सा, टेम्पो सञ्चालित छन् भने अधिराज्यको प्रमुख शहरहरु सम्म पुग्नको लागि दैनिक बससेवा पनि सञ्चालन भएको पाइन्छ । हवाई यातायातको लागि वडा नं. १६ मझगाउमा एयरपोर्टको व्यवस्था भएत पनि विविध कारले गर्दा सञ्चालन हुन सकेको छैन ।

### (ख) सञ्चार प्रणाली

यो जिल्ला महाकाली अञ्चलका एवं जिल्लाहरु सबै भन्दा सञ्चार सुविधा भएको जिल्ला मानिन्छ । महेन्द्रनगरका साथसाथै ब्रहमदेवमा पनि टेलिफोन सेवा पर्याप्त छ भने अन्य सबै ग्रामिण क्षेत्रहरुमा पनि विस्तारै यो सुविधाको विस्तार हुदै गइ राखेकी नगरपालिकाको सञ्चारको सुविधा तपसिल अनुसार स्पष्ट पार्न सकिन्छ ।

| | |
|---|---|
| वितरित टेलिफोन लाइन | ३३२० |
| इन्टरनेट सुविधा प्रदायक संख्या | २ |
| ,, ,, सरकारी | १ |
| जिल्ला हुलाक कार्यालय | १ |
| इलाका हुलाक कार्यालय | १ |
| एफ एम रेडियो | २ |
| पत्र पत्रिका संख्या | ५९ |

### (ग) विद्युत

विद्युत वितरणको क्षेत्रमा पनि यस नगरपालिकाको उल्लेखनिय उपलब्धी हासिल गरेको पाइन्छ । नगरपालिकाको केही छेउछाउको क्षेत्र बाकी रहेता पनि अधिकांश भूभागमा विद्युत सेवा पुगेको पाइन्छ । केही समय देखि नेपाल विद्युत प्राधीकरण र महेन्द्रनगर नगरपालिकाको सहयोगको विद्युत विस्तारमा ठूलो प्राधिकरण र महेन्द्रनगर नगरपालिकाको सहयोगमा विद्युत विस्तारमा ठूलो उपलब्धी हासिल भएको छ । हाल सम्म नगरपालिकामा विद्युत सेवा उपयोग गर्ने ग्राहक संख्या ८७५९ रहेको छ भने सडक वत्तिको संख्या ८८० रहेको छ ।

### (घ) खानेपानी :

महेन्द्रनगर नगरपालिकाको अधिकांश खानेपानीको व्यवस्था भूमिगत जलबाट भएको पाइन्छ । भूमिगत जलस्रोत उपयोग गरी न.पा. भित्र नेपाल खानेपानी संस्थानले संस्थागत रुपमा खानेपानीको व्यवस्था गरेको छ भने आवश्यकता अनुसार घरपरिवारमा व्यक्तिगत एवं संस्थानकै तर्फबाट पनि ह्याण्ड पम्पहरुको व्यवस्था गरी खानेपानीको आपूर्ति गरिएको पाइन्छ । नगरपालिकाको उत्तरि पहाडी क्षेत्रमा भने पहाडमा फुट्ने मलहरुलाई पनि खानेपानीको स्रोतको रुपमा प्रयोग गरिएको पाइन्छ । हालका दिनहरुमा नगर पालिकाको केही क्षेत्रमा आर्सिनिक युक्त पानी समेत पाइएको छ । नगरपालिकाको खानेपानीको खानेपानीको स्थिति न्मिन अनुसार वितरित छ :

| | (घरधुरीमा) |
|---|---|
| धारा पाइप | ३६४३ |
| इनार | ६०२ |
| ट्युवेल | ७९०३ |
| कुवा | ६०१ |
| अन्य | ९२७ |

### (ङ) शैक्षिक स्थिति :

महाकाली अञ्चल कञ्चनपुर जिल्लाको सदरमुकामको रुपमा रहेको महेन्द्रनगर क्षेत्र शैक्षिक विकासको दष्टिकोणले राम्रौ स्थितिमा देखिन्छ । नगरपालिकाको कुल साक्षरता प्रतिशत ७१.४२ (कुल जनसंख्याको) रहेको छ र जसमध्ये महिला साक्षरता ५९.७२ प्रतिशत र पुरुषको

८०.७० प्रतिशत रहेको पाइन्छ । सुदूर पश्चिमाञ्चलको प्रमुख शैक्षिक केन्द्र रहेको यस क्षेत्रमा स्नातकोत्तर सम्म पढाई हुने तीनवटा क्यमम्पस समेत रहेको छन् :

**नगरपालिका क्षेत्रका विद्यालय विवरण**

| तह | सरकारी | नीजि | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | २९ | २६ | ५५ |
| नि.मा.वि. | ९ | ४ | १३ |
| मा.वि. | १५ | ६ | २१ |
| उ.मा.वि. | ५ | २ | ७ |
| क्याम्पस | ५ | - | ५ |

**विद्यार्थी संख्या**

| तह | छात्र | छात्रा |
|---|---|---|
| प्रा.वि. | ९१५५ | ८०१२ |
| नि.मा.वि. | ३४०६ | ३०४७ |
| मा.वि. | १३७० | १०७१ |
| उ.मा.वि. | २०८ | २०२ |

**शिक्षक विवरण**

| | सरकारी | | निजी | |
|---|---|---|---|---|
| तह | शिक्षक | शिक्षिका | शिक्षक | शिक्षिका |
| प्रा.वि. | १५१ | ८० | १०१ | ९४ |
| नि.मा.वि. | ६० | १३ | ३१ | १२ |
| मा.वि.[1] | ५४ | ६ | ३९ | ७ |

**(च) स्वास्थ्य सुविधा :**

महेन्द्रनगर नगरपालिका क्षेत्रमा महाकाली अञ्चल अस्पतालको साथसाथै सरकारी र निजि क्षेत्रका विभिन्न स्तरका अस्पतालहरु रहेका छन् । जसलाई सजिलोको लागि निम्न अनुसार देखाइन्छ ।

१. महाकाली अञ्चल अस्पताल - १
२. महाकाली अञ्चल आयुर्वेदिक अस्पताल - १
३. जिल्ला जनस्वास्थ्य कार्यालय - १
४. उप स्वास्थ्य चौकी - १
५. न.पा. सञ्चालित स्वास्थ्य उपचार केन्द्र - १
६. मेडिकल हल - ३५
७. नर्सिङ होम - १

[1] जिल्ला शिक्षा कार्यालय, कञ्चनपुर

**(छ) बैंक तथा वित्तिय संस्थाहरु :**

महेन्द्रनगर सु.प. कै एउटा प्रमुख व्यापारिक केन्द्र समेत भएकोले यहा विभिन्न किसिमका सरकारी तथा गैर सरकारी क्षेत्रका बैंक तथा वित्तिय संस्थाहरु रहेकाछन् ।

नेपाल बैंक लिमिटेड
राष्ट्रि वाणिज्य बैंक
एन.सि.सि.बैंक
मालिका विकास बैंक
कृषि विकास बैंक
कृषि विकास बैंक बैंकिङ कार्यालय
ग्रामिण विकास बैंक

**(ज) बजार क्षेत्र तथा बजार सम्बन्धी सुविधा :**

महेन्द्रनगर बजार जिल्लाकै मुख्य शहरी बजारको रुपमा स्थापित बजार हो । यस बजार लाई सु.प.कै एउटा व्यापारिक केन्द्र मानिन्छ । दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ जस्ता पहाडि जिल्लाको सर समान आयात निर्यातको केन्द्र नै यो बजार हो । जिल्लाको अन्य ग्रामिण बजारकेन्द्रहरु जस्तै बेलौरी त्रिभुवन वस्ती, झलारीका, दैजी, तिलाचौर, गड्डाचौकी, बेल्डाडी, दोधरा चाँदनी, ब्रहमदेव र गुरिलरिया आदि बजारहरु पनि मुख्य महेन्द्रनगर बजारकै आधारमा चलेका छन् ।

**(झ) नगरक्षेत्र भित्र उपलब्ध सेवाहरु :**

| क्रसं. | सेवाको किसिम | सञ्चालन गर्ने संख्या | संख्या |
|---|---|---|---|
| १ | दमकल | नगरपालिका | १ |
| २ | एम्बुलेन्स | नेपाल रेडक्रस सोसाइटी | १ |
| ३ | एम्बुलेन्स | द रेयुकाई नेपाल | १ |
| ४ | एम्बुलेन्स | बस व्यावसायी समिति | १ |
| ५ | शववाहन | नगरपालिका र नगरविकास समिति | १ |

**(झ) समस्याहरु :**

यस नगरपालिकाका मुख्य-मुख्य समस्याहरु निम्न अनुसार छन् :

१. मुख्य बजार क्षेत्र ढल निकासको समस्या
२. चुरे क्षेत्रबाट भइरहेको भूक्षय
३. फोहोरमैला व्यवस्थापनको समस्या र ल्याण्डफिल्डको अभाव
४. उत्तर वेल्टका वडाहरुमा खानेपानीको र सिंचाईको समस्या
५. उपयुक्त एवं भरपर्दा किसिमको यातायातको व्यवस्था हुन नसक्नु
६. वडाहरुमा विद्युतीकरणका साथसाथै सडकवत्तिको व्यवस्थापन हुन नसक्नु
७. न.पा.का अधिकांश क्षेत्रमा दुर सञ्चार सेवाको अभाव
८. नगर औधोगीकरणका साथै पर्यटन प्रवर्धनका लागि आवश्यक पूर्वाधारको अभाव
९. विस्तापित मानिसहरुको साथै बेरोजगारीको बढ्दो चाप
१०. नगरपालिका क्षेत्रमा रहेको तटबन्धको समस्या

११. नहरहरुको क्रसिड लगायत अन्य क्षेत्रमा पुलेसाहरुको अभाव
१२. विद्यालय भवन तथा फर्निचरको व्यवस्था
१३. तरकारी तथा मासु बजारको प्रभावकारी सञ्चालन नहुनु
१४. न.पा. को कार्य सञ्चालनको लागि कार्यालय भवनको अपर्याप्तता

## २.४ नगर निर्वाचन सम्बन्धी जानकारी :

कुनै पनि सार्वजनिक निकायमा सबै सरोकार वालाको प्रतिनिधीको रुपमा केही निश्चित व्यक्तिहरुले निति निर्माण तहमा सहभागी भई कार्य सञ्चालन गर्दछ । यसरी काम गर्नका निमित्त निर्वाचनको माध्यमबाट नागरिकहरुले जनप्रतिनिधीहरुको छनौट गर्दछन् । निर्वाचनलाइ प्रजातन्त्रको प्राण भनिन्छ । निष्पक्ष र धादलिरहित आवधिक निर्वाचन नै असल प्रजातन्त्रको आधार शिला पनि हो । समयमा निष्पक्ष र धादलिरहित निर्वाचन हुन सकेन भने प्रजातन्त्रको सुढृढीकरुण हुदैन, यसै कारण निर्वाचन यसका निम्ती पनि किन आवश्यक छ भने सबै जनताले शासन गर्नु प्राविधिक कारणले पनि सम्भव हुदैन ।

अहिलेको युगमा विकेन्द्रीकरण पनि एउटा अति आवश्यक तत्व मानिन्छ । सबै कुरा केन्द्रबाट नै निर्णय गर्न असम्भव हुने र जनभावना अनुकुल पनि नहुने भएका कारणले गर्दा जसको निमित्त निर्णय गरिन्छ । सोही जनता निर्णय गर्नमा सहभागी हुनु नै विकेन्द्रकरण हो । असल प्रजातन्त्रको एउटा उत्तम गुणमा विकेन्द्रीकरण पनि एउटा मानिन्छ । हाल आएर सबै प्रजातन्त्रिक मुलुकहरुमा अधिकाधिक मात्रामा विकेन्दीकरणमा निति निर्माण गर्ने अधिकार स्थानिय निकायहरु लाई दिइदै आएको देखिन्छ ।

नेपालमा पनि २०४७ सालको ऐतिहासिक जनआन्दोलन पछि निर्माण हुन गएको नेपाल अधिराज्यको संविधान २०४७ मा पनि विकेन्द्रकरणको माध्यमबाट स्थानीय निकायहरु लाई बढी भन्दा बढी अधिकार दिने कुरा तर्फ डोऱ्याउने काम गरेको पाइन्छ । नेपालमा स्थानिय निकायहरुको रुपमा जिल्ला विकास समिति, नगरपालिका र गाउ विकास समितिहरुको व्यवस्था गरिएको छ  जिल्ला विकास समितिको निर्वाचन अप्रत्यक्ष रुपमा गरिने व्यवस्था गरिएको छ भने नगरपालिका र गाउ विकास समितिको निर्वाचन वालीग मताधिकारको आधारमा प्रत्यक्ष निर्वाचन पद्धछि अन्तरगत बहुमत प्रणालीका आधारमा गरिने व्यवस्था गरिएको छ ।

नेपालमा बहुदलिय व्यवस्थाको पुनस्थापना पछि स्थानिय निर्वाचन २०४९  र स्थानिय निर्वाचन २०५४ गरी दुई वटा निर्वाचनहरु सम्पन्न भइ सकेका छन् । दोस्रो स्थानिय निर्वाचनमा अध्यादेश मार्फत एक वार्ड वाट कम्तिमा एक जना महिला सदस्य निर्वाचित हुने व्यवस्था बाट महिला सहभागिता गठन भएको देखिन्छ ।

प्रस्तुत शोधपत्र नगरपालिका सम्बन्धी भएकोले यस महेन्द्रनगर र न.पा.को बहुदलिय व्यवस्था पुनस्थापना पछिको दोस्रो स्थानिय निकाय निर्वाचन २०५४ अन्तर्गत को विशेष उल्लेख गरिएको छ ।

स्थानिय निकाय निर्वाचन अन्तर्गत निम्न अनुसारका पदाधिकारी निर्वाचित हुने व्यवस्था नगरपालिकामा तोकिएका नगरक्षेत्रभित्र बसोवास गर्ने प्रचलित कानु बमोजिम मतदान हुन योइगता पुगेका नेपाली नागरिकहरुबाट निर्वाचित गरी पठाएका एक जना - नगरप्रमुख एकजना

सोही अनुसारका मतदाताहरुबाट निर्वाचित गरी पठाएका, नगर उपप्रमुख एकजना

प्रत्येक वार्डबाट एक जनाका दरले वार्ड भित्र बसोवास गर्ने प्रचलित कानुन बमोजिम मतदाता हुने योग्यता पुगेका मताताहरुबाट निर्वाचित एक जनाका दरले निर्वाचित १९ जना वडाध्यक्षहरु

प्रत्येक वार्डबाट सो वार्ड भित्र बसोबास गर्ने प्रचलित कानुन बमोजिम मलतादा हुन योग्यता पुगेका मतदाताहरुबाट निर्वाचित एक जना महिलासमेत गरी प्रत्येक वार्डबाट चार चार जनाका दरले निर्वाचित ७६ जना सदस्यहरु ।

नगरपरिषद् द्वारा मनोनित दुई जना नगरपालिका सदस्य सहति जम्मा बीस जना सदस्यहरु
नगर निर्वाचन २०५४ मा महेन्द्रनगर नगरपालिका मा सम्पन्न निर्वाचन सम्बन्धी विस्तृत जानकारी तल देखाएको छ। यस निर्वाचनमा महेन्द्रननगर नगरपालिकाको कुल मतदाता संस्खया ३७८३८ रहेकोमा जम्मा २५३१८ मतदाताको मात्र मतदानमा भाग लिए जो कूल मतदाता संख्याको ६६.९१ प्रतिशत थियो[1]।

| **क्र. सं.** | **पद** | **नामथर** | **उमेर** | **लिङ्ग** | **वडा नम्बर** | **चिन्ह** | **राजनैतिक दल** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख | धर्मराज जोशी | ४३ | पु. | | हलो | रा.प्र.पा. | ६४८४ | ३०.१९ |
| २ | ,, | यज्ञराज जोशी | ४७ | पु | | रुख | नेपाली का. | ६३५३ | २९.५८ |
| ३ | ,, | सूर्य ब.कुवर | ५० | पु | | सूर्य | ने.क.पा.(एमाले) | ८०१६ | ३७.३३ |
| ४ | ,, | करन सिंह महरा | २५ | पु. | | साइकल | स्वतन्त्र | ८९ | ०.४१ |
| ५ | ,, | गणेश दत्त ओझा | ४६ | पु. | | चस्मा | स्वतन्त्र | ९८ | ०.४६ |
| ६ | ,, | तुला राज ओझा | ४१ | पु. | | चँगा | स्वतन्त्र | ६५ | ०.३० |
| ७ | ,, | रतन सिंह साउद | २८ | पु. | | टेलिफोन | स्वतन्त्र | २८ | ०.१३ |
| ८ | ,, | रविन्द्र ब. सुनार | ३७ | पु. | | बस | स्वतन्त्र | ३०९ | १.४४ |
| ९ | ,, | ज्ञान ब. क्षेत्री | ४४ | पु. | | रेडियो | स्वतन्त्र[2] | ३३ | ०.१५ |

| क्र. सं. | पद | नामथर | उमेर | लिङ्ग | वडा नम्बर | चिन्ह | राजनैतिक दल | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | उप प्रमुख | ईश्वरी प्रसाद खरेल | ३१ | पु. | | सूर्य | ने.क.पा.(एमाले) | ९०१८ | ४३.०२ |
| २ | ,, | टिकेन्द्र प्र. भट्ट | ५१ | पु | | हलो | रा.प्र.पा. | ४९७५ | २३.७३ |
| ३ | ,, | दुर्गा प्रसाद जोशी | ३१ | पु | | रुख | ने.काग्रेस | ६३६५ | ३०.३ |

1 पोखरेल, कृष्ण (नेपाल सरकार) र केन्द्रिय र स्थानिय, कृष्ण पोखरेल (एम.के.पब्लिसर्ष एण्ड डिस्ट्रीब्युटर्स, भोटाहिटी, काठमाण्डौं २०५७)

2 स्थानीय निकाय निर्वाचन परिमाण २०५४ - निर्वाचन आयोग

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | ६ |
| ४ | ,, | सडक बहादुर खत्री | ६७ | पु. | | हवाइ जहाज | स्वतन्त्र | ३० | ०.१५ |
| ५ | ,, | छाया लेखक | ३३ | म. | | न.सि. कल | स्वतन्त्र | ५७ | ०.२७ |
| ६ | ,, | दिलिप दमाई | २४ | पु. | | कैचीं | स्वतन्त्र | १४१ | ०.६७ |
नेपालमा सञ्चालित अधिकांश विकासका कार्यक्रमहरु या त ग्रमीण मुखि या शहर मुखि भइ कार्यान्वयन भएको हुदा गाउँ-नगर अन्तरसम्वन्धको समुचित विकास हुन नसकि दुवै क्षेत्रले आ-आफ्नो किसमको समाजिक तथा आर्थिक समस्याहरु भोग्न परिरहेको कारण ग्रमीण जनजिवनमा अपेक्षित सुधार हुन सकेको छैन भने सहरी जनजीवन क्रमिक रुपले अव्यवस्थित हुदै गएको देखिन्छ । स्थानीय विकासका लागी ग्रमीण तथा सहरी क्षेत्रको विकास अपरिहार्य छ । गाउँ तथा नगरको आर्थिक तथा समाजिक व्यवस्थालाइ एकअर्काका परिपुरकको रुपमा विकसित

[1] म.न.न.पा. कर्मचारी प्रशासन शाखा

नगरिनाले ती दुवै क्षेत्रमा वाहीरी प्रभाव र निर्भरता बढी रहेको पाइन्छ , यस कारणले सुशासन, गरिवी निवारण तथा स्थानिय र राष्ट्रिय आर्थिक एवं सामाजिक विकासमा आशा गरे अनुसार उपलब्धि हासिल हुन सकेको छैन । यस परिप्रेक्षमा संतुलित विकासको लागी गाउँ नगर सम्बन्ध सुदृढ पारी गरिवी निवारणमा सहयोग पुर्‍याउन का साथै यस बाटै समग्र देशको विकासमा सहयोग पुर्‍याउन का निमित्त तत्कालिन श्री ५ को सरकारले Habitat को दोश्रो सम्मेलनमा आफ्नो प्रतिबद्धता प्रकट गरे बमोजिम उल्लेखित समस्याहरुलाई ध्यानमा राखि २०५४ भदौ २२ गते देखि राष्ट्रिय योजना आयोग भौतिक योजना तथा निर्माण मन्त्रालय, स्थानिय विकास मन्त्रालय, संयुक्त राष्ट्र संघिय विकास कार्यक्रम र संयुक्त राष्ट्र संघिय मानव बसोवास केन्द्र को संयुक्त प्रयासमा गाउँ नगर साझेदारी विकास कार्यक्रम सञ्चालन गरिएको थियो ।

पहिलो चरणको कार्यक्रम सञ्चालन बाट राम्रौ किसिमले उपलत्तधी हासिल हुने सम्भावना लाई मध्यनजर गरी सन् २००२ देखि २००३ सम्म दोश्रो चरण र २००४ देखि २००७ सम्म तेश्रो चरण समेत सञ्चालन भई रहेको छ ।

## कार्यक्रमको अवधारणा :

विगतका प्रयास अनुभव र उपलब्धीहरुलाई ध्यानमा राखी कार्यक्रमले केही महत्वपूर्ण अवधारणहरु अघि सारेको छ ।

(क) गाउ र नगर विकास प्रकृयालाई एकिकृत रुपमा अघि बढाउनु पर्दछ ।

(ख) स्थानिय आर्थिक एवं भौतिक व्यवस्थाको सुदृढिकरण त्यस स्थानको मानवसाधन, आर्थिक, सामाजिक तथा वित्तिय स्रोतको समुचित यपयोग गर्न सकिन्छ ।

(ग) गरिबी न्युनिकरण गर्नको लागि स्थानिय निकाय क्षमतावान बनाउन आवश्यक छ जुन कुरा सुशासनले मात्र सम्भव हुन्छ ।

(घ) नगर विकास भन्नाले भौतिक पूर्वाधारको विकास मात्र सम्झनु हुदैन । त्यसलाई आवश्यक पर्ने आर्थिक सामाजिक, प्राविधिक पूर्वाधार र चेतनस्तरको पनि विकास भन्ने सम्झनु पर्दछ ।

(ङ) सुशासन र गरिवि निवारणको लागि स्थानिय निकायमा सूचना प्रविधिको प्रयोग आवश्यक छ ।

(च) सरकारी स्तरको प्रयासले मात्र नगरको विकास गर्न सम्भव नहुने दुहा त्यसको लागि निजी क्षेत्रको सहभागिता र समुदाय परिचालनको माध्यमबाट स्थानिय जनभावना अनुकुल कार्यक्रमहरु सञ्चालन हुन पर्दछ ।

## कार्यकमको उद्देश्यः-

यस गाउँ नगर साझेदारी विकास कार्यक्रमका मुख्य मुख्य उद्देश्यहरु निम्न अनुसार छन्

क) समाजिक परिचालन द्धारा गाउँ तथा नगरका गरिब जनता को जीवनस्तरमा सुधार गर्ने

ख) आधारभुत सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सहरी सुशासनमा सुधार गर्ने

ग) आर्थिक एवं योजना तर्जुमा कार्यमा समन्वय तथा अन्तरसम्बन्ध कायम गरी गाउँ र नगर वीचको अन्तरसम्बन्ध सुदृढिकरण गर्ने

घ) दशौं योजनाको सहरी विकास सम्बन्धि दृष्टि कार्यान्वयन गर्न राष्ट्रिय स्तरको सरकारी निकाय तथा नागरीक समाजको संस्थागत सुदृढिकरण गर्ने

**कार्यक्रम मुख्य क्रियाकलाप::**

- समाजिक परिचालन
- अन्तरसम्न्ध बढाउने उद्यम विकास
- गाउँनगर अन्तरसम्बन्ध मजबुत पार्न सहयोग
- सेवा प्रदान निती सुधार गर्न सहयोग

- कार्यक्रमका कार्यनिती - तत्कालीन श्री ५ को सरकारको दशौ योजनामा जोड दिइएअनुरुप सहरी तथा ग्रामीण क्षेत्रको गरीवि निवारणमा सहयोग पुर्‍याई सहस्राब्धी विकासका लक्ष्यहरु हुन्
- २०१५ सम्ममा प्राप्त गर्न सहयोग गर्न कार्यक्रमले निम्न कार्यनितीहरु अबलम्बन गरेको छ ।
- गाउँ नगर अन्तरसम्बन्धमा आधारीत विकास प्रंयासहरु कार्यान्वयन गर्न समुदाय परीचालन प्रकृया मार्फत संस्थागत परिपार्टि (टोल विकास संस्था) स्थापना गर्ने
- सहभागितात्मक नगर विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्न नगरपालिका तथा टोल विकास संस्थाको व्यवस्थापन क्षमता अभिबृद्धि गर्ने
- गाउ नगरको सामाजिक र आर्थिक अन्तरसम्बन्ध बारे सहरी र ग्रामीण बजार स्तरमा सुचना प्रणालीको व्यवस्था गरी बजार व्यवस्थालाई सुदृढ बनाउने
- सुशासन र गरीवि निवारणमा सुचना प्रविधिको प्रयोग बढाउने
- गरिवी निवारणको लागी स्थानीय समुदायको रोजगारी एवं आय बृद्धि गराउन बिभिन्न सेवाहरुको आपुर्ति तथा बस्तु हरुको खरिद बिक्री गर्ने व्यवसाय स्थापनामा टेवा पुर्‍याउने र स्थापित उद्यमहरुको क्षमता तथा उत्पादनशिलता अभिबृद्धिमा सहयोग पुर्‍याउने
- ग्रामीण क्षेत्रलाई नगरको र नगर क्षेत्रलाई गाउको आवश्यकताअनुसार उत्पादन र बजारका अवसरहरुलाई उचित प्रयोग गर्न परिचालन गर्ने पद्धतिको बिकासगर्ने

## परिच्छेद तीन

## महेन्द्रनगर नगरपालिकाको आ.व. २०५४/०५५ देखि आ.व. २०५८/०५९ सम्म बजेट विकास कार्यक्रम

### ३.१. बर्षगत बजेट :

कुनै पनि सरकारी वा गैर सरकारी संस्थाको विभिन्न स्रोतहरुबाट आय आर्जन गर्ने र विभिन्न जन उपयोगी शिर्षकहरुमा खर्च गर्ने गर्दछ । यसरी बर्ष भरीमा हुने आम्दानी र खर्चको अनुमान लाई बार्षिक बजेट भनिन्छ । यस्तो कार्यक्रम निश्चित गरेर कार्यक्रम संचालन गर्दा कुन शीर्षक बाट कति आम्दानी हुन्छ एंव आम्दानी कति हुन्छ र सो रकम कुन कुन शीर्षकमा कसरी खर्च गर्न उचित हुन्छ भन्ने पूर्व अनुमानका आधारमा अगाडी बढ्दा लक्ष्य अनुसार कार्य संचालन गर्दा लक्ष्य हासिल गर्न सजिलो हुन्छ ।

महेन्द्रनगर नगरपालिकाको पांच बर्ष (आ.व. २०५४/५५ देखि ०५८/५९) सम्मको आम्दानी खर्चको पुर्ण विवरण यसमा उल्लेख गर्न उचित भएकोले यस शोधमा प्रत्येक आ.व. बर्षको अनुमानित आय व्यय सो भन्दा अघिल्लो बर्षको यथार्थ आम्दानी खर्चको विवरण बर्षगत रुपमा यहां प्रस्तुत  गरिन्छ ।

### ३.१.१. आ.व. २०५४/५५ को बजेट :

बहुदलिय व्यवस्था पुनस्थापना पछिको दोस्रो नगर निर्वाचन सम्पन्न भए पछि को नव निर्वाचित नगरपालिका परिषद बाट २०५४/५/२३ भएको नयां पदाधिकारीहरुको प्रथम नगर परिषद बाट निम्न अनुसारको आ.व.२०५४/५५ को अनुमानित आय व्यय र गत आ.व.को यथार्थ आम्दानी खर्चको विवरण निम्न अनुसार रहेको छ [1]।

**आय विवरण**

| सि.नं. | आय शिर्षक | २०५३/५४ को यथार्थ आय | २०५४/५५ को अनुमानित आय |
|---|---|---|---|
| १. | चुगिंकर | ५०६९३१७/४७ | ६००००००।- |
| २. | सवारी कर | ८९४०२८।- | १००००००।- |
| ३. | व्यवसाय कर | १३२०००।- | २०००००।- |
| ४. | बा.वि. | ११२७५० ।- | १५०००० ।- |
| ५. | घर कर | २२४६७।- | ५००००।- |
| ६. | घर बहाल कर | ७६४६६/८३ | १५०००० ।- |
| ७. | दा.खा दस्तुर | ३०४८६९/८८ | ३१००००।- |
| ८. | नक्सापास दस्तुर | ३०४८६९/८८ | ३१००००।- |
| ९. | निवेदन सिफारिश | २०८३६।- | ३५०००।- |
| १०. | ना.शि.प.पत्र सिफारिश | ७८१०।- | १०००० ।- |
| ११. | मुल्यांकन दस्तुर | २३८८५२/५१ | ३०००००।- |

[1] प्रथम नगर परिषद पुस्तिका म.न.न.पा. २०५४ भाद्र

| | | | |
|---|---|---|---|
| १२. | सवारी दर्ता दस्तुर | ३४५६/२५ | ५०००।- |
| १३. | दण्ड जरिवाना | ११५०९/११ | १५००० ।- |
| १४. | फुटकर | १४१४०९/५० | २५००००।- |
| १५. | पशुबन्दि ग्रह दस्तुर | २३१३०।- | २५०००।- |
| १६. | सम्पत्ती बहाल | १०४९५५४/५० | २२२५२९७।- |
| १७. | फोटो कपी र फ्याक्स | १२३ ।- | १००० ।- |
| १८. | अतिथि गृह दस्तुर | ९५२०।- | १०००० ।- |
| १९. | पार्क प्रवेश शुल्क | ३४३८०।- | ५०००००।- |
| २० | बन्दुक रिन्यु दस्तुर | १६५० ।- | २०००।- |
| २१. | मालपोत | २१०९२८/५२ | २१५०००।- |
| २२. | लिलाम विक्रि | - | १०००० ।- |
| २३. | विविध आय | ११९७० ।- | २००००।- |
| २४. | गत मौज्दात | ५५५४०१/९० | ६२२१७३/१४ |
| २५. | गत ठेक्का | ६००५००।- | ११५२७६८/४७ |
| २६. | गत पेश्की फर्छौट | ११४६८५/९६ | १००००० ।- |
| २७. | सापटी | ११९११९८/०१ | - |
| २८. | प्रशासन अनुदान | ४३००००।- | ४०००००।- |
| २९. | विकास अनुदान | ३५००००।- | - |
| ३०. | जि.वि.स. कञ्चनपुर | ४११२१२/३९ | १००००० ।- |
| ३१. | महेन्द्रनगर न.वि.स. | - | २१२७०००।- |
| ३२. | न.वि.कोष काठमाडौं | - | - |
| ३३. | सामाजिक सुरक्षा | ७८०३००।- | - |
| ३४. | धरौटी मिलान | - | ४१२०९६/१० |
| ३५. | न.वि.कोष समिति बाट | - | ८५०००००।- |
| ३६. | श्री ५ को सरकार अनुदान | - | ३८०००००।- |
| ३७. | श्री ५ को सरकार फन्ड | - | ८५००००।- |
| ३८. | जि.वि.स. कञ्चनपुर बाट | - | १२५०००० ।- |
| ३९. | महेन्द्रनगर न.वि.स.बाट | - | १६५०००० ।- |
| ४०. | मेचिङ फन्ड विद्यालय बाट | - | २०००००।- |
| | **जम्मा**[1] | **१२९१३१९५/१६** | **३२३०७३३४/७१** |

## खर्चको विवरण

| बजेट शिर्षक | बजेट शिर्षक | २०५४/५४ को यथार्थ | २०५४/५५ को अनुमान |
|---|---|---|---|
| १.१. | तलब | २२०९८७/०४ | ३६३२९००।- |
| १.२. | भत्ता | १३६९५३०/८० | १४१४९०० ।- |
| १.३. | दैनिक भ्रमण भत्ता | १३४५६२/५० | ६००००।- |
| १.४. | पोशाक | ९३३७३/५० | १००००० ।- |

[1] प्रथम नगर परिषद पुस्तिका म.न.न.पा. २०५४ भाद्र

| | | | |
|---|---|---|---|
| १.५. | खाद्यान्न | ३८५००।- | ५००००।- |
| १.६. | औषधी उपचार | १४९११३ ।- | ५००००।- |
| २.१. | धारा विद्युत | ८३१/४० | २०००००।- |
| २.२. | टेलिफोन | १३७४०२/११ | १००००० ।- |
| २.३. | सेवा अन्य | ४६०३७/१७ | ६००००।- |
| २.४. | भाडा | ५१८००।- | ९६०००।- |
| २.५. | मर्मत संभार | १९७९९४/९२ | ४४००००।- |
| २.६. | कार्यालय समान | ६७१४७।- | १५०००० ।- |
| २.७. | अरु मालसमान | ३९५८५/९० | ५०००००।- |
| २.८. | छपाई | ५८०३१।- | १००००० ।- |
| २.९. | पत्रपत्रिका | ५२२७४।- | १००००० ।- |
| २.१०. | इन्धन सवारी | १३०८१८/९८ | २०००००।- |
| २.११. | इन्धन अन्य पुर्जा जडान | ३५१/७५ | १०००० ।- |
| २.१२ | औषधी खरिद | १७०७९ ।- | ५०००००।- |
| २.१३. | विविध खर्च | १०४१९४ ।- | १००००० ।- |
| ३.३ | आ.स.अनुदान | १४२४४० ।- | १००००० ।- |
| ६.१ | फर्निचर | ४४००।- | २०००००।- |
| ६.२. | सवारी साधन | ७७७००।- | १६०००० ।- |
| ६.३. | मसिनरी औजार | ७७७६०।- | २५०००।- |
| ६.५. | अन्य निर्माण | ६०३१६९७/०४ | - |
| | अक्षय कोष | १७८८३० ।- | - |
| | कल्याण कोष | - | - |
| | सामाजिक सुरक्षा | ९२३४००।- | - |
| | **जम्मा** | **१२२९१०२२/०२** | **७४४८८००।-** |

| | |
|---|---|
| गत बर्ष प्रशासनिक खर्च तिर्नुपर्ने बांकी | ४२८३६७/८५ |
| गत बर्ष विकास निर्माण खर्च तिर्नुपर्ने बाकी | ११६५३३१/७८ |
| नगरविकास कोष काठमाडौं लाई ०५४ आषाढ सम्मको किस्ता ब्याज | २१७७५५८/४३ |
| नगरविकास कोष काठमाडौं यस आ.व.को किस्ता ब्याज | २००००००।- |
| धरौटी फिर्ता | १०६८९०३/९० |
| महेन्द्रनगर नगरविकास समितिको | २१२७०००।- |
| जिल्ला विकास समिति कञ्चनपुर | १०००००० ।- |
| यस आ.व.को विकास निर्माण निमित्त | १८००२७६८/४४ |
| **कुल जम्मा** | **३,४५,१८,७३०/४०** |

यस आर्थिक बर्षमा आम्दानी भन्दा खर्च बढि हुने देखिएकाले रु.२२११३९५/७२ पैसा आगामी आ.व. तिर्ने गरि खर्च गर्ने निर्णय भयो [1]।

[1] प्रथम नगर परिषद पुस्तिका म.न.न.पा. २०५४ भाद्र

## ३.१.२. आ.व. २०५५/५६ को बजेट

२०५४/१२/२ मा भएको महेन्द्रनगर नगरपालिकाको दोस्रो परिषद सम्पन्न भयो जसबाट निम्न अनुसारको आय र व्ययको अनुमानित विवरण पारित गरिएको छ ।

**आय तर्फ**

| सि.नं. | विवरण | २०५४/५५ माघ मसान्त सम्म यथार्थ | ०५५/०५६ को अनुमान |
|---|---|---|---|
| १ | चुगिंकर | ३५०५९५६/५० | ६५०००००।- |
| २. | सवारी कर | ४९४६५४।- | १२०००००।- |
| ३. | व्यवसाय कर | १३४,३२०।- | २५००००।- |
| ४. | वा.वि. | ४२०२७/७८ | १५०००० ।- |
| ५. | घर कर | १००००।- | ५०००००।- |
| ६. | घर बहाल कर | २७६३४।- | १५००००।- |
| ७. | दा.खा.दस्तुर | १०५६०५।- | ३१००००।- |
| ८. | नक्सा पास | ६५९२४/४६ | १५००००।- |
| ९. | निवेदन सिफारिस | १२३३२।- | ४००००।- |
| १० | नागरिकता सिफारिस | ३१४५।- | १००००।- |
| ११ | मुल्यांकन दस्तुर | १९१३२६/३५ | ३०००००।- |
| १२. | सवारी दर्ता | १२७५/०६ | ५०००।- |
| १३. | जरिवाना | १३९१९/४१ | २००००।- |
| १४. | फुटकर | ७४२४६।- | २५००००।- |
| १५. | पशुबन्दी गृह | १६२८८ ।- | ५००००।- |
| १६. | सम्पत्ती वहाल | ४८०३६७/३९ | १५९००००।- |
| १७ | फोटोकपी, फ्याक्स | ६६।- | १०००।- |
| १८. | अतिथि गृह | ६४२०।- | १५०००।- |
| १९. | पार्क शुल्क | १०६००।- | ५००००।- |
| २० | बन्दुक रिन्यू | ४५०।- | २०००।- |
| २१. | मालपोत | ५८५८७/६८ | २२५०००।- |
| २२. | लिलाम विक्रि | ७३००।- | ५००००।- |
| २३. | विविध | ८६१७९।- | २००००।- |
| २४. | बहालकोष नामसारी | - | ६००००।- |
| २५. | गत ठेक्का | - | ११५२७६८/४७ |
| २६. | प्रशासन अनुदान | २६६६००।- | ४०००००।- |
| २७. | वारुण यन्त्र | १३३३०० ।- | २०००००।- |
| २८. | विकास अनुदान | ६६६६००।- | २०००००।- |
| २९. | जि.वि.स. अनुदान | ३३०००।- | ५०००००।- |
| ३० | महेन्द्रनगर न.वि.स. | ५२०३०।- | २१२७००००।- |
| ३१. | सापटी | २००००।- | - |
| ३२. | गत फे.फ. | ५५६६/३० | - |
| ३३. | गत मालपोत | १५५८/२२ | - |
| ३४. | न.वि.कोष | - | १०००००००।- |

| | | | |
|---|---|---|---|
| ३५. | मेचिङ फण्ड श्री ५ को सरकार | - | ८००००००।- |
| ३६. | मेचिङ फन्ड स्कुल बाट | - | २०००००।- |
| | **जम्मा**[1] | | २,८८,३७,७६८/४७ |

## व्यय तर्फ

| शिर्षक नम्बर | विवरण | ०५४/५५ को माघ मसान्त सम्मको यथार्थ | आ.व. ०५५/५६ को अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | तलब | १९०३५१८/६५ | ३७००००।- | |
| १.२ | भत्ता | ८८८१०४/९७ | १६००००० ।- | |
| १.३ | दै.भ्र.भत्ता | ६६९८८/५० | ९००००।- | |
| १.४ | पोशाक | ३१२१०।- | १००००० ।- | |
| १.५ | खाद्यान्न | २१५००।- | ६५०००।- | |
| १.६ | औषधि उपचार | - | ५००००।- | |
| २.१ | धारा विद्युत | १६००० ।- | ५०००००।- | |
| २.२ | टेलिफोन महसुल | ६३५९८/४५ | १०००००।- | |
| २.३. | अन्य सेवा | १५५८६।- | ६००००।- | |
| २.४. | भाडा | ५५२००।- | ९६०००।- | |
| २.५. | मर्मत संभार | १७५३२१/३० | २०००००।- | |
| २.६. | कार्यालय समान | १६०२५५ ।- | १५०००० ।- | |
| २.७. | अरु माल समान | २९१०८।- | ५००००।- | |
| २.८ | छपाई | ६२७८५।- | १००००० ।- | |
| २.९ | पत्र पत्रिका | ४२५३५/१६ | १००००० ।- | |
| २.१० | इन्धन सवारी | ११७५४२/१६ | २०००००।- | |
| २.११ | इन्धन अन्य | - | १०००००।- | |
| २.१२ | औषधी खरिद | १०००० ।- | ५००००।- | |
| २.१३ | विविध खर्च | ५४८९२/५० | १००००० ।- | |
| ३.३ | आ.स.चु.पु. | ८६१००।- | १००००० ।- | |
| | खेलकुद | - | १५००० ।- | |
| | विद्यार्थी | - | १०००० ।- | |
| | संघ संस्था | - | २५०००।- | |
| ६.१ | फर्निचर | ५१००।- | २०००००।- | |
| ६.२ | सवारी साधन | १०९०६० ।- | ५००००।- | |
| ६.३. | मेसिनरी औजार | १४२०० ।- | २५०००।- | |
| | अक्षय कोष | - | - | |
| | सावा व्याज न.वि.कोष | २७३५८३५/९७ | ३००००००।- | |
| १. | विगतको धारा | - | २२११३९५/७५ | |
| २. | न.वि.कोष आयोजना | - | ११०००००० ।- | |
| | | **जम्मा** | २८८३७७६८/४७ | |

[1] दोस्रो नगर परिषद पुस्तीका म.न.न.पा. २०५४ चैत्र

## ३.१.३. आ.व. ०५६/५७ को बजेट :

२०५६/३/२९ गतेका बसेको नगरपालिकाको तेस्रो परिषद बाट निम्न अनुसारको आ.व.०५६/५७ बजेट अनुमान पारित गरियो । साथै २०५६ जेठ मसान्त सम्मको यथार्थ स्थिती पनि समर्थन गरियो ।

### आय तर्फ

| सि.नं. | विवरण | ०५४/५५ जेठ मसान्त सम्मको यथार्थ | आ.व. ०५५/५६ को अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | चुगिंकर | ४९१५११०/९० | - | |
| २. | स्थानिय विकास शुल्क | - | ७३०००००।- | |
| ३. | सवारी कर | ९३४५७३।- | ११०००० ।- | |
| ४. | व्यवसाय कर | ९८५८५।- | ३००००।- | |
| ५. | बा.वि. | ८१०६२/५१ | १५०००० ।- | |
| ६. | घर कर | २०१५२।- | १००००० ।- | |
| ७. | घर बहाल कर | ६२४६६/८४ | १५०००० ।- | |
| ८. | दा.खा. दस्तुर | १९२३९७/१५ | २५००००।- | |
| ९. | नक्सा पास | ११२८८६/९० | १५०००० ।- | |
| १० | निवेदन सिफारिश | २३४५०।- | ५००००।- | |
| ११. | नागरिकता सिफारिश | ३३३०५।- | ५००००।- | |
| १२. | मुल्यांकन | २००४२१/०३ | २५००००।- | |
| १३. | जरिवाना | ९६२२७/८० | १००००० ।- | |
| १४. | फुटकर | १०७१६४ ।- | १५०००० ।- | |
| १५. | पशुबन्दी गृह | २४८८३।- | ५००००।- | |
| १६. | सम्पत्ती बहाल | १३४६००१ ।- | १५९०००० ।- | |
| १७. | अतिथि गृह | १३७६० ।- | २५०००।- | |
| १८ | पार्क शुल्क | १७९५० ।- | ५००००।- | |
| १९. | सवारी दर्ता | १६२५ ।- | १०००० ।- | |
| २० | मालपोत | १९३२०५/४६ | २५००००।- | |
| २१. | बन्दुक रिन्यु | ८५०।- | २०००।- | |
| २२. | लिलाम विक्रि | ३८४०२।- | १०००० ।- | |
| २३. | टेण्डर विक्रि | १००० ।- | २०००।- | |
| २४. | पार्किङ शुल्क | ७२९१।- | २०००००।- | |
| २५. | कोठा नामसारी | ९००००।- | ९००००।- | |
| २६. | विविध | १४२३२०/३५ | ९५०००।- | |
| २७. | फोटोकपी फेक्स | - | - | |
| २८. | मनोरञ्जन कर | - | १००००० ।- | |
| २९ | विज्ञापन कर | - | ३००००।- | |
| ३० | मालपोत सेवा शुल्क | - | २००००००।- | |
| | **जम्मा[1]** | **७८५०५१९/६४** | **१,४६,२२,००० ।-** | |

[1] तेस्रो नगर परिषद पुस्तीका म.न.न.पा. २०५६ असार

## अन्य आय

| | | | |
|---|---|---|---|
| १ | गत मौज्दात | ८६७३७७/३२ | - |
| २. | विकास अनुदान | ६६६०००।- | १९००००० ।- |
| ३. | प्रशासन अनुदान | २६६०००।- | ६०००००।- |
| ४. | बारुण यन्त्र | १३२०० ।- | ३०००००।- |
| ५. | जि.वि.स. | ५५०००।- | १०००००० ।- |
| ६. | न.वि.स. | - | २१४७०००।- |
| ७. | न.वि.स. कोष | २४६९९६१/४४ | ७५०००००।- |
| ८. | सामाजिक सुरक्षा भत्ता | १३४१३०० ।- | २००००००।- |
| ९. | श्री ५ को सरकारे मेचिङ फण्ड | - | ५०००००।- |
| १० | विद्यालय मेचिङ फण्ड | ७००००।- | ३०००००।- |
| ११. | धरौटी मिलान | - | - |
| १२. | गत ठेक्का बाकी | ७०००।- | १०६८७६२/९७ |
| १३. | गत पे.फ. | - | १०००० ।- |
| १४. | अतिथि गृह मर्मत | १६९३३२ ।- | - |
| १५. | पर्यटन मन्त्रालय बाट | १५०००० ।- | - |
| | **जम्मा**[1] | **१,४९,४४,४९०/४०** | **३,१९,४७,७६२/९६** |

## व्यय तर्फ

| रजेट शिर्षक नं. | विवरण | ०५५/५६ जेष्ठ मसान्त | ०५६/०५७ को अनुमानित |
|---|---|---|---|
| १.१ | तलब | २७०६६७०/६३ | ३२०००००।- |
| १.२ | भत्ता | १४५३२६८/९६ | १८२५९०० ।- |
| १.३ | दैनीक भ्रमण मत्ता | ६४३३९/२५ | १००००० ।- |
| १.४ | पोशाक | ११०३९८।- | ११०००० ।- |
| १.५ | राशन | ५५०००।- | ६६०००।- |
| १.६ | औषधी उपचार | ४४५००।- | ७५०००।- |
| २.१ | धारा विद्युत महशुल | २४६७३०/८२ | २०००००।- |
| २.२ | टेलिफोन महसुल | ९०३६६/२५ | १२५००० ।- |
| २.३ | सेवा अन्य | ३४६१८/४० | ६००००।- |
| २.४ | भाडा | १२२२२५ ।- | १५०००० ।- |
| २.५ | मर्मत संभार | १९४०११/३० ।- | ४०००००।- |
| २.६ | कार्यालय समान | १४३३२३/५५ | २०००००।- |
| २.७ | अरु मालसमान | ४९०७१।- | ५००००।- |
| २.८ | छपाई | ७४०९९/६० | ७५०००।- |
| २.९ | पत्रपत्रिका | ६२५७२।- | १००००० ।- |
| २.१० | इन्धन सवारी | १०८६७४/७७ | २०००००।- |

[1] तेस्रो नगर परिषद पुस्तीका म.न.न.पा. २०५६ असार

| | | | |
|---|---|---|---|
| २.११ | इन्धन अन्य | ७१५।- | ५०००।- |
| २.१२ | औषधी खरिद | १२८८८ ।- | ५००००।- |
| २.१३ | विविध | १००६५६/२३ | ११५००० ।- |
| ३.३ | आ.स.च.पु | ११४८०५ ।- | १६०००० ।- |
| ६.१ | फर्निचर | २४०५०।- | १५०००० ।- |
| ६.२ | सवारी साधन | १९२०१४ ।- | १००००० ।- |
| ६.४ | अक्षयकोष | ५५२४०।- | १००००० ।- |
| ६.५ | निर्माण | २६२७२७८/९० | ९६९०४०९/५० |
| | न.वि.कोष योजना | २६८५८३०/६९ | ८३००००००।- |
| | न.वि.कोष सावाव्याज | १४७५१३२/६६ | १७००००० ।- |
| | म.न.बि.स. सोधभर्ना | - | २१४७०००।- |
| | धरौटी सोधभर्ना | - | ३४२९०८/४७ |
| | जि.वि. सोधभर्ना | - | १००००० ।- |
| | सामाजिक सुरक्षा भत्ता | १३३०६००।- | २१०००००।- |
| | विमाखर्च | १०५४५ ।- | १०५४५ ।- |
| | **जम्मा**[1] | **१,४२,०२,५२५/०१** | **३,१९,४७,७६२/०१** |

## ३.१.४आ.व. ०५७/५८ को आय व्यय अनुमान बजेटः-

पालिकाको मिति २०५७/४/१७ मा सम्पन्न पार्चो नगरपरिषदबाट तपशिल अनुसारको आ.व. ०५६/५७ को यथार्थ स्थिति रुव आ.व. ०५७/०५८ को लागी अनुमानित आय व्यय विवरण पारित गरियो ।

| सि.नं. | विवरण | आ. व. ०५६/५७ को यथार्थ आय | आ. व. ०५७/५८क को यथार्थ आय | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी कर | ५७२८९०।- | ३०००००।- | |
| २ | व्यवसाय कर | ३८९८९५।- | ४०००००।- | |
| ३ | पार्किङ शुल्क | १४७७५१।- | ५०००००।- | |
| ४ | बा.बि. | १३०३७०/२३ | १५००००।- | |
| ५ | घर कर | ८३३३२।- | १०००००।- | |
| ६ | घर वहाल कर | ११८३१२/७६ | १५००००।- | |
| ७ | दा.खा. | ५०४७६२/७० | ३०००००।- | |
| ८ | नक्सापास | १८२६९१/६५ | २०००००।- | |
| ९ | निवेदन सिफारिश | २४२१०३।- | ५००००।- | |
| १० | नागरिकता सिफारिश | ८५९०।- | १००००।- | |
| ११ | मुल्यांकन | २८६६९६/७२ | २५००००।- | |
| १२ | सवारी दर्ता शुल्क | ३०१२५।- | ३००००।- | |
| १३ | जरिवाना | ५१४७६/२९ | १०००००।- | |
| १४ | फुटकर | १३२०५।- | १५००००।- | |

[1] तेस्रो नगर परिषद प्रज्ञीका म.न.न.पा. २०५६ असार

| | | | | |
|---|---|---|---|---|
| १५ | पशुवन्दी गृह | ३८६३५।- | ५००००।- | |
| १६ | सम्पत्ति वहाल | १३८४२१३।- | १५९००००।- | |
| १७ | सरसफाई शुल्क | ९८१००।- | १०००००।- | |
| १८ | टेण्डर विक्रि | ८०००।- | २००००।- | |
| १९ | सौचालय ठेक्का | १२०००।- | १५०००।- | |
| २० | मदिरा ठेक्का | १६९४६०० ।- | १०००००।- | |
| २१ | गत ठेक्का | ४६०१२/५० | ८९९६४०/४७ | |
| २२. | विविध | १५३७१४/७५ | १०००००।- | |
| २३. | अतिथि गृह | ३४६९९।- | ५००००।- | |
| २४ | मालपोत | २७९५५५/२६ | २७५०००।- | |
| २५ | सेवा शुल्क | ७३०७६९/०७ | १०००००।- | |
| २६. | जग्गा लिज | १४००००।- | - | |
| २७ | कोठा नामसारी | ९००००।- | ९००००।- | |
| २८ | पार्क शुल्क | २३९२५।- | ५००००।- | |
| २९ | बन्दुक रिन्यु | १२६० ।- | २०००।- | |
| ३० | लिलाम विक्रि | - | १००००।- | |
| ३१ | गत मौज्दात | ८,६७,३९०।३२ | ३२,८६५०८।- | |
| ३२ | प्रसाशन अनुदान बारुणयन्त्र | ८,००,०००।- | १०,०००००।- | |
| ३३ | सामाजिक सुरक्षा | २१, ४०, ३००।- | २००००००।- | |
| ३४ | स्था.वि.शुल्क | ६५६९५४३।- | ७३०००००।- | |
| ३५ | नगर विकास कोष | १५७९२७०।- | - | |
| ३६ | विकास अनुदान | - | - | |
| ३७ | जि.वि.स. | - | १००००००।- | |
| ३८ | न.वि.स. | - | २१४७०००।- | |
| ३९ | मनोरञ्जनात्मक कर | - | २०००००।- | |
| ४० | श्री ५ को सरकार मे.फ. | - | - | |
| ४१ | विद्यालय मेचिडफिल्ड | - | - | |
| ४२ | गत बर्ष पे.फ. | ३७७८७/१० | - | |
| ४३ | धरौटी वाफत हि.मि. | - | ५१३८२०।- | |
| | **जम्मा**[1] | **१,९५,९२,५७६/२५** | **२,५३,८५,९६८/९२** | |

## खर्च विवरण

| बजेट शीर्षक | विवरण | ०५६/०५७ को यथार्थ विवरण | ०५६/०५७ को अनुमान | कैफियत |
|---|---|---|---|---|
| १.१ | तलव | ३००७८०९/५२ | ५००००००।- | |
| १.२ | भत्ता | २१११२८२/७१ | १४०००००।- | |
| १.३ | दै.भ्र.भ. | ११७३६३।- | १५००००।- | |

[1] पाचौं नगर परिषद् पुस्तिका म.न.पा. २०५७ श्रावण

| | | | | |
|---|---|---|---|---|
| १.४ | पोशाक | ८६७२७।- | ७५०००।- | |
| १.५ | राशन | ६६०००।- | ६६०००।- | |
| १.६ | औषधि उपचार | ७३८००।- | १५०००० ।- | |
| २.१ | धारा विद्युत | ६९०२५/४१ | २०००००।- | |
| २.२ | टेलिफोन महसुल | ९४२६५/१६ | १२५०००।- | |
| २.३ | अन्य सेवा | ५३१४३/३८ | ६००००।- | |
| २.४ | भाडा | २३७००।- | १००००।- | |
| २.५ | मर्मत संभार | २१०२६०।- | ३०००००।- | |
| २.६ | कार्यालय समान | १६६१५३/५० | २०००००।- | |
| २.७ | अरु मालसमान | ३९९३८/४४ | ४००००।- | |
| २.८ | छपाई | ९०३६२।- | ९००००।- | |
| २.९ | पत्रपत्रीका | ७१२८०।- | ७५०००।- | |
| २.१० | इन्धन सवारी | १६११४३ ।- | २०००००।- | |
| २.११ | अन्य प्रयोजन | ९८०।- | ५०००।- | |
| २.१२ | औषधी खरिद | १९९९८/७१ | ५०००००।- | |
| २.१३ | विविध खर्च | १६६५३२।- | १५००००।- | |
| ३.३ | आ.स.च.फु | १३३०४९/५० | २२००००।- | |
| ६.१ | फर्निचर | २३४७४/९९ | २००००।- | |
| ६.२ | सवारी साधन | ८२५०।- | १००००।- | |
| ६.३ | मेशिन औजार | - | ५००००।- | |
| | साँवाब्याज | १००००० | १३९११८०/१६ | |
| | अक्षयकोष | २७९००० | ४०००००।- | |
| ६.५ | अन्य निर्माण | ७८०८४५/६४ | - | |
| | लोडर खरिद | ३०७५०००।- | - | |
| | इन्धन खर्च | ८६४४०२/५० | - | |
| | मर्मत | ३८८९२७/९० | - | |
| १.१ | भत्ता | १८६२४४/३८ | - | |
| | अन्य खर्च | २५२०८४।- | - | |
| | फडवर कगजिहा. कमिसन | १२७२१०४१/७४ | - | |
| | न.वि.कोष वडा.१६ | १३०२४/९९ | - | |
| | सा.सु भत्ता विवरण | ४००००।- | - | |
| | विकास अनुदान ख. | १३११७००।- | २८७८७४७/३७ | |
| | न.वि.कोष तर्फ | ३२३२३७/८८ | १२३८८१/२३ | |
| | करकहि दाखिला गर्न बाकी | १९०१३३९/३९ | ६७९७९/५७ | |
| | बाकी मौज्दात | १२७६/२० | - | |
| १ | सा.सु भत्ता | १६३०९०६७/८० | - | |
| २ | नगर पालीका कोष | - | - | |
| ३ | विकास अनुदान | - | - | |

| | | | | |
|---|---|---|---|---|
| ४ | प्रशासन अनुदान | - | - | |
| ५ | नगर विकास कोष | - | - | |
| ६ | आम्दानी खाता | - | - | |
| | नगर विकास समिति सोध भर्ना | - | २१४७०००।- | |
| | धरौती खातमा सोध भर्ना | - | २५०३९७/०२ | |
| | जि.वि.स. | - | १०००००।- | |
| | विमा खर्च | - | २३०००।- | |
| | अक्षयकोष संघसंस्था | - | ३०००००।- | |
| | विगत आन्तरिक तिर्न | - | १६१५९१/१७ | |
| | विगत आन्तरिक विद्युत | - | २५९७५।- | |
| | स्कुल समेत विभिन्न योजना | - | १५५६२४।- | |
| | स्कुल चामल प्रति के.जी का दरले | - | ६७०५७।- | |
| | **<u>ग्राविल योजना विगत</u>** | - | | |
| | इन्धन | - | ४८६७०/४० | |
| | मर्मत | - | ४००६।- | |
| | भत्ता | - | ८०००।- | |
| | भाडा | - | ३२८६०।- | |
| | लोडर खरिद तिर्न | - | १००००००।- | |
| | वसपार्क ग्राभेल | - | २०००००।- | |
| | ग्यारेज निर्माण | - | २०००००।- | |
| | ग्राभेल योजना ०५७/५८ ३८५००००।- | | - | |
| | टिपर खरिद | - | १६०००००।- | |
| | साधना मर्मत | - | ६०००००।- | |
| | इन्धन | - | १२०००००।- | |
| | अन्य | - | १५००००।- | |
| | भत्ता | - | ३०००००।- | |
| | कम्प्युटर खरिद | - | ७००००।- | |
| | सर सफाई | - | १०००००।- | |
| | विद्युत जडान वडा नम्बर ४ र १८ मा | - | - | |
| | रु. १०००० का दरले अन्य वडाहरुमा ५०००।- दरले | - | ११००००।- | |
| | विष्णु मन्दिरमा फर्स निर्माण | - | १०००००।- | |
| | चामल कार्यक्रम प्रति के.जी रु १ का दरले | - | ११००००।- | |

| | | | | |
|---|---|---|---|---|
| | कुवा निर्माण छाडीघांच | - | ३०००००।- | |
| | महाकाली नदी नियन्त्रण ११, १२ र १३ | - | ५००००।- | |
| | वैरिङ जडान (बजारक्षेत्र) | - | ७५०००।- | |
| | वृक्षारोपण (बजारक्षेत्र) | - | ५००००।- | |
| | हयुम पाइप खरिद | - | २०००००।- | |
| | कमैया व्यवस्थापन कार्यक्रम | - | ५००००।- | |
| | प्रत्येक जडान ५००००।- का दरले १९ वडामा | - | ९५००००।- | |
| | शिपमुलक तालिम संचालन | - | १०००००।- | |
| | अन्य निर्माण | - | १०५००००।- | |
| | **जम्मा**[1] | | **२५३८५९६८/९२** | |

### ३.१.५. आ.व. ०५८/०५९ को बजेट

मिति २०५८ असार ५ गते देखि ७ सम्म सम्पन्न भएको महेन्द्रनगर नगरपालीकाको छैटौं नगर परिषदबाट निम्न अनुसारको आ.व. ०५७/०५८ यथार्थ विवरण र आ.व. ०५८/०५९ को अनुमानित आय र व्यय विवरण पारित गरियो ।

| क्र.सं. | आय शिर्षक | आ.व. ०५७/०५८ को यथार्थ | आ. व. ०५८/०५९ को अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | मालपोत | प्राप्त नभएको | २७५०००।- | |
| २. | घर जग्गा कर | | १०००००।- | |
| ३. | बहाल कर | | २००००००।- | |
| ४. | फिरौटी कर (फुटकर समेत) | | ४०००००।- | |
| ५. | व्यवसाय साधन कर | | १३०००००।- | |
| ६. | सवारी कर | | ३०००००।- | |
| ७. | मनोरञ्जन कर | | २०००००।- | |
| ८. | व्यवसायीक मिडिया कर | | २००००।- | |
| ९. | विज्ञापन कर | | १००००।- | |
| १०. | दाखिला कर | | ८०००००।- | |
| ११. | भाडा | | २३६७०००।- | |
| १२. | नक्सा पास | | ३५००००।- | |
| १३. | मुल्यांकन | | ४०००००।- | |
| १४. | पशुबन्दी गृह | | ५००००।- | |
| १५. | सर सफाइ | | १०००००।- | |
| १६. | सार्वजनिक शौचालय | | ५००००।- | |

[1] पाचौ नगर परिषद पुस्तिका म.न.न.पा २०५७ भाद

| | | | | |
|---|---|---|---|---|
| १७. | अतिथि गृह | | ५००००।- | |
| १८. | मदिरा उपभोग | | १०००००।- | |
| १९. | पसल कोठा नामसारी | | ९००००।- | |
| २०. | पार्क | | ५००००।- | |
| २१. | सवारी पार्किङ शुल्क | | ५०००००।- | |
| २२. | स्थानिय विकास शुल्क | | ८५०००००।- | |
| २३. | सवारी साधन दर्ता | | २५०००।- | |
| २४. | सवारी साधन नविकरण | | २५०००।- | |
| २५. | बन्दुक लाइसेन्स नविकरण | | २०००।- | |
| २६. | निवेदन दस्तुर | | ५००००।- | |
| २७. | नागरिकता सिफारिश | | १५०००।- | |
| २८. | दण्ड जरिवाना | | १०००००।- | |
| २९. | नाता प्रमाणित | | १००००।- | |
| ३० | सांवा व्याज लाभांस, बोनस | | - | |
| ३१. | धरौटी फिर्ता वा जफत | | १०००००।- | |
| ३२. | नगर विकास समिति | | २१४७०००।- | |
| ३३. | अन्य आय (लिलाम, टेण्डर, जग्गा विक्रि) | | ४७९४६४०/७८ | |
| ३४. | न्यूनतम अनुदान श्री ५ सरकार | | १७००००० ।- | |
| ३५. | सा.सु को लागि अनुदान | | २००००००।- | |
| ३६. | जि.वि.स. बाट | | २००००००।- | |
| | कुल जम्मा | | ३००८०६४०/७८ | |

## व्यय विवरण

| | | | | |
|---|---|---|---|---|
| १. | कर्मचारी तलब | | ४२६५०००।- | |
| २. | पदाधिकारीको परिश्रमीक | | ५१५०००।- | |
| ३. | कर्मचारी भत्ता | | ५००००।- | |
| ४. | बैठक भत्ता | | ८,४७०००।- | |
| ५. | लुगा भत्ता | | ७६०००।- | |
| ६. | रासन भत्ता | | ६६०००।- | |
| ७. | भ्रमण भत्ता पदाधिकारी | | १००००० ।- | |
| ८. | कर्मचारी | | ७००००।- | |
| ९. | कार्यालय सेवा खर्च | | २८५००००।- | |
| १०. | सेवा खर्च पदाधिकारी | | ५००००।- | |
| ११. | कार्यालय संचालन | | ११००००।- | |
| १२. | भाडा | | ५४०००।- | |

| | | | | |
|---|---|---|---|---|
| १३. | मर्मत तथा संभार | | ३०००००।- | |
| १४. | कार्यालय समान | | २१००००।- | |
| १५. | पुस्तक खरिद | | २५०००।- | |
| १६. | पत्रिका | | १०००००।- | |
| १७. | सवारी इन्धन | | २०००००।- | |
| १८. | अन्य इन्धन | | ५०००।- | |
| १९. | विविध खर्च | | १५००००।- | |
| २०. | भैपरि आउने खर्च | | ५००००।- | |
| २१. | खाने मालसमान | | १५००००।- | |
| २२. | तालिम गोष्ठी सेमिनार | | १०००००।- | |
| २३. | प्रचार प्रसार | | १०००००।- | |
| २४. | नगर परिषद संचालन | | ५००००।- | |
| २५. | नगर सरसफाई खर्च | | ११३७२००।- | |
| २६. | सडक बत्ति जडान | | ५०००००।- | |
| २७. | डकुमेन्टी निर्माण | | २५०००।- | |
| २८. | अनुदान | | १०००००।- | |
| २९. | सदस्यता शुल्क | | ५००००।- | |
| ३०. | आर्थिक सहायता | | २०००००।- | |
| ३१. | पुरुस्कार | | १५०००।- | |

## ३.२. नगर परिषद बैठकका निर्णयहरु सम्बन्धी जानकारी

बहुदलिय व्यवस्था पुन स्थापित पछि भएको दोस्रो स्थानिय निकाय निर्वाचन २०५४ बाट स्थापित हुन गएको महेन्द्रनगर नगरपालिकाको नगर परिषदले आफ्नो पांच बर्षे कार्यकालमा जम्मा सात वटा नगर परिषद बैठकहरु सम्पन्न गर्‍यो । स्थानिय स्यायत्त शासन ऐनमा कम्तीमा पनि बर्षको दुई पटक हुनु पर्ने परिषद बैठक विभिन्न किसिमका कठिनाईहरुले गर्दा २०५४ साल र २०५६ सालमा मात्र दुई दुई वटा र अन्य बर्षहरुमा एक एक वटा मात्र नगर परिषद बैठकहरु बसी नगर को विविध विषय सम्बन्धी निर्णयहरु गरिए, यस कार्यकालमा बसेका प्रथम देखि सातौ नगर परिषद बैठक सम्बन्धी महत्व पूर्ण निर्णयहरु संक्षिप्त रुपमा तल उल्लेख गर्ने प्रयास गरिन्छ । नगर परिषद नगरपालीकाको सवैभन्दा उच्च निकाय भएको कारणले गर्दा पनि यसका निर्णयहरु बारे उल्लेख गरिनु आवश्यक मानिन्छ ।

### ३.२.१. प्रथम नगर परिषद बैठक २०५४ भाद्र २३ :

२०५४ साल जेठ महिनामा निर्वाचन बाट गठन भएको नव निर्वाचित नगर परिषदको प्रथम वैठक २०५४ साल भाद्र २३ गते सम्पन्न भयो , यस परिषद बैठकले गरेका केही महत्वपूर्ण निर्णयहरु निम्न अनुसार छन ।

**निर्णय नं. क** : यस महेन्द्रनगर नगरपालीकाको आ.व ०५३/०५४ यथार्थ आय र आ.व. २०५४/०५५ को लागि अनुमानित आय विवरण छलफल पश्चात पारित गरियो ।

**निर्णय नं. ख** : आ.व. ०५३/०५४ को यथार्थ खर्च र नयां आ.व. ०५४/०५५ को लागि अनुमानित खर्च समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ग** : यस आ.व.को अनुमानित आय व्ययमा आम्दानी भन्दा खर्च बढि हुने देखिएकोले नपुग रकम आगामी बर्षमा तिर्ने निर्णय गरियो ।

**निर्णय नं. घ** : कार्यालयको फोन, नगरप्रमुख निवासको फोन, डिपोको फोन, रु ५०० उपप्रमुख निवासको फोन रु ३०० तथा लेखा अधिकृतको निवासको फोनको लागि रु २५० दिने निर्णय गरियो ।

**निर्णय नं. ङ** : कार्यालय समान, वडा कार्यालयहरुको सामान समेत खरिद गर्दा नियमानुसार कोटेसन माग गरेर मात्र खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. च** : नगरपालिका सदस्यको लागि साइकल र कार्यालयको लागि एक थान मोटरसाइकल खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. छ** : गत आ.व.का असुल गर्नु पर्ने रकम आवश्यक कारवाही गरि असुल उपर गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ज** : विगत अम्बको आर्थिक अनियमितता लाई लेखा समितिको आवश्यक कारवाही गरी नियमीत हुन सक्ने नियमित गर्ने र नियमीत हुन नसक्ने लाई असुल उपर गर्ने ।

**निर्णय नं. झ** : श्रमजिवि मजदुरहरुको हित लाई ध्यानमा राखि मजदुर कलौनीको व्यवस्थाका लागि नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ञ** : यस महेन्द्रनगर उत्तरी भेगको मसानघाट हुने ठाउ महाकाली नदीको कटानले भारत तर्फ भएको र उक्त ठांउमा शव लैजादा भारतीय पक्षबाट अनेकौ किसमका झन्झटहरु भइ राख्ने हुदा सो को आवश्यक व्यवस्थाका लागि नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ट** : महाकाली अञ्चल अस्पतालमा इन्सफ्लाइटीस रोगको औषधिको लागि आर्थिक सहयोग माग भएको हुदा न.पा. बाट सक्दो सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ठ** : गड्डाचौकी क्षेत्रमा बसपार्क नहुदा साह्रै असुविधा भइ रहेको हुदा बस पार्कको व्यवस्थाका लागि सम्बन्धीत निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ड** : यस कञ्चनपुर जिल्लमा मदिरा निशेधित भएता पनि महेन्द्रनगर बजार र अन्य न.पा. क्षेत्रमा पनि मदिराको बिक्रि वितरण भइरहेको हुदा सो को नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाउन जि.वि.स. तथा जिल्ला प्रशासन कार्यालयमा समेत अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ढ** : महेन्द्रनगर स्थित महाकाली अञ्चल अस्पतालमा दरबन्दी अनुसारका डाक्टरहरु, आवश्यक उपकरण एव औषधी समेतको व्यवस्था नहुदा सानो विमारीलाई पनि भारत तिर लैजानु पर्ने बाध्यता लाई ध्यानमा राखि आवश्यक औषधी उपकरण र अन्य सामान तथा दरबन्दी अनुसारका डाक्टरहरुको समेत व्यवस्थाका लागि श्री ५ को सरकार स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ण** : कृषकहरुले उत्पादन गर्ने खाद्यान्नहरुको समर्थन मुल्य नतोकिएको कारणले गर्दा किसानहरुलाई ठूलो असुविधा हुने भएकोले खाद्यान्नहरुको समर्थन मुल्य तोकि दिन श्री ५ को सरकार र सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. त :** नगरपालिका क्षेत्र भित्रमा हुने व्यापारमा दररेटको विभिन्नता एव दैनिक उपभोग्य बस्तुहरुको समय समयमा अभावहुने समस्या देखिएकोले दर भाउ नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. थ :** न.पा.को अध्यादेश अनुसार १४ (घ)२ बमोजिम निम्न अनुसारको लेखा समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| वार्ड सदस्य श्री पुस्कर बहादुर विष्ट संयोजक वा.नं. | ३ |
| वार्ड सदस्य श्री फुलपति राम डगौरा सदस्य वा.नं. | १ |
| वार्ड सदस्य श्री प्रताप नाथ सदस्य वा.नं. | ९ |
| परिषद सदस्य श्री मोहन पाल सदस्य वा.नं. | १७ |
| महिला सदस्य श्री चन्द्रा देवी धामी सदस्य वा.नं. | १८ |

**निर्णय नं. द** : यस महेन्द्रनगर नगरपालीकामा महिला, सिप विकासको लागि सिप मुलक तालिम सञ्चालन गर्नुपर्ने भएको हुदा उक्त तालिम सञ्चालन गर्न निम्न अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| महिला सदस्य श्रीमती सिता के.सी. | संयोजक |
| महिला सदस्य श्रीमती बालादेवी नाथ | सदस्य |
| महिला सदस्य श्रीमती पूतली देवी बडू | सदस्य |
| महिला सदस्य श्रीमती लक्ष्मी रावल | सदस्य |
| परिषद सदस्य श्रीमती नरमा देवी सुनार | |
| महिला सदस्य श्रीमती सरस्वती कार्की | |
| महिला सदस्य श्रीमती सन्ध्या थापा | |

**निर्णय नं. ध** : निम्न अुनसारका बार्डहरुमा निम्न अनुसारका समस्या भएको हुदा नगर परिषद मार्फत जिल्ला परिषद मा माग गर्ने निर्णय गरियो ।

१. वार्ड नं. १० का विद्यालयहरुमा एक एक थान सार्वजनिक शौचालय बनाउनु पर्ने ।
२. मालपोत कार्यालयमा रजिष्ट्रेशन पास गर्दा बाकि प्रतिशत रकम लाग्ने भएको आवश्यक व्यवस्था मिलाउन सम्बन्धी निकायमा अनुरोध गर्ने ।
३. वार्ड नं. ११,१२,१३ का महाकालीको पूर्वि किनारका महाकाली नदीबाट कटान गरि उर्वर भूमीलाई बालुवाले बर्षेनि पुर्दै गएकोमा सो नियन्त्रणको लागि जिल्ला परिषदमा अनुरोध गर्ने ।
४. आरक्ष विस्तार संग जोडिएका वार्डहरुमा आरक्ष भित्रबाट सडेगलेका दाउरा पाउने व्यवस्था गर्ने ।
५. वार्ड नं. १९ मा अनेक किसमका चोरी, डकैती, रक्सी विक्रि एव सेवन गरि अनैतिक, असामाजिक कार्यहरु भै रहेकोमा सो ठांउ शान्ति सुरक्षा को लागि अस्थायी प्रहरी चौकीको स्थापनको लागि अनुरोध गर्ने ।
६. यस महेन्द्रनगर नगपालिकाको वार्ड नं. ९,१०,१३,११,१२ को महाकाली किनारामा नदी कटान रोक्न र पर्यावरण स्वस्थ्य राख्न वृक्षारोषणको व्यवस्था गर्न अनुरोध गर्ने ।
७. वार्ड नं. ७ मा स्वास्थ्य चौकी निर्माणको लागि अनुरोध गर्ने ।
८. यस नगरपालीकाको वार्ड नं. ११,१२,१४ र १६ को भुजेला खोलामा पायक पर्ने ठांउमा पुलको व्यवस्था लागि अनुरोध गर्ने ।
९. यस न.पा. १२,१३,१४, र १६ को पायक पर्ने स्थानमा हेल्थ पोस्ट स्थापनाको लागि माग भई आएकोमा सो को व्यवस्था गरिदिन जिल्ला परिषदमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. न** : यस म.न.न.पा.को प्रथम नगर परिषद बाट निम्नअनुसारका योजनाहरु छनौट गरि जिल्ला परिषदमा पठाउने निर्णय गरियो ।

१. कालीका प्रा.वि.मा. २ कोठा थप -वार्ड नं. ६)
२. त्रिवेणी प्रा.वि.मा २ कोठा मर्मत -वार्ड नं. ६)
३. शान्ति निकेतन २ कोठा थप
४. सत्यवादी प्रा.वि.मा छाना मर्मत
५. तिलाचौर त्रिभुवन मा.वि.मा ३ जना शिक्षक थप दरवन्दी

## ३.२.२. दोस्रो नगर परिषद बैठक २०५४ चैत्र :

महेन्द्रनगर नगरपालीको नयां निर्वाचित नगर परिषदको दोस्रो नगर परिषद बैठक मिति २०५४ साल चैत्र ३ गते सम्पन्न भयो । यस परिषद बाट भएका केहि महत्वपूर्ण निर्णयहरु निम्नअनुसार छन ।

क) आर्थिक बर्ष २०५४/०५५ को वास्तविक आय व्यय विवरण समर्थन का साथ साथै आगामी आर्थिक बर्ष २०५५/०५६ को लागि अनुमानित आय व्यय विवरण पारित गरियो ।

ख) नगरपालिकाको नगर विकासमा सहयोग पुऱ्याउने उद्देश्यले एक थान लोडर भ्याकु खरिद गर्ने निर्णय गरिन्छ ।

ग) यस न.पा. अन्तर्गत सञ्चालन हुने टेम्पु, रिक्सा तथा तांगा को दररेट निर्धारण गरी गड्डाचौकी र महेन्द्रनगरमा राख्न लगाउने निर्णय गरियो ।

घ) आ.व. २०५३/०५४ को म.ले.प. प्रतिवेदन ऐन कानुनले नियमित हुन सक्ने नियमित गराउने र गराउनुहने किसमको रकम असुल उपर गर्न समेत न.पा. बोर्ड लाई सुझाव दिने निर्णय गरियो ।

ङ) चुगिंकर उठाउने प्रकृया मिलाउन न.पा. लाई अधिकार दिने निर्णय गरियो ।

च) यस न.पा. अन्तर्गत आरक्ष संग जोडिएका विभिन्न वार्डहरुमा हात्ति आइ बर्सेनि खेति नोक्सान गर्ने भएकोले हुदा क्षतिपुर्ति दिलाई दिन सम्बन्धीत निकायमा अनुरोध गरि पढाउने निर्णय गरियो ।

छ) वार्ड नं. १९ को आ.व. ०५४/५५ को बजेटमा जिल्ला सिचाइ मार्फत इस्टमेट भइ निकाशा भएको रु ३००००० (तिन लाख) जि.वि.स. वाट कटौती भएको भनि न.पा. सदस्य लक्ष्मी प्रसाद जोशीले निवेदन दिएको हुदा उक्त रकम जि.वि.स. ले कटौती गरियो यसमा आपत्ती जनाउदै पुन उक्त रकम मागको लागि सम्बन्धीत निकायमा लेखि पठाउने निर्णय गरियो ।

ज) वार्ड नं. १४ बाट सिफारिश भइ मासिकाको लागि तालिम लिई रहेकी विमला सावदलाई पाउने सुविधा दिलाई दिन जि.वि.स. समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

झ) वार्ड नं. ४ मा विद्युत विस्तार तथा टेलिफोन लाइन जडानका लागि सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

ञ) जिल्ला भलिवल संघ द्धारा मिति २०५४/१२/१६ देखि सञ्चालन हुने पुरुष तथा महिला भलिवल टिम छनौट गरि पठाउन सबै वार्डहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

ट) वाडं नं. ६ कालीका प्रा.वि.को लागि क्षतिग्रस्त छाना मर्मतको लागि न.पा. वोर्डमा अनुरोध गर्ने निर्णय गरियो ।

ठ) वार्ड नं. १४ स्याउली बजारमा ह्युमपाइप व्यवस्था गरिदिन म.सि.प. मा अनुरोध गर्ने निर्णय गरियो ।

ड) महेन्द्रनगर नगरपालिका वाट स्मारिका निकाल्ने आवश्यक व्यवस्था गर्ने ।

ढ) नगरपालिकाको लागि एक जना अमिनको व्यवस्था गर्ने निर्णय गरियो ।

ण) ने.क.पा. एमाले केन्द्रिय कमिटि सदस्य एव दार्चुला जिल्लाबाट ने.क.पा. एमाले बाट निर्वाचित प्रतिनिधि सभा सदस्य क. प्रेम सिंह धामी को मिति २०५४/५/२७ मा जिप दुर्घटनामा परि असामयिक निधन भएकोले शोक संतप्त परिवार प्रति यो परिषद गहिरो समवेदना प्रकट गर्दछ ।

त) २०४६ सालको जनआन्दोनलका कमाण्डर तथा प्रजातान्त्रवादी नेता श्री गणेश मान सिंहको असामयिक निधन भएकोमा शोक संतप्त परिवार प्रति यो परिषद गहिरो समवेदना प्रकट गर्दछ ।

थ) प्रजातन्त्रका सेनानी मुकुन्दराज चालिसेको असामयिक निधन भएकोमा शोक सन्तप्त परिवार प्रति यो परिषद गहिरो समवेदना प्रकट गर्दछ ।

द) हाल देशमा विद्यमान बढ्दो महंगी भ्रष्टाचार आदीका बारेमा यो नगर परिषद घोर विरोध प्रकट गर्दछ ।

ध) रिङरोड र ओभरहेड टंकी निर्माणका लागि जि.वि.स. मार्फत श्री ५ को सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

न) शारदा ब्यारेज पुलको ढोका सिमित समय सम्म खुला रहने हुदा सो बाट आम नेपालीहरुमा आवतजावत गर्न विमारी मानिस लैजान समेत कठिनाई उत्पन्न भएको हुदा उक्त पुलको ढोका १२ घण्टा खुला राख्न श्री ५ को सरकार परराष्ट्र मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

प) यस न.पा. अर्न्तगत बडैपुरमा रहेको एक विगाहा जग्गा छुटाई सोमा तारवार गरि वृक्षारोपण गराउने निर्णय गरियो ।

### ३.२.३. तेस्रो नगरपरिषद बैठक २०५६ असार :

नगरपालिकाको तेस्रो नगरपरिषद बैठक २०५६ साल असार २९ मा सम्पन्न भयो , यस नगर परिषदले गरेका केहि महत्वपूर्ण निर्णयहरु निम्न अनुसार छन ।

क) न.पा. बैठकबाट पेश हुन आएको ०५५/०५६ को जेष्ठ मसान्त सम्मको आय व्यय समर्थन गर्दै नयां आ.व. २०५६/०५७ अनुमानित आय व्यय विवरण बजेट पारित गर्ने निर्णय गरियो ।

ख) स्थानिय स्वयत्त शासन ऐन २०५५ को विविध परिषद् ४ को २६४ निहीत अधिकार प्रयोग गरि सोही ऐनको दफा ९४ को उपदफा १ क योजनाको वांडफांड सम्बन्धी र घ.ड.च. मा रहेको अधिकार दफा १३५ को उपदफा २ मा रहेका लेखा परिक्षक नियुक्ति गर्ने अधिकार समेत नगरपालीकाले नै प्रयोग गर्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

ग) यस नगरपालिकाको स्वामित्वमा रहेको नगरपालिका कार्यालय को जग्गाको उत्तर र पश्चिममा अतिक्रमण गरि विगत देखि नै न.पा.ले लालपुर्जा पाउनु भन्दा अघि देखि नै बसोबास गरि रहेको व्यक्तिहरु लाई हटाउन व्यावहारिक दृष्टिकोणले पनि नमिल्ने र नसकिने हुदा सो जग्गाको उत्तरतर्फ सो जग्गाको प्लाटिङ गरि लामो समय देखि बसोबास गरि आएका देखिन आएकोले क्षेत्रफल ०-४-१ को जग्गा विक्रि वितरण गर्न स्थानिय विकास मन्त्रालय संग स्विकृतिको लागि माग गर्ने निर्णय सर्वसम्मती बाट पारित गरियो ।

घ) महेन्द्रनगर नगरपालिका भित्र बन्न लागेको नयां बसपार्क पहिले नगरविकास कोष बाट प्राप्त ऋणमा नगरपालिकाको निर्माण गरि रहेकोमा आर्थिक अभावले गर्दा नगरपालिकाले नै निर्माण कार्य पुरा गर्न नसकेकोले महेन्द्रनगर नगरविकास समितिले आफ्नो लगानीमा सो नयां बसपार्क निर्माण कार्य पुरा गर्ने बारेमा सम्झौता अनुसार सो नयां बस पार्क निर्माण भएपछि सो बाट प्राप्त हुने आम्दानी नगरपालिका र नगरविकास समितिले आधा आधा गरी लिने बारेमा भएको सम्झौता सर्व सम्मति बाट पारित गरियो ।

ङ) विकास निर्माणका आयोजनाहरु सञ्चालन गर्दा गराउदा जन श्रमदानको पक्ष हुदै नभएको कारणले गर्दा आयोजना सञ्चालन गर्न बढि रकम लाग्ने र न.पा.को आय स्रोत त्यति रकम व्यहोर्न सक्ने किसमको नभएकोले यस्ता विकास निर्माणका काम गराउदा उपभोक्ता समिति गठन गर्दा सोही अनुसार सम्झौता गरि कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

(च) विकास निर्माणका आयोजनाहरु कार्यानवयन गर्न सम्झौता गरीसके पछी पहिलो पटक ४० प्रतिशत पेश्कि दिने र त्यस पछी जनश्रमदान समेत समावेस गरि प्राविधिक मुल्याकन प्राप्त भएमा दोस्रो किस्ता वाफत वाफत ४० प्रतिसत दिने र अन्तिम वाकी किस्ता २० प्रतिशत आयोजनाहरुको करवाफत भएपछि मात्र दिने तर सुरुमा नै निर्माण सामग्री जस्तै: सिमेन्ट, छड, पाईप, पोल तार जस्ता आदि खरिद गर्नु पर्ने प्रकृतिको आयोजना हरुका लागी सम्वन्धित प्राविधिक को मुल्याकन सहितको सिफारिसमा वढिमा ७० प्रतिशत सम्म पहिलो किस्ता स्वरुप उपलव्ध गराउने निर्णय गरियो ।

(छ) यस न.पा. भित्र सार्वजकि जग्गाहरुको संरक्षण गर्ने दायित्व र सोभा हुन सक्ने अतिकमण रोक्ने अधिकार स्थानिय स्वापत्र शासन ऐन २०५५ ले न.पा. लाई प्रदान गरेको र त्यस्ता सार्वजनिक जग्गाहरु सो न.पा को स्थायी स्वामित्वमा भएको खण्डमा अन्य व्यक्ति वा निकायबाट अतिक्रमण र हस्तक्षेप रोकिन गई संरक्षण हुने र सो लाई सदुपयोगमा ल्याउन पनि सकिने हुदा यस्था सार्वजनिक जग्गाहरुको लगत बनाई यस न.पा को नाउमा दर्ता गरिदिने ब्यवस्था हुन सम्बन्धीत निकायमा माग गरि पठाउने निर्णय गरियो ।

(ज) यस न.पा भित्र न.बि.स को अधिनमा रहेका वा बिक्री गरेका जग्गाहरुमा न.पा बाट नक्सा पास नगरि घर बनाउने र नक्सापास भएतापनि निर्धारित मापदण्ड विपरित बनाउने प्रकृया व्यापक रुपमा बड्दैं गईरहेको सन्दर्भमा यस्तो अनियमित काम गर्न नदिन र तुरुन्त रोक्ने आवश्यक कारवाहि गर्नका लागि न.बि.स मा अनुरोध गरि पठाउने निर्णय गरियो ।

(झ) विकास निर्माणका आयोजनाहरु संचालन गर्दा गराउँदा प्रथमिकताको आधारमा निम्नस्तरमा वर्गीकरण गरि स्विकृत गर्ने गराउने निर्णय गरियो :-

(१) वार्डस्तरबाट संचालन हुने ।
(२) नगरस्तरबाट संचालन हुने ।
(३) जिल्ला स्तरबाट संचालन गर्न अनुरोध गर्ने ।
(४) केन्द्रीय स्तरबाट संचालन गर्न अनुरोध गर्ने ।

(ञ) यस न.पा का वार्ड कार्यालयहरु खोलि कार्य संचालन गर्दा एकातिर घरभाडाको रकम व्यहोर्न परि आर्थिक ब्यवहार बढि पर्न गएको छ भने अर्को तर्फ वडाका जनताहरुको काम पनि धेरैजसो वडा कार्यालयहरुबाट नभई सिधै न.पा वाट नै हुने गरेकोले र साथै कार्यालयमा दैनिक कामकाज गर्न कर्मचारिहरुको पनि अभाव न.पा को आर्थिक स्थिति बस्तु स्थितिलाई विचार गर्दा वडाका कार्यालहरुका हालको परिस्थितिमा कुनै औचित्य नदेखिएकोले हाललाई वडा कार्यालयहरु वडाबाट हटाउने २ वडा सचिव लाई यस कार्यालयमा बोलाई यहि वाट नै वडाको काम गराउने र अन्य काममा समेत लगाउने निर्णय गरियो[1] ।

(ट) महेन्द्र राजमार्गको महेन्द्रनगर व्रहृमदेब खण्डको निमार्ण गर्दा यसमा पर्ने यसमा पर्ने जग्गामा कतिपय परिवारहरु विस्थापित हुने र सुकुम्वासी हुने स्थिती का लागि श्री ५ को सरकार संग अनुरोध गर्ने निर्णय गरियो ।

ठ) यस न.पा. क्षेत्र भित्र विद्युत प्राधिकरण बाट जडान भएका हाइटेन्सन लाइन को क्षेत्रभित्र पर्ने जग्गामा घर निर्माण गर्न नपाईने अरु मार्का परेकोले यस्ता जग्गाहरुको क्षतिपुर्ति दिलाई दिन श्री ५ को सरकार संग अनुरोध गरिपठाउने निर्णय गरियो ।

ड) यस न.पा. क्षेत्रमा न.पा. ले गाडेका विद्युत पोलमा यथाशीध्र विद्युत लाइन जडान गरिदिन नेपाल विद्युत प्राधिकरणमा अनुरोध गरि पाठाउने निर्णय गरियो ।

[1] तेस्रो नगर परिसद पुस्तिका २०५६ असार

ढ) मदिरा निशेधित क्षेत्रमा हाल सम्म प्रहरीबाट मा छापा मारिएको सन्दर्भमा जनगुनासो भएकोले मदिरा निशेधित क्षेत्र यथावत रहेमा छापा मार्दा जनप्रतिनिधि, पार्टी प्रतिनिधि र अन्त शुल्क प्रतिनिधि समेतको रहोवरमा समेत हुने गरि व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

ण) नगर विकास समिति द्धारा प्रस्तावित नयां बसपार्क सालघारीमा बनाउने प्रकृया अगाडी बढाउन न.वि.स. लाई अनुरोध गर्ने र न.पा. को पनि सहयोग गर्ने निर्णय गरियो ।

त) आ.व. २०५६/५७ मा निम्न अनुसारको योजना संचालन को व्यवस्था हुन जि.वि.स. र अन्य सम्बन्धीत विभाग मन्त्रालय एव संस्थाहरुमा समेत अनुरोध गर्ने निर्णय गरियो ।

क) वा.नं २ देखि सुडा गांउ विकास समिति हजारा जाने बाटोमा पुल सिद्धनाथ बैजनाथ मन्दिर निर्माणमा जि.वि.स.मा माग गर्ने ।

ख) चमन चौराहा देखि वा.नं. ३ विष्णु मन्दिर सम्म जाने बाटो कालो पत्र गर्न माग गर्ने ।

ग) वा.नं. १८ वरपिपल हुदै गोवरैया जाने बाटो मर्मत ।

घ) वा.नं. १ को रौटेला सिचाइ कुलो र रौटेला खोलाको रोकथाम ।

ङ) वा नं. १ मा प्रगति युवा प्रा.वि. स्कुल स्विकृति ।

## ३.२.४. चौथो नगर परिषद बैठक २०५६ पौष :

नगरपालीकाको चौथो नगर परिषद बैठक २०५६ साल पौष १९ गतेका दिन सम्पन्न भयो यस परिषदले गरेका निर्णयहरु सम्बन्धी खास राम्रो किसमको जानकारी उपलब्ध हुन सकेन तापनि केही निर्णयहरु निम्न अनुसार छन् ।

क) आ.व. ०५५/०५६ को यथार्थ आय व्यय विवरण समर्थन गर्ने निर्णय गरियो ।

ख) आ.व. ०५६/५७ को बजेट आय व्यय अनुसार पारित गरियो ।[1]

१. नगरपालिका बाट मिति २०५६/९/११ गतेको बैठकबाट निर्णय भई पेश हुन आएको मञ्चको पूर्व पट्टीको जग्गामा रु १४०००० अग्रिम लिने गरि २० बर्ष को लागि न.पा. ल.इ. बमोजिम लक्ष्मीदत्त बोहराले नै कोठा निर्माण गर्ने गरि निजमा दिएको निर्णय सम्बन्धमा आवश्यक छलफल हुदा उपरोक्त रकम रु १४०००० मा प्रत्येक ५ बर्ष पछि १० प्रतिशत का दरले रकम वृद्धि हुने गरि निजलाई दिने निर्णय गरियो ।

२. लेखा समिति लाई निम्न अनुसार काम, कर्तव्य र अधिकार दिने निर्णय गरियो ।

**तपशिल**

क) दफा १५ को ५ नगरपालिको बार्षिक बजेट आर्थिक विवरण लेखा परिक्षण प्रतिवेदन बेरुजु आदी बारेमा अध्ययन गरि नियम पूर्वक खर्च भए नभएको बारेमा र सो अपनाउनु पर्ने र अन्य आर्थिक कारोबारमा राय पेश गर्ने ।

ख) नगरपालिकाको उठाउने कर दस्तुर असुली प्रभाव उठतीको अवस्थाको बारेमा सुझाव गर्नु पर्ने भएको सो को अवस्था हेरी सिफारीस गर्ने ।

ग) नगर क्षेत्रका ब्लक नम्बरहरु अद्यावधिक राख्न सकेमा कर चुहावट कम गर्न मद्दत गर्ने हुदा यस तर्फ प्रभाव कारी कदम उठाने ।

३. नगरपालिकाको चल अचल सम्पत्ती र जिन्सी मालसामानहरुको श्रेष्ता अद्यावधिक छ छैन छानविन गर्ने र अद्यावधिक गर्न लगाउने ।

४. निर्धारित बजेट भन्दा कुनै पनि हालतमा बढि रकम खर्च नगर्ने नगराउनका लागि लेखा शाखा लाई कडा निर्देशन दिने र सो विपरित काम गरेमा कडाइका साथ कारवाही गर्ने ।

[1] बाकी निर्णयहरु प्राप्त हुन सकेनन्

(५) प्रत्येक शाखा तथा फाटलाई चाहिने मसलन्द हरु : कागत, कलम मसि लगायतका अन्य सरसमानहरु प्रत्यक शाखा वा फाँटवाला वाट लगत लिई स्टोर शाखा एकमुस्ट लगत वनाउने र सोहि आधारमा मात्र विनियोजित बजेटको अधिनमा रहि खरिद गर्ने व्यवस्था गर्ने स्टोरबाट माग गर्दा शाखा प्रमुख फाट प्रमुखको सिफारिसमा मात्र खर्च लेख्ने ।

(६) ग्यारेजको अभावमा घामपानिले सवारि साधन पुर्ण रुपमा क्षेति भएको देखिन आएकोले यसको लागि तत्काल टिन हालि काठको खम्बा लगाई अस्थाई ग्यारेज बनाई सवारिसाधन ग्यारेजमा राख्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

(७) बिकास निर्माणमा छुट्याउने वार्षिक वजेटलाई ऐन नियम अनुसार प्रत्येक वडावाट प्राथमिकताको आधारमा योजना हरु माग गरि यसलाई नगरपालिका वोर्ड वाट अन्तिम रुप दिई परिषद् वाट पारित गरेमा योजनाबद्ध रुपमा मात्र कार्यक्रम संचालन गर्न सकेमा वढि प्रभावकारि हुने देखिएको कारण आ व. ०५७/५८ देखि लागु गर्ने निर्णय गरियो ।

(८) स्थानिय स्वायत्त शासन ऐन अनुसार ऐनको २०५५ को परिच्छेद ७ आर्थिक व्यवस्थाको दफा १३५ को उपदफा १ देखि ५ सम्मको लेखा परिक्षण र सो बाट उठेको बेरुजुहरु फर्छ्यौट गर्ने नियमित गर्ने, असुल गर्ने ठहर भएमा सरकारी रकम सरह असुल गर्ने कानुनी व्यवस्था भएको कारणले गर्दा देखिएका बेरुजुहरु असुल उपर गर्ने निर्णय गरियो ।

९. जनप्रतिनिधिहरुलाई दिएको औषधि उपचार वाफतको रकम नगरपालीका वार्डको निर्णयबाट नै लिएको देखिएको कारणले गर्दा उक्त दफामा उल्लेखित प्रकृया पूरा गरि महालेखा परिक्षकमा जानकारी दिनुपर्ने ।

१०. विगतका नगर प्रमुख, उप प्रमुख, वडाध्यक्ष ज्यु हरुलाई दिएको टेलिफोन सुविधा विगतको न.पा. बोर्डको बैठक निर्णय अनुसार गर्ने निर्णय गरियो ।

११. नगरपालिका स्रोत बाट सञ्चालन हुन नसकेका तपशिल अनुसारका योजनाहरु को निमित्त निम्न अनुसार ठांउमा लेखि पठाउने निर्णय गरियो ।

क) यस न.पा. अर्न्तगत वा.नं. १३, १४, १२, १६ को पायक पर्ने ठांउमा स्थायी प्रहरी चौकीको व्यवस्था मिलाई दिनु अनुरोध गर्ने निर्णय ।

ख) तेस्रो चरणको नहर निर्माण गर्दा घाडीघांच बाट निर्माण गराई दिएमा धेरै जनतालाई सुविधा पुग्ने हुदा श्री ५ को सरकारमा लेखि पठाउने ।

ग) महेन्द्रनगर ब्रहमदेव बाटो निर्माण गर्दा विस्थापित हुनेहरुलाई जग्गा सट्टा भर्ना गर्न अनुरोध ।

घ) मनमोहन अधिकारी स्मारक को लागि आगामी आ.व.मा रु १०००० (दश हजार) मात्र दिने निर्णय गरियो ।

## ३.२.५. पांचौ नगर परिषद बैठक २०५७ श्रावण :

यस नगरपालीकाको पांचौ नगर परिषद बैठक २०५७ साल श्रावण १७ गते सम्पन्न भयो । यस नगर परिषदले गरेका केहि महत्वपूर्ण निर्णयहरु यहा उल्लेख गरिएको छ ।

क) औषधि उपचार शिर्षक अन्तरगत जनप्रतिनिधिहरुको चौथो नगर परिषदबाट निर्णय भए बमोजिम रकम भन्दा बढि सम्बन्धीत जनप्रतिनिधि बाट असुल उपर गर्ने र कर्मचारीहरुको हकमा निजहरुले पाउने औषधि उपचार खर्च बाट कट्टी गर्ने निर्णय गरियो ।

ख) हाल सम्मका बेरुजु तथा आ.व. ०५५/०५६ को अन्तिम लेखा परिक्षण बाट देखिएका बेरुजु सम्बन्धमा स्थानिय स्वायत्त शासन ऐन २०५५ को दफा १३५ को उपदफा ५ मा गर्नुपर्ने कार्यहरु लेखा समितिको सुझाव अनुसार समर्थन हुनेमा समर्थन गर्दै अन्य नियमित प्रकृया अपनाई लेखा समितिले नै गर्न सक्ने अधिकार प्रत्यायोजन गरियो ।

ग) प्रत्येक वडामा छुट भएको रकम रु ५,००,००० वार्ड समितिको सर्वसम्मत निर्णय पछि योजना छनौट गरि कार्य गरिने छ । त्यस्तो निर्णय वडा समितिमा हुन नसकेमा न.पा. वोर्डको निर्णय बमोजिम हुनेछ ।

घ) ह्यूमपाइप खरिद, महाकाली नदि नियन्त्रण, खानेपानी कुवा शिर्षकमा विनियोजित रकम कम देखिएकोले बजेटको अवस्था हेरि बढाउन सक्ने स्थिती सम्म उक्त बजेट शिर्षकमा रकम बढाउन न.पा. लाई सुझाव दिने निर्णय गरियो ।

ङ) नगरपालीकाको समग्र स्थितीलाई समेट्ने गरि बुलेटिन प्रकाशित गर्न न.पा. लाई निर्देशन दिने निर्णय गरियो ।

च) खानेपानी धारा जडान गराउनु पर्दा एकातिरको लाइनबाट अर्को तर्फ प्रत्येक घरको लागि धारा जडान गरिनु पर्ने सडक ठांउठांउमा काट्नु पर्ने भइ सडक क्षतिग्रस्त हुने हुदा गल्लीहरुको दुवै साइडमा खानेपानीको लाइन विस्तार गरि दिन जिल्ला खानेपानी कार्यालयमा अनुरोध गरि पठाउने निर्णय गरिन्छ ।

छ) खानेपानी धारा जडान गर्दा प्राविधिक वाट मरमत गराउनु पर्ने गराई सो अुनसार लाग्ने रकम लिएर मात्र सिफारिस गर्ने निर्णय गरिन्छ ।

ज) नगरपालिकाको विकास योजना सम्बन्धमा जि.वि.स.का पदाधिकारी ज्यू बाट भ्रमपूर्ण प्रचार भएको भन्ने जनगुनासो भएको हुदा यथार्थ कुरामात्र प्रचार गरिदिन हुन जि.वि.स. पदाधिकारी ज्यू हरुमा अुनरोध गर्ने निर्णय गरियो ।

झ) वडाध्यक्ष वडामा नभइ का.वा. दिएको व्यक्तिलाई सो अवधि भित्र हुने न.पा. बैठकमा आमन्त्रीत गर्ने र सो अवधिको सुविधा समेत दिने निर्णय गरिन्छ ।

ञ) पाचौ नगरपरिषदको बजेट पुस्तीका तयार गरि सवै न.पा. सदस्यहरुमा पठाउने निर्णय गरियो ।

ट) छुट्टै कुनै एक वार्डमा मात्र नपरी धेरै वार्डहरुको विचमा पर्ने सार्वजनिक बाटोहरु र अति समस्याग्रस्त स्कुल लाई समेत आवश्यक बजेट व्यवस्था गरि निर्माण गर्ने निर्णय गरियो ।

ठ) न.पा. सदस्य ज्यू हरुलाई वार्ड समितिमा बैठक बसे वाफत दैनिक वैठक भत्ता रु १०० र सुविधा भत्ता प्रत्येक लाई मासिक रु. २०० दिने र सभामुख लाई परिषदको समयमा सञ्चालन सुविधा वाफत प्रतिदिन रु. २०० दिने निर्णय गरिन्छ ।

ड) यस नगरपालिका वाट समय मिलाई प्रत्येक वार्ड वाट महिला समेत सहभागी भएको टोली अध्ययन अवलोकन भ्रमणमा पठाउने निर्णय गरियो ।

ढ) यस नगरपालीकाको कर्मचारीहरुको पद पूर्ति समिति को अध्यक्ष तोक्ने छनौट गर्ने र समितिले पाउने सुविधा तोक्ने अधिकार स्थानिय स्वायत्त शासन नियमावली २०५६ को नियम २१५ मा पदपूर्ति सम्बन्धी समिति गठन सम्बन्धी व्यवस्था भएको र हाल न.पा. हरुमा कर्मचारीहरु पदपूर्ती गर्ने आवश्यकता रहेकोले सोही नियमावलीको व्यवस्था बमोजिम स्थानिय निकायले आफुलाई प्राप्त अधिकार मध्ये अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था बमोजिम पदपूर्ति समिति गठन सम्बन्धी अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजित गर्ने निर्णय गरियो ।

ण) यस नगरपालिका कार्यालयका लागि निम्न अनुसारका थप दरबन्दी स्विकृत गर्ने निर्णय गरियो ।

**थप स्विकृत दरबन्दीहरु**

१. प्रशासकिय अधिकृत (अधिकृत स्तर छैटो तह) - १
२. ना.स. (सहायक स्तर पांचौ तह) - २
३. ओ.सी. (सहायक स्तर पांचौ तह) - १

४. ड्राइभर (हेवी) (सहायक स्तर पांचौ तह) - १

५. लोडर अप्रेटर (सहायक स्तर चौथो तह) - १

उपरोक्त अनुसारका थप दरबन्दी मध्ये न.पा.को सम्झौता अनसार तालिममा पठाइएका कर्मचारीहरुमा ना.सु. सहायक स्तर पांचौ तह कम्युनिटी लेभलपमेन्ट टेक्नीसियन नर बहादुर शाह, ना.सु. सहायक स्तर पाचौं तहको फीनान्सीयल मेनेजमेन्ट टेक्नीसियनमा विक्रम भण्डारी र ओ.सि. सहायक स्तर पाचौ तह अरवान प्लानिङ टेक्नीसियमनमा पुष्पराज भट्ट समेत १ बर्षे तालिम प्राप्त गरी आएका हुदा निजहरुलाई उपरोक्त अनुसारका न.पा. सम्झौता अनुसार नियुक्ति दिने निर्णय गरियो । साथै निम्न अनुसारका दरबन्दी कटौती गर्ने निर्णय गरियो ।

**निम्न**

१. खरिदार प्रशासन - १

२. स.ओ.सि. योजना - १

३. मुखिया योजना - १

४. अमिन योजना - १

त) यस नगरपालीकामा कार्यरत अस्थायी कर्मचारी -गैर नेपाली कुचिकार बाहेक) हरुलाई नियमानुसार पदपूर्ति समितिको गठन गरि प्रकृया पुर्याइ स्थायी गर्ने निर्णय गरियो ।

## ३.२.६. छैटो नगर परिषद बैठक २०५८ असार

छैटो नगर परिषद वैठक २०५ साल असार ५ देखि ७ गते सम्म सम्पन्न भयो ।

क) यस न.पा. सम्झौता गरि न.पा. क्षेत्र भित्र इजाजत लिइ काम गरि रहेका मदिरा डिलरहरुबाट सम्झौता अनुसारको रकम प्राप्त नभएको बुझिएको हुदा विधिको यथार्थ लगन लिइ रकम बुझाउन लगाउने, नतिरेमा त्यस्ता डिलरहरुलाई मदिरा इजाजत नविकरणको लागि सिफारिस नगर्ने ।

ख) हाल सम्म डिपो खोली काम गरि रहेका लाई समेत डिलरको साविकमा लिने रकम लिइ डिलरका लागि सिफारिश गर्ने ।

ग) आ.व. २०५८/०५९ को लागि निम्न शर्तहरुको आधारमा र दर रेटमा होटलहरु लाई समेत मदिरा विक्रिको इजाजतको लागि सिफारिश गर्ने ।

१. होटल व्यवसायी समितिको सिफारिश पत्र ।

२. जग्गा धनि प्रमाण पुर्जा वा घर मालिकको मन्जुरिनामा ।

३. होटेल, लज तथा रेस्टुरेन्टको रुपमा संचालन भएको हुनु पर्ने ।

४. डिलरको लागि कुनै डिस्टीलरीको प्रमाण पेश गरेको हुनुपर्ने ।

**सिफारिश दस्तुर**

१. पर्यटन स्तरका होटेल तथा लजमा रु १२००० (सिफारिश व्यवसाय) समेत ।

२. अन्य होटेल तथा लजमा रु १०००० सिफारिश व्यवसाय समेत ।

३. डिलरको धरौटी वाफत रु १०००००० -एक लाख) लिने ।

४. अन्य शर्त र रकम गत आ.व. अनुसार यथावत नै रहने ।

घ) नगरपालीका द्वारा निर्माण गरिएका पसलहरुको बहाल रकम वृद्धि गर्ने सम्बन्धमा वृद्धि भएको आ.व. देखि हाल सम्मको रकम रु ३० प्रतिशत भाडा बृद्धि गर्ने[1] ।

---

[1] छैटो नगर परिषद पुस्तीका २०५८ असार

ङ) आ.व. २०५७/५८ को लागि निर्धारण गरेको न.पा. को कर दरबन्दीमा आ.व.२०५८/०५९ को लागि निम्न अनुसार थत र संशोधन गरि बांकी महलहरुमा यथावत नै राख्ने ।

**अ) व्यवसाय कर**

१. पर्यटन स्तर होटल मदिरा सहितमा रु १००००।-
२. अन्य होटल मदिरा सहितमा रु. ८०००।-
३. विद्युत सामग्रि मोटर मर्मत पसलमा रु ५०००।-
४. मुर्गा मासु पसलमा रु. ५०००।-
५. इमेल, इन्टरनेट सेवामा रु. ५००।-

**आ) सिफारिस दस्तुर**

१. आवादी रुख काट्ने प्रतिरुख रु १०० ।-
२. आशेयार प्रमाणित रु २५।-
३. कर क्लिइन्स सिफारिस (रु. १० लाख भन्दा मुनि रु १८०)
४. होटल लाई मदिरा सिफारिस मा रु. २०००।-

**इ) सर सफाई शुल्क**

१. एक मालिक घरमा ४० पैसा प्रति वर्ग फुट
२. दुई मालिक घरमा ४५ पैसा प्रति वर्ग फुट
३. तीन मालिक घरमा ५० पैसा प्रति वर्ग फुट
४. चार मालिक घरमा ५५ पैसा प्रति वर्ग फुट
५. पांच मालिक घरमा ६० पैसा प्रति वर्ग फुट

**ई) बसपार्क स्थित सार्वजनिक शौचालयको शुल्क**

१. बाथरुम प्रयोग गरि एक पल्ट नुहाउन रु. १० प्रतिव्यक्ति
२. दिशा प्रयोजनको लागि एक पटक प्रति व्यक्ति रु २।-
३. पिशाव प्रयोजनको लागि निशुल्क

च) उपरोक्त थपघट भइ संशोधन भएका कर, शुल्क, दस्तुर, बाहेक अन्य कर शुल्क दस्तुर आ.व. ०५७/५८ का लागि निर्धारण भए बमोजिम नै हुने गरि यथावत राखिएको । संशोधित उपरोक्त कर, शुल्क, दस्तुरहरु २०५८ साल श्रावण १ देखि लागु हुनेछ[1] ।

**३.२.७. सातौ नगर परिषद बैठक २०५९ असार :**

महेन्द्रनगर नगरपालीकाको २०५८ साल जेठमा निर्वाचित नगर परिषदको अन्तिम एव सातौ नगरपरिषद बैठक २०५९ साल असार ४ गतेमा सम्पन्न भयो ।

क) यस परिषदले परिषदको कार्यकाल समाप्त भए पनि आगामी आ.व. २०५९/०६० को लागि अनुमानित आय व्यय विवरण १ जेठमा पारित गरियो ।

ख) आय ०५६/०५७ को लेखा परिक्षण बाट निस्केको बेरुजुहरु सम्बन्धमा लेखा समितिले निर्णय गरे अनुसार समर्थन गर्दै असुल उपर गर्ने तथा नियमित गर्नेमा सोही अनुसार गर्ने तथा आ.व.०५७/०५८ को बेरुजु सम्बन्धमा समेत लेखा समितिको निर्णय अनुसार न.पा.

[1] छैटो नगर परिषद पुस्तीका २०५८ अनुसार

कार्यालयले आवश्यक कारवाही गर्ने निर्णय गरिन्छ । आ.व. ०५८/०५९ को अन्तिम लेखापरिक्षण गर्ने ऐन नियम अनुसार लेखा परिक्षक नियुक्त गर्ने अधिकार न.पा. का लागि दिने निर्णय गरियो ।

ग) डम्पिङ साइडको व्यवस्थापन गर्नु निम्न अनुसार तिन सदस्य भएको समिति गठन गरि सो समितिको प्रतिवेदन प्राप्त भए पछि न.पा. कार्यालयले कार्यान्वयन गर्ने निर्णय गरिन्छ ।

१. उ.प्र. इश्वरी प्रसाद खरेल ज्यू, संयोजक

२. न.वि.स. अध्यक्ष श्री यज्ञराज चटौत ज्यू

३. न.प.स. श्री दुर्गा दत्त बोहरा ज्यू

घ) यस नगरपालीकाको कार्य बोझ लाई ध्यानमा राखि केहि दरबन्दी थप गर्नु पर्ने हुदा निम्न अनुसार दरबन्दी थप गर्ने निर्णय गरिन्छ ।

१. असिस्टेन्ट इन्जिनियर अधिकृत छैटौ प्रा. १

२. आर्किटेक्चर इन्जिनियर अधिकृत छैटौं प्रा. १

३. कम्प्यूटर अपरेटर सहायक पाचौ प्रा. १

४. सर सफाइ व्यवस्थापक सहायक चौथो प्रा. १

५. हलुका सवारी चालक सहायक तृतिय प्रा. १

६. बलबहादुर रावल ट्रक हेल्पर सहायक प्रथम पदमा १ बर्ष करारमा

ङ) नेपाल भुतपुर्व सैनिक संघ महेन्द्रनगरलाई स्टेशनरी खर्च वाफत रु. १००० ।- एक हजार मात्र अनुदान दिने निर्णय गरियो ।

च) नगरपालीकाको बैठक तथा समिति उप समितिको बैठक बाट नगर परिषदमा समर्थनको लागि पेश भएका निर्णयहरु समर्थन गर्ने निर्णय गरियो ।

छ) वा.नं. ४ कारागार रोड लगायत अन्य बजार क्षेत्रमा सडक कालो पत्रे गराई दिन श्री ५ को सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

ज) वा.नं. ४ मा वार्ड समितिको कार्यालय निर्माण गर्न जग्गा उपलब्ध गराई दिन म.न.न.वि.स.मा अनुरोध गर्ने ।

झ) वा.नं. ४ को गोवरैया निंङलासैनी मन्दिर नजिक एयरपोर्ट रोड देखि मुल नहर सम्म नहर सम्याइ बाटो खोली दिन महाकाली सिचाइमा अनुरोध गर्ने निर्णय गरियो ।

ञ) वा.नं. ३ स्थित रिक्त रहेको बाल पुस्तकालयको भवन मर्मत सुधार गरि म.न.न.वि.स.को समेत सहयोग लिई पुस्तकालय संचालन गर्न तपशिलको व्यक्तिहरु रहेको पुस्तकालयमा संचालन समिति गठन गर्ने साथै उक्त कार्यको लागि रु.२५,००,००० ।- विनियोजन गर्ने निर्णय गरियो[1] ।

**तपशिल**

संयोजक इश्वरी प्रसाद खरेल

सदस्य यज्ञ राज चटौत

सदस्य दुर्गादत्त बोहरा

ट) यस नगरपालीकाको काम गर्ने क्रममा विभिन्न विषयमा मुद्दा परेकोमा नगर प्रमुख, उपप्रमुख, नगरपालीकाका सचिव तथा अन्य कर्मचारीहरुलाई परेका मुद्दाहरु जुनसुकै प्रकृतिका भए पनि त्यसको अन्तिम किनारा नलागुन्जेल सम्म त्यसमा लाग्ने खर्च तथा अन्य आवश्यक काम कारवाही नगरपालीकाले नै जिम्मेवारी वहन गर्ने गरि निर्णय गरियो ।

---

[1] साथौ नगर परिषद बैठक पुस्तीका ०५९ असार

ठ) महाकाली नदिमा बनिरहेको झोलुङ्गे पुलको छेउमा तटवन्द कम भएको हुदा थप गर्न श्री ५ को सरकार स्थानिय विकास मन्त्रालयमा लेखि अनुरोध गर्ने निर्णय गरियो ।

ड) वा.नं. ५ मा पनि नलाग्ने ठांउमा पानीपोत कायम भएको हुदा सिचाइ व्यवस्था गरि दिन र सो हुन नसक्ने भएमा पानिपोत नलाग्ने व्यवस्था गरिदिन महाकाली सिचाइ परियोजनामा लेखि पठाउने निर्णय गरियो ।

ढ) नेपाल उत्पीडित जाति मुक्ति समाजले जेहेन्दार विद्यार्थीको छात्रवृत्ति कोष खडा गर्न आर्थिक सहयोग माग गरेको हुदा सहानुभुति पूर्वक विचार गरि आवश्यक कारवाही गर्न न.पा. बैठकमा सिफारिश गर्ने निर्णय गरियो ।

ण) यस नगरपालीकाको विभिन्न वार्डहरुमा माग भई आएका कार्यक्रमहरु प्रष्ट्याईका आधार एव वित्तिय स्थितिको विश्लेषणका आधारमा समन्वय देखिएका कार्यक्रमहरुमा आवधिक नगरयोजना तर्जुमाका लागि न.पा. बोर्डले समिति गठन गरि सोही समितिमा छलफल गराई आवधिक योजनामा समावेश गर्ने निर्णय गरियो ।

त) महेन्दनगर नपर पालीका वोर्ड बैठक बाट २०५८/१२/११ मा वहिदार पदका दरबन्दी कटौती गर्ने प्रयोजनको लीग सृजना गरिएको २० पद मुखिया (सहायक स्तर तृतिय तह) को दरबन्दी समर्थन गर्ने र स्थानिय स्वायत्त शासन ऐन नियम बमोजिम कार्यान्वयनको कारवाही गर्न परिषद सचिव लाई निर्देशन दिने निर्णय गरियो ।

थ) विभिन्न वार्डहरुबाट माग भइ आएका निम्न अनुसारका योजनाहरु कार्यान्वयन गरिदिन सिफारिस सहित जि.वि.स. कञ्चनपुर लाई अनुरोध गर्ने निर्णय गरियो ।

१. म.न.न.पा.वा.नं. १८ को बागवानी हुदै गोवरैया जाने बाटोमा पर्न गोबरैया नालामा पुल निर्माण गर्ने ।
२. वा.नं. १ मा पर्ने रौटेला खोलाले बर्षेनि कटान गरि रहेकाले नदि नियन्त्रण गर्ने कामका लागि अनुरोध गर्ने ।
३. वा.नं. ५ यूवा क्लब देखि दक्षिण नहर सम्मको खोलाको किनारमा तार नाली र क्रेटको व्यवस्था गर्नको लागि अनुरोध गर्ने ।
४. वा.नं. १२, १३, १४, १६ र ११ को सुविधाका लागि भुजेला खोलाको पुल निर्माणको लागि ।
५. वा.नं. १५ को कल्भर्ट निर्माणको लागि अनुरोध गर्ने निर्णय गरियो ।
६. वा.नं. १५ को कल्भर्ट निर्माणको लागि ।
७. वा.नं. ३ र ७ मा महाकाली जनसेवा मा.वि. नजिकको खोलामा कल्भर्ट निर्माणको लागि ।
८. वा.नं. ६ को शान्ति निकेतन नि.मा.वि.मा कोठा थप गर्नका लागि ।
९. वा.नं. ९ कामि काटे खोलामा कल्भर्ट निर्माण ।
१०. वा.नं. १८ निम्बुखेडा गौरा मन्दिर अगाडीको खोलामा पुल निर्माणको लागि ।
११. वा. नं. १३, १४ मा कल्भर्ट निर्माणको लागि ।
१२. वा.नं. ४ को कन्या मा.वि.मा भवन निर्माणको लागि[1] ।

[1] साथौ नगर परिषद बैठक पुस्तीका ०५९ असार

## **३.३ सम्पन्न योजनाहरु :**

महेन्द्रनगर नगरपालिका आ.व. २०५४/५५ देखि आव २०५८/५९ सम्मको विकास निर्माणका योजना हरु को विस्तृत विवरणको खोज को लागी धेरै भन्दा धेरै प्रयास गर्दा पनि सोचे अनरसारको विवरण प्राप्त हुन सकेन । त्यसकारण विकास निर्माणका योजना हरुको विवरण पूर्ण रुपमा उल्लेख गर्न नसकिएता पनि प्राप्त भएका केही छोटकरी विवरण हरु तल प्रस्तुत गर्ने प्रयास गरीएका छन् ।

### **आ.व. २०५४/५५**

क) वार्ड नं. १० र ८ को सुकासालमा पुल निर्माण
ख) वार्ड नं. ६ मा बाटो निर्माण
ग) वार्ड नं. २ र सुडाको वीचमा पुल निर्माण
घ) खैरानी खोलामा पुल निर्माण
ङ) वार्ड नं. ३र६ मा वाटो निर्माण
च) वार्ड नं. ३ र १ जोड्ने पुल निर्माण
छ) वार्ड नं. १० को जिमुवा शम्सानघाट जाने वाटो निर्माण
ज) खन्ने खोला वार्ड नं. ३ मा तट बन्ध निर्माण
झ) वार्ड नं. १ मा वाढी नियन्त्रण
ञ) कालिका प्रा.वि. मा २ कोठा थप
ट) त्रिवेणी प्रा.वि. मा २ कोठा मर्मत
ठ) शान्ति निकेतनमा २ कोठा थप
ड) सत्यवादी प्रा.वि. मा छत मर्मत
ढ) त्रिभुवन मा.वि. तिलाचौरमा ३ कोठा थप
ण) वार्ड नं. ११ मा स्वास्थ्य चौकी निर्माण

### **आ.व. ०५५/५६**

क) वार्ड नं. ६ र १० मा बाटो निर्माण
ख) बजार देखि वार्ड नं. १३ सम्म सडकमा कालोपत्रे
ग) वार्ड नं. ३ नहर देखि चौधरी टोल सम्म १० थान ह्युम पाईप
घ) मदन भण्डारी स्मृति प्रा.वि. निम्वुखेडाको २ कोठे भवन निर्माण
ङ) वार्ड नं. ६ कालिका प्रा.वि. भवन निर्माण
च) चम्मन चौराहा देखि विष्णु मनिदर जाने बाटो कालोपत्रे
छ) रौटेला सिचाई कुलो निर्माण
ज) बैजनाथ मन्दिर निर्माण

### **आ.व. २०५६/५७**

क) वार्ड नं. १५ मा लक्ष्मी नि.मा.वि. भवन निर्माण
ख) वार्ड नं. १५ र १८ वीच गोवरीया खेलामा वाढी नियन्त्रण
ग) महाकाली नदी नियन्त्रण
घ) घाडी घाच मा कुवा निर्माण
ङ) वार्ड नं. ३ खन्ने खोलादेखि चौधरा नदी नियन्त्रण[1]

[1] नगर परीषद पुस्तिका ०५४/५५, ०५५/५६ र ०५६/५७

## आ.व. ०५७/५८

क) बडैपुर खोलामा पुल निर्माण
ख) बैजनाथ मा.वि. नजिक तिलकपूर खोलामा पुल निर्माण
ग) विद्युत नपुगेका वार्डहरुमा विद्युत पोल खरीद
घ) वार्ड नं. १० मा सडक ग्राईवेल
ङ) खाने पानी को लागी हैन्ड पम्प वितरण

## आ.व. ०५८/५९

क) वार्ड नं. १८ वागवानी हुदै गोवरीया जाने वाटोमा पुल निर्माण
ख) वार्ड नं. १५ मा कल्भट निर्माण
ग) वार्ड नं. १३ र १४ मा कल्भट निर्माण
घ) वार्ड नं. १ रौटेलामा कटान नियन्त्रण
ङ) वार्ड नं. १५ लक्ष्मी मा.वि. खैरभट्टी मा चारकोठे भवन निर्माण
च) वार्ड नं. ४ कन्या मा.वि. मा भवन निर्माण
छ) वार्ड नं. ७ कामी काटे खोलामा पुल निर्माण
ज) वार्ड नं. ७ महाकाली जनसेवा मा. वि. हल्दुखालमा भवनमा निर्माण
झ) वार्ड नं. १८ गौरा मन्दिर खोलामा कल्भर्ट निर्माण

**४) जनसहभागीताको स्थिती:-**

महेन्द्रनगर नगरपनलिका पनि एउटा प्रजातान्त्रिक मुलुकको स्थानीय सरकारको एउटा महत्वपूर्ण अंग भएकाले पनि यसमा जनसहभागीताको स्थिति उच्च राख्न विभिन्न किसिमका प्रयासहरु भएका छन् । यसको संविधान र प्रचलित स्थानीय स्वयत्त शासन ऐन तथा विकेनद्रिकरण ऐन अनुसार नगरपनलिकाको शासन सञ्चालन गर्न का निमित्त नगर वासी नागरीक हरुले उनाफुहरु मध्येबाट बहुदलिय पद्धतिमा बहुमतिय निर्वाचन प्रणाली अनुसार एउटा नगरपालिका वोर्डको निर्वाचा गर्ने गर्दछन् । यो आफैमा जनसहभागीताको एक महत्वपूण अवसर हो । नगरपालिका वोर्ड भन्दा बाहीर त्यसै अनुसार निर्वाचित हुने नगर परीषदको व्यवस्था गरीएकको छ । नगरपालिका वोर्ड र नगर परिषदमा सवै समुदायको सहभागीता सुनिश्चित गर्नका निम्ति कानुन मा नै महिला, दलित एवं अन्य पिछडिएका हरु वाट प्रतिनिधित्व गराउनका लागी केही कानुनी आरक्षणका प्रावभानहरु पनि राखिएका छन् । उम्मेदवार भएर चुनाव प्रचार प्रसारमा भाग लिएर निर्वाचनमा भाग लिएर जनताले सहभागीताको मात्रा बढाउने प्रयास गर्दछन् निर्वाचनमा सवै भन्दन बढी मत ल्याउने उम्मेदवार विजयी हुन्छन् । भन्नुको अर्थ विजयी उम्मेदवार वाट हुने निति निर्माण र कार्यान्वयनमा कम्तिमा पनि उसलाई मत दिई निर्वाचित गर्नु सबै मतदाता हरुको सहभागीता भएको पाईन्छ । सबै जना सबै निर्णयमा सहभागीता हुन नसकने र असम्भव हुने भएकाले पनि यस्तो किसिमको प्रणाली अपनाएको पाईन्छ । निश्चित अवधिको यो नै शासन सत्तचालनको र जनसहभागीताको उपयुक्त विधि मानिन्छ ।

निर्वाचनमा विभिन्न कारणले निर्वाचित हुन नसकेका र प्रतिनिधित्व अनिवार्य किसिमको व्यक्तिहरुलाई नगरपालिका वोर्ड वा परिषदमा सहभागी गराउन निमित्त नगर परिषदद्धारा सबै वर्गको सहभागीता हुने किसिमले नगरपालिका वोर्ड र नगर परिषदमा मनोनित गर्ने व्यवस्था गरीएको छ । यसै गरी निर्माण एवं कार्यान्वयनमा अधिक जनसहभागीता समेटिई जनभावना

अनुकुल कार्य सञ्चालन हुन सकोस भन्नका निमित्त नगरपालिकामा सल्लाहकार हरु मनोनित गर्ने व्यवस्था गरिएको छ । यसका साथसाथै नगर पालिकाले आफ्नो बजेट विनियोजन र महत्व पूर्ण निति निर्माण कार्यको लागी सञ्चालन हुने नगर परिषद बैठकमा सो क्षेत्रका सरोकारवाला सवै शिक्षक विद्यार्थी रजिनिति कर्मी विभिन्न कार्यालयका प्रमुखहरु सबै वार्ड हरु का समाजसेवी बुद्धिजिवी सो क्षेत्रसंग सम्बन्धित विशेषज्ञहरु समेतलाई आमन्त्रित गरेर उनीहरुको राय सुझाव लिएर उनीहरुको मनोभावनालाई समेत मध्यनजर गरेर योजना छनौट बजेट बाँडफाँड निति निर्माण कार्य गर्दछन् । यसका अतिरिक्त नगरपालिका को निति निर्माण एवं कार्यानवयनमा बढी भन्दा बढी जनसहभागीता होस् भन्ने उद्देश्यले विभिन्न माध्यमबाट सल्लाह सुझाव एवं आकांक्षा हरु संकलन गरि तिनिहरुको भावना समावेश गरेर नै निर्णय गर्ने किसिमको परम्पराको विकास भएको पाईन्छ ।

यसै किसिमले विकास निर्माणका योजना छनौट गर्दा सो योजना संग प्रत्यक्ष किसिमले प्रभावित हुने नागरिकहरुबाट वार्ड स्तरमा नै योजना हरुको माग संकलन गरेर सिमित स्रोत र साधनबाट योजना को आवश्यकताको उपलब्धिताको आधारमा योजना सञ्चालन कार्यान्वयन पक्ष आदि समेत लाई समेत ध्यान दिई प्राथमिकताको क्रम अनुसारको योजना छनौट गरिन्छ । यस प्रकार के भन्न सकिन्छ भने योजना छनौटमा पनि अधिकाधिक मात्रामा जनसहभागिता हुने किसिमको वातावरण सृजना गरेको पाईएको छ । माग भए अनुसारका सबै योजना सञ्चालन तुरुन्तै हुन नसके तापनि आवश्यकताको तीव्रताको आधारमा योजना छनौट हुनु सकारात्मक पक्ष हो ।

नगरपालिकाले राजश्व संकलन गर्दा विधिन्न किसिमका कर हरु निर्धारण गर्दा जनताहरुको सहभागिता सहितको छलफलबाट निस्कने निष्कर्षबाट निर्देशित भई निर्धारण गर्दछ । जनताको भावना विपरितको कर निर्धारण गर्दा अनुमान गरेअनुसारको राजश्व संकलन गर्न ुसकिदैन । जनताबाट यसको विरोध हुन्छ । त्यस कारण जनताको भावना अनुसारको कर निर्धारण गने व्यवस्था यस नगरपालिकामा गरेको पाईन्छ । यस प्रकार जनताको सहभागिता विना नगरपालिकाले कुनै पनि निर्णय गर्दैन गरिहाले पनि कार्यान्वयन गर्न सकिदैन[1] ।

नगरपालिकाका विभिन्न वडाहरुमा छनौट भएका नगरपालिकाका आन्तरिक स्रोत एवं वाह्य स्रोतबाट सञ्चालन हुने योजना हरु मध्ये कानुन अनुसार ठेका पट्टा बाट सञ्चालित गरिने ठूला योजना हरु बाहेकका योजना हरु कार्यान्वयन गर्दा सो योजनाबाट लाभान्वित हुने एवं प्रभावित हुने क्षेत्रका लगभग सबै नागरिकहरुको उपस्थितिमा आम भेला गराई बढी भन्दा बढी जनताको समर्थन प्राप्त गर्न सक्ने किसिमको ईमान्दार स्वच्छ छवि भएको सक्षम व्यक्तिहरु रहेको उपभोक्ता समिति सञ्चालन गरिने किसिमको प्रावधान राखिएको छ । यसबाट पनि जनसहभागितामा उल्लेखनीय बृद्धि भएको  पाईन्छ ।

उपभोक्ताहरु बाट योजना कार्यान्वयन गर्दा योजना प्रति जनताको सक्रियता होस् र सम्पन्न योजना मा पनि आफ्नो लगानी भएको जनतामा महसुस होस ुर जनताले यसको संरक्षणमा जनता सक्रिय एवं योजना कार्यान्वयन गर्दा सबै नागरिक सहभागि भई पारदर्शि किसिमले भ्रष्टाचार रहित किसिमले सञ्चालन होस् भन्ने उद्देश्यले योजना संचालन गर्दा लाग्ने कुल लागतमा ८०% नगरपालिकाले अनुदान दिने र २०% सम्बन्धित नागरिक एवं उपभोक्ता समिति बाट जनश्रमदान जुटाई कार्यसञ्चालन गर्न प्रावधान राखिएको छ । यस्तो किसिमले कार्य गर्दा एक तर्फ जनता त्यसको कार्यान्वयनमा सक्रिय रुपले सहभागि हुन्छन् भने अर्को तर्फ आफ्नो केहि मात्रामा भए पनि लगानी भएकाले गर्दा त्यसको संरक्षण प्रति उनीहरुको सकारात्मक सोच

---

1 पूर्व नगर उपपालिका ईश्वरी प्रसाद खरेल संगको अर्न्तवार्ता बाट

हुन्छ । नगरपालिकाले पनि जहाँ स्रोत जुटाउने सकिने किसिमको वातावरण हुन्छ । त्यहा बढी योजना छनौट हुने स्थिति राखिएको छ ।

यस प्रकार योजना तर्जुमा देखि लिएर योजना सम्पन्न सम्पन्न हुदाँ सम्म विभिन्न किसिमले जनसहभागिता बढाउने विभिन्न चरणहरु अर्न्तगत गोष्ठि सभा सम्मेलन अन्तर्क्रिया सुझाव संकलन सल्लाह जनगुनासाहरु योजनाको प्रभाव पत्रपत्रिका रेडियो मार्फत प्राप्त भएका जनताका चाहनाहरुलाई उचित स्थान दिने किसिमले कार्यहरु सञ्चालन गर्ने व्यवस्था भए अनुसारको उपलब्धि भने हासिलहुन सकेको देखिदैन यसमा अशिक्षा राजनिति प्रति चासो नराख्नु सिमित स्रोत साधनबाट सबैका भावना समेटेर लग्न नसकिने जस्ता कारणहरु रहेका हुन्छन्[1] ।

महेन्द्रनगर नगरपालिकाका कार्यहरु सञ्चालन गर्दा कस्तो किसिमको सबैलाई समेट्ने हिसावले गरिन्थे भन्ने कुरामा कर्मचारि एवं पदाधिकारिको अवधारणा माथि उल्लेखित बमोजिम भएतापनि जनताको यस प्रतिको कस्तो दृष्टिकोण रहेको छ भन्ने कुरामा नगरपालिकाका सबै क्षेत्रका सबै जनता हरुसंग समय एवं आर्थिक स्रोतको सिमाको कारणले सम्पर्क गर्न असम्भव भएतापनि नमुनाको रुपमा केही व्यक्तिहरु संग गरिएको अन्तर्वार्ता का आधारमा निम्न तीन किसिमको धारणा पाईयो ।

## क) उच्च चेतना भएका व्यक्तिहरुको धारणाः-

त्यस्ता किसिमका व्यक्तिहरु जो राजनितीमा चासो राख्दछन्, उनीहरु नगरपालिकाको निर्णय कार्यान्वयन एवं निती निर्माणमा आफ्नो कुनै न कुनै किसिमको सहभागिता होस् भन्ने चाहन्छन् उनीहरु मध्ये केही व्यक्तिले नगरपालिकाले निश्चित रुपमा सबै समुदायको भावना समेटेर काम गर्ने परिपार्टी बसालेको छ । नगर परिषद बैठक लगायत अति महत्वपूर्ण समारोह हरुमा बढी भन्दा बढी जनताको सहभागिता गराईने र उनिहरुको भावनाअनुसार निती निर्माण गर्ने योजना कार्यान्वयन गर्दा पनि उनिहरुबाटै गराईन्छ भन्ने सकारात्मक मुल्यांकन गरेको पाईयो ।

यस्तै किसिमले केही सचेत व्यक्तिहरुले कानुनमा भएअनुसार मात्र जनसहभागिता जुटाउन प्रयास भए तापनि जति मात्रामा हुनु पर्ने हो त्यति नभएको र जनसहभागिताका नाममा पनि पक्षपात नै भएको केही सकारात्मक पक्ष भएपनि केहि नकारात्मक पनि भएको राखेका छन् । नगर परिषद लगायतका समारोहहरुमा औपचारिक रुपमा मात्र सबैलाई बोलाएपनि बहुमतको नाममा सबैको धारणाको प्रतिनिधित्व हुन सक्ने किसिमको परीपार्टि नभएको कुरा राख्दै हुनु पर्ने नभएको तर पटक्कै भने होईन भन्ने किसिमको धारणा पाईयो ।

यसै गरि सचेत एवं शिक्षित नागरिकको सुचिमा पर्ने तर राजनिती प्रति चासो राख्ने किसिमका केहीव्यक्तिहरुले  यस प्रति नकारात्मक धारणा नै राखे । उनीहरुका अनुसार देखाउनका निमित्त जनताको सहभागिता जुटाउने प्रयास गरेपनि निती निर्माण तथा कार्यान्वयन गर्दा आफुले चाहे जस्तो मात्रै गर्ने, आ-आफ्नो नातागोता पर्ने, आफन्तलाई मात्रै उपभोक्ता समिति एवं अन्य पदहरुमा पुर्‍याउने किसिमले अदृश्य रुपले प्रयास गर्ने, पार्टीगत आधारमा ठूलो भेदभाव गरिने, राजनितिक दल प्रतिको आबद्धता लाई योग्यताको रुपमा लिने योजना छनौट गर्दा पनि भेदभाव हुने भन्ने किसिमका मुल्याङ्कन गरेको पाईयो ।

[1] ना.सु भवानी प्रसाद भट्टसंगको अर्न्तवार्ता बाट

## ख) मध्यम चेतना स्तर भएका व्यक्तिहरुको धारणाः-

मध्यम चेतना स्तर भएका व्यक्तिहरु लाई यस सम्बन्धमा प्रश्न राख्दा उनीहरुको यस सम्बन्धमा त्यति धेरै जानकारी नभएको, चासो राख्ने पनि नगरेको, सामान्य किसिमका गतिविधिहरुमा सहभागी भएपनि त्यस्तो कुनै ठूलो प्रभाव पार्न नसकिएको र प्रयास पनि नगरिएको कुरा राखे । नगरपालिकाको बजेट कार्यान्वयन र नितिनिर्माण सम्बन्धि केही मात्रामा जानकारी भए पनि पूर्णरुपमा नागरीकले खेल्नुपर्ने भुमिका सम्बन्धमा जानकारी नभएकोले खासै त्यति राम्ररि मूल्याङ्कन गर्न सक्ने क्षमता नभए पनि केहि बाट राम्रो र केहि बाट नराम्रो भनेर मिश्रित किसिमको प्रतिक्रिया नै पाईयो ।

## ग) निम्न चेतना स्तर भएका व्यक्तिहरुको धारणाः-

त्यस्ता व्यक्तिहरु जो आफेनो निजि काम भन्दा वाकी कुनै पनि कुरामा चासो राख्दैनन् र उनीहरुको चेतनास्तर नै निम्न छ । उनीहरु शिक्षि छैनन । दिन भरी काम गरी साझ विहानको छाक टार्न नै समस्या छ । त्यस्ता किसिमका व्यक्तिहरु लाई सार्वजनिक समारोहहरुमा उपस्थित हुने फुर्सद छैन र भए पनि उनीहरुको रुचि नै छैन । उनीहरु संग प्रश्न राख्दा नगर पालीकाको के गर्छ ? कति बजेट हुन्छ ? कसरी खर्च गरिन्छ ? नगरपालिका भनेको हामी सबैका साझा हो भन्ने किसिमको जानकारी नै नभएको पाइयो । बिशेष गरेर पिछडिएका जनजाति, दलित, आर्थिक स्थिति एक दमै कमजोर भएका व्यक्तिहरुमा यस्तो धारणा पाइयो । उनीहरुले गाउका ठूला वडाहरुको आग्रह वा प्रलोभनमा निर्वाचन मा मत खसाल्नु बाहेक कुनै पनि बिषयमा जानकारी नभएका कुरा उल्लेख गरे ।

यसरी के भन्न सकिन्छ भने जवसम्म जनता पूर्णरुपले शिक्षित हुदैन तव सम्म कुनै पनि स्थानमा पूर्ण जनसहभागिता हुन सक्दैन । जवसम्म पूर्ण जनसहभागिता हुदैन तवसम्म प्रजातान्त्रिक व्यवस्था सुदृढ हुदैन । त्यसकारण शिक्षा सर्वसुलभ गर्नुका साथ साथै राजनितिक शिक्षा पनि दिइनु अति आवश्यक देखिन्छ [1]।

[1] प्रत्यक्ष अन्तर्वार्ताको आधारमा तयार पारिएको रपिोर्ट

# परिच्छेद चार
# कार्यहरुको समिक्षात्मक विवरण

## ४.१ प्रत्येक विभागमा लागत र उपलब्धी

महेन्द्रनगर नगरपालिकाले आफ्नो बजेट खर्च गर्ने कम मा कुन क्षेत्रमा कति रकम खर्च गऱ्यो ? र सो रकमबाट के कस्तो उपलब्धी हासिल गऱ्यौ ? भन्ने किमिसको जानकारी हासिल गर्नका निमित्त नगरपालिकाले आ.व. ०५४/०५५ देखि आ.व. ०५८/०५९ सम्मका शीर्षक अनुसार विनियोजित रकम र सो बाट कार्यान्वयन पछि हासिल भएको उपलब्धी को खोज गर्दा कयौ प्रयास गर्दा पनि यस सम्बन्धी अगल अलग बजेट रकम सम्बन्धमा कुनै जानकारी पाउन सकिएन । बजेट वाडफाड को अभिलेख हेर्दा साधारण खर्च लगायतको केही विकास बाहेकका शीर्षकको रकम भन्दा बाकि सबै विकास खर्च लाई एकमुष्ट रुपमा अन्य खर्च भन्ने शीर्षक राखिएको पाइयो ।

यसरी भने अनुसारका तथ्याक प्राप्त गर्न नसकिए तापनि बजेट एव्रं सो अवधिका नगर परिषद्का निर्णय पुस्तिकाहरुबाट प्राप्त भए अनुसार केही महत्वपूर्ण विभाग वा क्षेत्रहरुको खर्च एवं उपलब्धीहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

### (क) शिक्षा :

मुलुकले नै शिक्षा तर्फ विशेष जोड दिएको परिप्रेक्ष्यमा महेन्द्रनगर नगरपालिका पनि एउटा स्थानिय सरकार भएको कारण यसले पनि सबै आर्थिक बर्षहरुमा शिक्षा तर्फ बिषेश किसिमले प्राथमिकताको आधारमा उल्लेखनिय रुपमा बजेट खर्च गरिएको पाइन्छ । यसरी लगानी को अनुपातमा उपलब्धी हासिल पूरै नभएता पनि कुनै न कुनै रुपमा उपलब्धी हासिल भएको पाइन्छ । शिक्षाको क्षेत्रमा छुट्याइएको रकम निश्चित रकर्ड उपलब्ध हुन नसकेता पनि निम्न अनुसारका आ.व.हरुमा निम्न अनुसारका योजनाहरु सञ्चालन भएको पाइन्छ । जसबाट जिर्ण अवस्थामा भएका विद्यालय भवन हरु मर्मत हुनुका साथै भवनको अभावमा विद्यार्थीहरुलाई बस्न, पढ्न नभएको स्थानमा यसको अभाव कम भएको पाइन्छ भने यसै गरी नगरपालिकाले नगर क्षेत्र भित्रका विद्यालयहरुमा विद्यार्थी अनुपातामा शिक्षक एकदमै कम भएको स्थानमा शिक्षक अनुदानमा समेत रकम खर्च गर्ने गरेको पाइयो । जसबाट विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न उल्लेखनिय उपलब्धीहरु हासिल भएका पाइन्छन् ।

यसरी नगरक्षेत्र भित्रका प्रा.वि., नि.मा.वि, मा.वि., उच्च .मा.वि. एवं क्याम्पस लगायतका शैक्षिक संस्थाहरुको भवन निर्माण फर्निचर, शौचालयएवं शिक्षक अनुदानमा समेत आफ्नो उल्लेख्य रकम खर्च गर्ने गरेको पाइयो । यस अवधिका शिक्षा क्षेत्रमा भएका निर्माण कार्यहरु मध्ये केही नमूनाको रुपमा पेश गर्दा निम्न अनुसारका कार्यहरुलाई लिन सकिन्छ ।

कालिका प्रा.वि.मा दुई कोठा थप ।
शान्ति निकेतनमा दुई कोठा थप ।
सत्यवादी प्रावि.मा छाना मर्मत ।
त्रिभुवन मा.वि. तिलाचौरमा ३ कोठा थप ।
लक्ष्मी नि.मा.वि. भवन निर्माण
कन्या मा.वि.मा भवन निर्माण
महाकाली जनसेवा मा.वि. हल्दुखालमा भवन निर्माण
प्रगति प्रा.वि. मा भवन निर्माण, विद्युत जडान, शिक्षक अनुदान
सरस्वति मा.वि.मा रंगरोगन

जेसिस प्रा.वि.मा फर्निचर निर्माण
बैजनाथ प्रा.वि. मा भवन निर्माण, विद्युत जडान
सिद्धेश्वर प्रा.वि. भवन निर्माण
गौरीशंकर प्रा.वि. मा भवन मर्मत
मालिकार्जुन प्रावि. भवन मर्मत

यसरी माथि उल्लेख गरिएका विद्यालयहरुम अतिरिक्त अन्य विद्यालयमा पनि भवन निर्माण भवन मर्मत, छाना मर्मत, फर्निचर निर्माण, विद्युत जडान, रंगरोगन, शौचालय शिक्षक अनुदान इत्यादि कार्यहरुकाबाट महत्वपूर्ण समस्याहरु हल हुन गई उल्लेख उपलब्धी हासिल भएको मानिन्छ ।

**स्वास्थ्य :**

शिक्षाको साथ साथै स्वास्थ्य पनि एउटा आधारमा आवश्यकता भित्र पर्दछ । स्वास्थ्य क्षेत्रमा खासगरी केन्द्रिय सरकार बाट नै महाकाली अञ्चल अस्पताल एवं अन्य स्वास्थ्य चौकीहरुबाट स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको मा नगरपालिकाको पनि यस क्षेत्रमा केही बजेट खर्च गर्ने गरेको पाइयो ।

महाकाली अञ्चल अस्पताल, महाकाली अञ्चल आयुर्वेदिक अस्पताल, जिल्ला जनस्वास्थ्य कार्यालय, उपस्वास्थ्य चौकी जिमुवाको आफ्नै स्रोत र साधनबाट तथा संघ संस्थाहरुको समेत सहयोग लिएर जिल्ला जनस्वास्थ्य कार्यालयको समन्वयमा स्वास्थ्य क्षेत्रमा स्थानिय जनताको पहुच अभिवृद्धि गर्नका लागि न.पा. क्षेत्र भित्र सात वटा स्वास्थ्य उपचार केन्द्रहरु सञ्चालनमा रहेका छन् भने सो कार्यमा करिब १७३ जना स्वास्थ्य स्वयंसेविकाहरु संलग्न रहेका छन् । नगरपालिकाले आफ्नो स्रोत एवं साझेदारहरु संगको सहकार्यले नगरपालिकाहरुको स्वास्थ्य सेवामा सबैको पहुच वृद्धि गर्नका लागि स्वास्थ्य उपचार केन्द्र मार्फत स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरि रहेको छ । यसरी सञ्चालन भएका स्वास्थ्य केन्द्रहरु वाराकुण्डा, वागफाँटा, हल्लुखाल, मटैना, ऐरी, साझा चौराहा र खैयरभट्टी क्षेत्रमा रहेका छन् ।

यस्ता कार्यक्रमहरु खास गरी ५ बर्ष मुनिका बालबालिका एवं प्रजनन उमेरका महिलालाई लक्षित गरी सञ्चालन गरिएका छन् । यस्ता केन्द्रहरुबाट, आमा समूहको गठन, बचत समूहको गठन, स्वास्थ्य शिक्षा, गर्भवति एवं सुत्केरी आमाहरुको स्वास्थ्य जाँच एवं परामर्श, झाडापखाला, खोप, परिवार नियोजनका साधनहरु वितरण, प्राथमिक उपचार, भिटापमिन ए, निमोनियाका उपचार इत्यादि कार्यक्रमहरु सञ्चालन गरी, शिशु एवं मातृ मृत्युदरमा कमि प्राथमिक उपचार, परिवार नियोजनको साधन वितरणबाट उल्लेखनिय उपलब्धी हासिल गरेको छ ।

**सडक :**

विकासका पूर्वाधारहरु मध्ये सडक सबै भन्दा अति महत्वपूर्ण मानिन्छ । महेन्द्रनगर नगरपालिकाले प्रत्येक बर्ष आफ्नो बजेटको महत्वपूर्ण अंश सडक क्षेत्रमा पनि अर्च गर्दै आएको छ । पूर्व-पश्चिम राजमार्गका कुल लम्बाई मध्ये लगभग ८ किलोमटिर क्षेत्र यस न.पा. भित्र पर्दछ । यसको अलावा नगर क्षेत्रमा कालो पत्रे सडक १३ किलोमिटर रहेको छ भने १०३ किलोमिटर ग्राइवेल सडक नगरपालिका क्षेत्र भित्र रहेको छ ।

यसरी नगरपालिकाले प्रत्येक बर्ष आफ्नो विकास बजेटको केही भाग कालोपत्रे सडक समय समयमा मर्मत गर्न र ग्राइवेल सडकको स्तरोन्नती गर्नका निमित्त खर्च गर्ने गर्दछ । जसबाट नगरक्षेत्रका विभिन्न नालाहरुमा ढल निर्माण, कल्भर्ट निर्माण, सडकको स्तरोन्नति समय

समयमा गर्दै आइरहेको छ । जसको कारणबाट नगर पालीका एवं सो क्षेत्र भई सदरमुकाम आउने जाने व्यक्तिहरुको लागि एकदमै सजिलो भएको छ[1] ।

## ४.२ अनियमितताहरु :

कुनै पनि सार्वजनिक वा निजी संस्थाले आफ्नो कार्य सम्पादन गर्दा केही निश्चित नियम कानूनहरुको अधिनमा रहेर मात्र कार्य सञ्चालन गर्नु पर्ने हुन्छ । नियम विपरित कुनै पनि कार्य गर्न पाइदैन । यसरी प्रचलित नियम कानून विपरित गरिएका कार्यहरुलाई अनियमित कार्यहरु भनिन्छ । अनियमितता बुझि कन र नबुझिकन दुई किसिमले गरिन्छ । महेन्द्रनगर नगरपालिकाको आ.व. ०५४/०५५ देखि आ.व. २०५८/०५९ सम्मको अनियमितता सम्बन्धी (विशेष गरेर आर्थिक क्षेत्रमा मात्र) किताव जसलाई बेरुजु किताव पनि भनिन्छ । त्यसमा केही प्राविधिक कमि कमजोरी भन्दा बाहेक कुनै ठूलो अनियमिताहरु देखिएनन् । यस सम्बन्धी तथ्यहरु निम्न अनुसार रहेका छन् ।

## आ.व. २०५४/०५५

१) नगरपालिकाको चुगिकर अमानतमा उठाउने गरेको छ । जसमा भासि डिपो बाट रसिद काटिएको तर यहा आम्दानी नदेखिएको मिति २०५४/९/१४ मा रसिद नम्बर २६७९ अनुसारको रकम रु. १३५१५।- र र.न. २६८० अनुसारको रु. १६,९९५ असुल उपर गर्नु पर्ने देखिन्छ ।

२) गो.भौ.न. २३६/०५४/२/५ अनुसार कर्मचारीको तलबभत्ता वितरण गर्दा निम्न कर्मचारीहरुबाट निम्न अनुसारको रकम कट्टि गरिएको छ । सो रकम कर्मचारी कल्याणकोष बाट सापट दिइएको रकम मध्ये हो भनियो तर सो रकम कर्मचारी कल्याण कोषमा आम्दानी नदेखिएको रु. ५००।- का दरले जम्मा दश जना कर्मचारी बाट रु. ५०००।-

३) गो.भौ.नं. ५६५/०५४/८/६ अनुसार का.मु. कार्यकारी अधिकृत श्री बिष्णु सिंह विष्ट लाई बाजुराबाट सरुवा भई आउदाको निजको श्रीमती तथा मातापिता र दश बर्ष मुनिका छोरा छोरी दुई समेतको दैनिक भ्रमणभत्ता भुत्तानी दिंदा नियम अनुसारको पेश गर्नु पर्ने दुरी प्रमाणित प्रमाणपत्र वेगर भ्रमणभत्ता लिएको देखिदा पेश गरी नियमित गर्नुपर्ने[२] ।

४) ६८७/०५४/९/१ अनुसार चौकीदार श्री नारद दत्त भट्ट र नारद गिरी लाई आर्थिक सहायता भनि जनहि रु. १०,००० का दरले भुक्तानी दिएको देखियो । सो सम्बन्धमा बुझ्दा निजहरुले आवकाश पाउदा उपदान स्वरुप दिइएको भन्ने बुझियो । उपदान दिन सकिने प्रचलित नियम कानूनहरु अनुसार गरिएको देखिएन फेरी अर्को महत्वपूर्ण कुरा के छ भने यस्तो रकम कर्मचारी कल्याण कोष बाट नियम अनुसार रित पुऱ्याई दिनु पर्नेमा नगरपालिका कोष बाट आर्थिक सहयोग भनी दिन मिल्ने आधार पेश गरी नियमित गर्नुपर्ने रु. २०,०००।-

५) नगरपालिकाका लागि मोटरसाइकल किन्नु पर्दा टेण्डर, कोटेशन वा अन्य समझदारी बाट कार्यालय मा नै ल्याई दिने गरी चिठीपत्र वा सम्झातौ वा सम्झौता बाट खरिद गर्न सकिने स्थिति हुदाहुदै ना.सु. अर्जुन देव जोशी लाई पेश्कि दिई धनगढी बाट खरिद गरी

[1] महेन्द्रनगर सम्बन्ध बर्ष १ अंक १ बैशाख असार ०६२

[2] बेरुजु किताव म.न.न.पा. २०५४/०५५

ल्याइएको देखियो । जसको औचित्य पुष्टि हुन सकेको देखिएन । अतः यसो गर्नुको कारण स्पष्ट गरी सवारी कर आदी असुल गरी दाखिला गरी नियमित गर्नु पर्ने ।

६) १२०१/०५४/१२/१० अनुसार का.मु. कार्यकारी अधिकृत विष्णु सिंह विष्टलाई काठमाडौं बाट पोखरा जादाको दैनिक भ्रमण भत्ता भुक्तानि हुंदा बसभाडा मा रु. १५० को दोब्वर गरेको तर त्यसरी दिन लिन मिल्ने आधार नभेटिएको रु. १५०।-

७) १२१२/०५४/१२/१६ अनुसार कर्मचारीहरुको २०५४ श्रावण देखि २०५४ फागुन सम्मको कर्मचारी सञ्चयकोष रकम दाखिला गरेको देखियो तर क.स. कोष जस्तो संवेदनशिल रकम पनि दाखिला गर्नुको कारण स्पष्ट हुनुपर्ने रु. २,१५,६६१/१४

८) १५७५/०५५/२/७ अनुसार भुनेश्वरी इटा कारखाना लाई रकम भुक्तानी दिइएकोमा कोटेशन टेण्डर सम्झौता आदि नहुनाका कारण साथै कर कट्टि फिर्ता नदेखिएको र लेखा समितिको सिफरिश संग पनि मेल नखाएको कारण स्पष्ट नभएको ।

९) १२६८/०५५/१/१९ अनुसार का.मु. कार्यकारी अधिकृत श्री विष्णु सिंह विष्ट लाई दिएको दैनिक भ्रमणभत्ता पेश्कि फर्छ्यौट गरिएकोमा बसभाडा दोब्वर गरिएको कारण स्पष्ट नभएको रु. ३८३।-

१०) १७७/०५५/३/९ अनुसार त्रिवेणी कंकट पोडक्टस प्रा.लि. नारायणगढ लाई विद्युत पोल भुक्तानी दिइएकोमा कर कट्टि नगर्नुको कारण नखुलाइएको रु. १,००,०००।-

११) श्री ठकुराठी ब्रदर्शलाई पटक पटक गरी विभिन्न मालसमानको रकम भुक्तानी दिदा कर कट्टि नगरिएको १,०५,०००।-

१२) एन. डि. इलेक्ट्रोनिक्स एण्ड अडियो भिडियो सेन्टरलाई पटक पटक गी आर्थिक बर्षमा भुक्तानी दिइएकोमा कुनै सम्झौता नहुनाको कारण साथै करकट्टी दाखिला गरेको नदेखिएको रकम रु. १,४०,१८१।-

## आ.व. २०५५/०५६

१) २४/०५४/०४/२ अनुसार निम्न लिखित घरभाडामा भुक्तनी रकममा १५ प्रतिशत कर कट्टि गरि असुल उपर गर्नुपर्ने देखिन्छ ।

| गो.भो.नं. | मिति | नाम | भुक्तानी रकम | कर कट्टि हुनुपर्ने रकम |
|---|---|---|---|---|
| २४ | ०५४ | पुरन राना | १२५० | १८७५० |
| २७ | ०५५ | श्रीमती सावित्रि दाहाल | २००० | ३०० |
| २८ | ०५५ | महादेव नाथ | ८०० | १२० |

२) निम्न लिखित कार्यकारी अधिकृतहरु लाई १५० दिन भन्दा बढी सञ्चित घर विदाको रकम निम्न अनुसारको भुक्तिनी दिएकोमा निजामति सेवा ऐन र नियमावली बमोजिम सञ्चित विदाको सुविधा पाउने हुदा रकम भुक्तनी गर्न नमिल्ने भएकोले असुल गर्नुपर्ने रु. ११,५६२।१०

०४३।०५५।०४।१३ का.मु. कार्यकारी अधिकृत विष्णु सिंह विष्ट २६६६।५६

१३९८।०५६।१।२ कार्यकारी अधिकृत माथवार सिंह थापा ५७७९।-

७३९।०५५।८।२० कार्यकारी अधिकृत विष्णु सिंह विष्ट ३१६६।५४

**जम्मा** **११,५६२।१०**

३) ३६०।०५५।६।८ निम्न लिखित जनप्रतिनिधीहरु लाई दशै खर्च वापत रकम भुक्तानी दिएकोमा पदाधिकारीहरुलाई दशैखर्च दिने दिने कुनै ऐन नियम कानून व्यवस्था नभएको रकम रु. ३६०००।-

जसमा नगर प्रमुख रु. ३५००।-, उपप्रमुख रु. २५००।- र २० जना वडाध्यक्षहरु रु. १५०० दरले जम्मा रु. ३६०००।-

४) ५००।०५५/७/१ कानूनी सल्लाहकार श्री दामोदर जोशी लाई पारिश्रमिक रु. २००० दिने गरी नियुक्त दिएकोमा यसरी मासिक पारिश्रमिक पाउने व्यक्तिले दशै खर्च पाउने भन्ने कुनै कानूनी आधार नभएको असुल गर्ने २०००।-

५) वडा दशैका उपलक्ष्यमा पूजा खर्च रु. ३५०० लेखेकोमा न.पा. वोर्डवाट खर्च समर्थन निर्ण पेश नभएको ।

६) ११११।०५५।११।६ मा कार्यकारी अधिकृत श्री माधवर सिंह थापा सरुवा भई आउदा ०५५।११।१ मा मात्र हाजिर भएकोमा मिति २०५७।१०।१७ देखि ऐ. २९ सम्म स्थानिय भत्ता र महंगि भत्ता भुक्तानी लिएको देखिन्छ । उक्त भत्ता रकम हाजिर भएको मिति देखि मात्र पाउने हुंदा असुल गर्ने ४५०।६८

७) १५१४।०५६।२।१६ वार्ड समितिको कार्यालय वार्ड नम्बर २ मा सिलिड पंखा थान एक खरिद गरेको मा जिन्सी आम्दानी नभएको रु. १६००।-

## आ.व. २०५६।०५७ [1]

## आ.व. ०५७।०५८

१) गो.भौ.नं. १ स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को नियम १४१ बमोजिम १० हजार सम्म नगद मौज्दात राख्न सकिने र प्रत्येक बर्ष असार २५ गते बाकि नगद मौज्दात बैंक दाखिला गर्नुपर्ने, सोही नियमको उपनियम १ अनुसार उल्लेखित मौज्दात बाट काम नचल्ने भएमा सो को कारण खुलाई स्थानिय निकायबाट स्विकृति लिइ यो मौज्दातको हक अधिकतम २५ हजार सम्म राख्न सकिने हुदा स्विकृति विना सिमा भन्दा बढी रकम नगद मौज्दात राखेको रु. ५६,८१२।२५

२) गो.भौंनं. ३३ मा मिति २०५७।४।११ मा य.मु जित बहादुर चौधरीको नाममा सेवा पेश्किको बिल नम्बर ०५ र ०६ मिति २०५७।४।१० अनुसार आठ पटक काठमाडौं को फोन नम्बरमा टंक कल गरेको गरेको रु. ११८ र १४८ गरी जम्मा रकम पेश्कि फर्छ्यौट भएकोले कार्यालयमा टेलिफोन हुदा हुदै बाहीर वाट टेलिफोन गर्नुपर्ने कारण नखोली विलको आधारमा खर्च लेखेको रकम निज वा कार्यालय प्रयोजन के का निमित्त हो यकिन गरी मनासिब कारण भए नियमित गर्ने रु. २६६।-

३) गो.भौ.नं. ४० मिति २०५७।४।१२ मा सचिव श्री माथवरसिंह थापालाई सरकारी काम तथा डोजर ल्याउने ब्यवस्था मिलाउने भनि ०५६।८।८ देखि ०५६।८।३० सम्म काठमाडौं काज खटाइएकोमा मिति ०५६।८।९ देखि ।३० सम्म बास बसेको प्रतिदिन रु. १७५।५० र ३५ न.पा. पाउने भत्ता समेत थप गरी जम्मा रु. ३६५।५० भुक्तानी लिएकोले काठमाण्डौ बसेको दिन २१ को प्रमाण बेगर खर्च लेखेको रु. ३६८५।५०

४) ६६।०५७।४।१६ फोटोकपी मसिन, कम्प्युटर प्रिन्टर, फ्याक्स समेत मर्मत गर्न का लागि का.स. श्री नेत्र बहादुर खड्का लाई दिएको पेश्कि भौचर साथ प्राविधिकको स्टेटमेन्ट, स्विकृति, मर्मत आदेश नराखी निवेदनको आधारमा मात्र पेश्कि खर्च लेखेको रु. ३०,०००।-

५) १०२।०५७।४।३२ को शेर बहादुर भण्डारीको नाउमा मालसामान खरिद सम्बन्धी पेश्कि रकम फर्छ्यौट गर्दा एस चिकेन कर्नर को ०५७।४।१६ को विल अनुसार खाना २० दर रु.

[1] प्राप्त नभएको

३० ले हुने रु. ६००।- मासु २० प्लेट दर रु. ६०।- गरी जम्मा रु. १२००।- गरी जम्मा १८००।- खाना खर्चको विल समेत पेश गरी मालसमान खरिद पेश्कि फर्छौट गरेको हुंदा खाना वाफतका होटलको रकम मालसामान खरिदबाट पेश्की फर्छौट गर्न नमिल्ने रु. १८००।-

६) १२५।०५७५।१ आदर्श होटल एण्ड लज महेन्द्रनगरको देहाय बमोजिमको विलहरु अनुसार जेष्ठ महिनाका २ दिन र श्रावण महिनाको दुई दिन गरी जम्मा ४ दिनमा ५५ जना व्यक्तीहरुले खाना खाएको देखिएको हुदा यतिका व्यक्तिहरुलाई खान खुवाउनुको उद्देश्य के हो ? यि व्यक्तिहरु न.पा. संग सम्बन्धीत हुन वा होइनन् आदि कुराहरुको प्रमाण वेगर निवेदन र विलको आधारमा मात्र खर्च लेखेको र विल समेत प्रमाणित नभएको रु. ३०२५।-[1]

## आ.व. ०५८।५९

१) नगरपालिका दाखिला भइ सकेको मालसमानको मोल वा उपलब्ध भइसकेको सेवा वाफत भुक्तानि बाकी रकम वा दायित्व सृजना भएको रकमहरु अगामि आ.ब. को बजेटबाट भुक्तानप दिन बाकी कच्चावारी विवरण भरी आ.ले.प. शाखाबाट प्रमाणित गराई भुक्तानी दिनुपर्ने हुदा निम्न भौचरहरु बाट गत बर्षक्ो भुक्तानी खर्च भौच साथ कुनै प्रमाण संलग्न नराखी खर्च लेखेको रु. १,९४,०११।-

| गो.भौ.नं. | मिति | रकम |
|---|---|---|
| १५ | ०५७।०४।७ | ८३,०४५ |
| ५२ | ०५८।४।१४ | १,०४,६६६ |
| १८० | ०५८।।४।२५ | १,५०० |
| १८७ | ०५८।४।२६ | ४,८०० |

२) १४।०५८।४।७ अधिबक्ता श्री हरिहर दाहाललाई वहस र वारेश वाफत खर्च लेको रकम बुझेको प्रमाण नरहेको रु. १०,०००।-

३) १७६।०५८।४।२४ विभिन्न व्यक्तिहरुलाई भर्पाई बमोजिम आर्थिक सहायता रु. ८००।- खर्च लेख्नु पर्ने मा रु. ९०० लेखेकोले बाकी रकम रु. १००।-

४) पोखरा भ्रमण जानुभएका जनप्रतिनिधीहरुलाई दैनिक भ्रमण भत्ता रु. १५०।- दरले दिनुपर्नेमा दैनिक रु. २००।- का दरले दिएकोले ति व्यक्तिहरु लाई पाउने भन्दा बढी दैनिक भ्रमणभत्ता खर्च लेखेको रु. २१२६।२५

५) ७६४।०५८।७।१७ नगरपालीको कम्पाउण्ड भित्र अमानतमा ग्यारेज निर्माण गर्न गत बर्ष ओभर सियर गोरख बहादुर सिंह लाई १,६५,०००।- पेशिक दिएकोले हाल सम्म सो पेशिक रकम फर्छौट नभएको र आर्थिक प्रशासन नियमावली अनुसरा बिशेष परिस्थितिमा अमानतबाट निर्माण कार्य गराउने न.पा.को निर्णय संलग्न नराखी पूर्व पेशिक फर्छौट नगरी दोहोरो पेशिक दिएको रकम रु. २०,०००।-

६) १६६१।०५८।१२।८ नगरपालिकाका विभिन्न वार्डहरुमा क्रमिक रुपमा मूल बाटो छुट्याउने भनी अमिन श्री जयबहादुर बम, लक्ष्मण खरेल, हिकमत बहादुर कुवर र राम बहादुर विष्ट समेत लाई कार्यक्रम अधिकृतले खटाई पढाएकोमा हाजिर समेत आफै प्रमाणित

[1] वेरुजु पुस्तिका २०५७।५० म.न.पा.

गरी फिल्ड प्रतिवेदन एवं बैठकको निर्णय र खर्च रकम पुष्ट्याई गर्ने प्रमाण विना परियोजना भत्ता भनी भुक्तानी दिएको रकम रु. २६,६६०।-

७) १८३९।०५९।१।३ मा वार्ड नम्बर ४ मा पानी धारा जडानको धरौटी रकम बजेट खर्च देखिएकोले सो रकम धरौटी खातामा जम्मा हुनुपर्ने रु. ५००।-

८) गो.भौ.नं. २०४२ बाट प्रहरी कार्यालय लाई पाण्डेय आयल स्टोरको वि.नं. २३४४ मिति २०५९।२।५ बमोजिम ५० लिटर डिजल दिएको र संलग्न लगबुकमा सवारी नम्बर बडा प्रहरी कार्यालयम भनी उल्लेख भएको अन्य कुनै विवरण नभरी सादा लगबुकको आधारमा खर्च लेखेको रकम रु. १३२५।-

९) २०३५।०५९।२।२८ पानी धाराहरुको पानि महशुलमा अतिरिक्त शुल्क समेत भुक्तानी गरेका हुदा पानी महसुल बाहेक अन्य जरिवाना रकम खर्च गर्न नमिल्ने हुँदा नियम विपरित खर्च लेखेको रकम रु. ५२९१।२२[1]

[1] वेरुजु पुस्तिका ०५८।५९ म.न.न.पा.

# परिच्छेद पाँच :
# सुझाव र निष्कर्ष

## ५.१ सुझावहरु

महेन्द्रनगर नगरपालिका संरचना एवं कार्यहरुको विवचनात्मक किसिमले खोज अनुसन्धान गरी विश्लेषण गर्दा न.पा.को संरचना एवं कार्यहरु बारे विभिन्न किसिमका समस्याहरु देखा परे । जसको समाधानबाट न.पा.को संरचना एवं कार्यहरुमा सकारात्मक योगदान पुऱ्याउन सकिन्छ । न.पा.को हालको कर्मचारी प्रशासन, राजनैतिक पदाधिकारीको संरचना एवं यसको कार्य सम्पादनको स्थिति तपशिल अनुसार सुधार हुनुपर्ने सुझावहरु दिन सकिन्छ ।

(क) न.पा.को पदाधिारीहरु को निर्वाचन प्रकृयामा सुधार गरी महिला, जनजाति पिछडिएका बर्ग आदिको समानुपातिक किसिमको प्रतिनिधीत्व हुने गरी नयाँ किसिमको निर्वाचन पद्धती अपनाउनु पर्ने देखिन्छ ।

(ख) विकेन्द्रीकरणको अवधारणलाई ब्यवहारमा लागू गर्दै थप स्वायत्ततता प्रदान गर्दै जाने किसिमको न.पा. लाई एउटा सर्ब शक्ति सम्पन्न स्थानिय निकायको रुपमा स्थापना गर्न विद्यमान ऐन कानून हरुमा समय सापेक्ष सुधार गर्दै जानु पर्ने देखिन्छ ।

(ग) कर्मचारी प्रशासनको संरचना पुरानो शैलिको भएको कारण समयसमयमा कर्मचारी प्रशसनको संरचनामा सुधार गर्दै जानु पर्ने देखिन्छ । जसमा लामो समयसम्म हुन नसकेको दरवन्दि पुनरावलोकनको कार्य हुनुपर्दछ भने रिक्त रहेका पदहरु निष्पक्ष किसिमले पूर्ति गर्न, कर्मचारीहरु कार्य सम्पादनको आधारमा पुरुस्कार र दण्डको उचित व्यवस्था गरिनु  पर्दछ । जसबाट कर्मचारी प्रशसन छिटो छरितो भई कार्य सम्पादनका सहयोग पुग्दछ ।

(घ) पञ्जिका सम्बन्धी कार्यको लागि जि.वि.स. बाट काजमा एकजना कर्मचारी खटाउने गरेकोमा कुनै अवस्थामा निजको अनुपस्थिति भएको कारण बाट हुन सक्ने कार्य अवरोधमा कमि ल्याउन कुनै वैकल्पिक व्यवस्था गरिनु पर्दछ ।

(ङ) बजेट तर्जुमा गर्दा आम जनताको भावनालाई समेट्ने किसिमले सबैको राय सुझाव लिएर तर्जुमा गर्ने पद्धतिको विकास गरिनु पर्दछ । विगतका बर्षहरुमा साधारण खर्च भन्दा बाकि रकम अन्य निर्माण खर्च भनि बजेट पुस्तिकामा एकमुष्ट देखाउने गरेकोमा अव उप्रान्त निर्माण खर्च कुन शीर्षकमा कति रकम हो स्पष्ट देखिने किसिमले राखिनु पर्दछु ।

(च) योजना छनौट एवं कार्यान्वयनमा सम्बन्धित उपभोक्तालाई सक्रियता पूर्वक सहभागी गराउने किसिमको वातावरण सृजना गरिनु पर्दछ । जसको कारण बाट योजना को कार्यसम्पादन सजिलो हुनुको साथ साथै गुणस्तरिय पनि हुन जान्छ ।

(छ) योजना कार्यान्वयन गर्दा प्राविधिक कर्मचारीले लिने अनावश्यक किसिमको कमिसन पद्धतिलाई पूर्ण रुपमा खारेज गरिनु पर्दछ । यस्तो कुनै सुविधा दिनुपर्ने भए न.पा.बाट पारदर्शि किसिमले दिनु पर्दछ ।

(ज) जनताको राजनितिक चेतनाको अभावको कारणले उनीहरुको कुनै पनि न.पा. सम्बन्धी जानकारी लिने, आफ्नो विचार प्रस्तुत गर्ने, असहमती प्रकट गर्ने, परिपार्टीको विकास नै नभएको देखिन्छ ।

(झ) न.पा. सबैको साझा सरकार भएको कारण बहुमतको खिँचातानी जस्ता राजनितिक स्वार्थ पूर्ति गर्ने किसिमको कृयाकलापहरु हुनु हुदैन । सबै मिलेर राम्रो काम गरौं भन्ने भावनाका साथ कार्यसञ्चालन गर्ने परिपाटीको विकास गरिनु पर्दछ ।

(ञ) योजना सञ्चालन गर्दा त्यसको आवश्यकता, सम्भावना, लागत उपलब्धी, जनसहभागीता आदि बिषयमा पूर्व अध्ययन गरेर मात्रै योजना सम्भावना गर्दा उल्लेख्य उपलब्धी हासिल गर्ने ।

(ट) न.पा.को सचिवको रुपमा रहेको एकमात्र नेपाल सरकारका कर्मचारी कार्यकारी अधिकृतको फेरवदल छोटो समयमा हुने गरेका कारण न.पा.को कार्य सम्पादनका वाधा हुने हुदा का.अ. को फेरवदल निश्चित कार्यतालिका अनुसार हुनु पर्दछ ।

(ठ) न.पा.कोषबाट निर्णय अनुसार नियम कानून संगत किसिमले मात्र रकम खर्च गर्ने र खर्च आवश्यक कागजहरु तुरुन्तै समावेश गर्ने परिपाटी बसाल्नु आवश्यक छ जसवाट केही स-साना वेरुजुहरु हुन दिदैन ।

(ड) सवारी साधानको लागि इन्धन विवरण गर्दा पारदर्शि किसिमले चुहावट कम हुने विधिबाट गरिनु पर्दछ ।

(ढ) न.पा.को कार्यालयमा आफ्नो काम लिएर आउने सेवाग्राहिले कुन काम कुन ठाउँबाट हुन्छ भन्ने जानकारी नपाउदा काम गराउन असजिलो महसुस गरेको कारण न.पा. कार्यालय अगाडि कुन काम कुन फाँटबाट, कति नम्बर कोठाबाट गरिन्छ भन्ने स्पष्ट जानकारी हुने किसिमको लिखित जानकारी राखिुन पर्दछु जसबाट यो समस्या समाधान हुन सक्दछ । जसको लागि सोधपुछ शाखा पनि राख्न सकिन्छ ।

(ण) न.पा. शहरी क्षेत्रबाट उठाएको फोहोर संकलन गरी उचित डम्पीङ साइडको व्यवस्था गरी समयमै व्यवस्थित किसिमले कार्य गर्नुपर्ने देखिन्छ । अन्यथा भविष्यमा विकराल समस्या आउन सक्दछ ।

## ५.२ निष्कर्ष :

२०४६ सालको ऐतिहासिक जनआन्दोलन पछि देशमा बहुदलिय प्रजातान्त्रिक शासन व्यवस्थाको शुरुवात भयो । जसबाट जनातको २०१७ सालमा गुमाएको प्रजातन्त्र पुनः प्राप्त गरे । त्यसपछि २०४८ सालमा सरकार बाट नेपाल नगरपालिका ऐन निर्माण भयो । यस अनुसार २०४९ सालमा पहिलो बहुदलिय व्यवस्थामा आधारीत निर्वाचन सम्पन्न भयो । जसमा नेपाली काँग्रसले प्रमुख, उपप्रमुख सहित बहुमत स्थान हासिल गऱ्यो ।

यसरी पहिलो निर्वाचित न.पा. वोर्डले आफ्नो अगाडी विविध बाधाहरु हुदाहुदै सकभर सबैलाई समेट्ने किसिमले कार्य गऱ्यौ । नयाँ व्यवस्था, नयाँ नियम कानून, नयाँ कार्यशैलीको अनुभवको अभावमा केही राम्रा केही नराम्रा कार्यहरु सम्पन्न भए । जसलाई मिश्रित रुपमा लिन सकिन्छ । नगरपालिकाले विकासका नयाँ आधार स्तम्भ खडा गर्ने प्रयास स्वरुप नगर विकास समिति, नगर विकास कोष जस्ता संस्थाहरुबाट आर्थिक सहयोग सहयोग समेत लिई गर्ने प्रयास गरेको देखिन्छ ।

यस दोस्रो निर्वाचनबाट निर्वाचित न.पा. बोर्डबाट न.पा.को विगतको ऋण तिर्न वा मिनाहा गर्ने सवालमा एकदमै सक्रियताका साथ काम गरेको पाइन्छ । त्यसै गरी विद्यालय भवन निर्माण, बाटो, खानेपानी लगायतका क्षेत्रमा जनताको सहभागितामा कार्य गर्ने परिपाटीको शुरुवात गरेको पाइनछ । यसै गरी सबै पक्षको चाहना अनुसार निति निर्माण एवं योजना छनौटमा सहजता आओस् भन्नका निमित्त नगर परिषद्मा शिक्षक, विद्यार्थी, कर्मचारी, समाजसेवी, राजनीतिकर्मि, दलित , महिला आदिलाई आमन्त्रित गरी उनीहरुको चाहनाको प्रतिनिधीत्व हुने तरिकाबाट कार्य सञ्चालन गरेको देखिन्छ ।

यस कार्यालयका कर्मचारी संरचनामा केही त्रुटीहरु देखिएका छन् । लामो समय सम्म विभिन्न रिक्त रहनु, अस्थायी एवं करारमा रहेका कर्मचारीहरुको सम्बन्धमा समयमै निर्णय लिन नसक्नु कर्मचारीलाई कार्य सम्पादन मुल्याङ्कनका आधारमा पदोन्नति राम्रो कामगर्ने

कर्मचारीहरुलाई पुरुस्कार र राम्रो काम नगर्ने कर्मचारीहरुलाई सजायको समुचित व्यवस्था भएको देखिदैन । यस क्षेत्रमा माथि उल्लेखित कार्यहरुको लागि उचित मापदण्ड बनाएर काम गरेको खण्डमा उलेख्य सुधार हुन सक्दछ । छोटो समयमा कार्यकारी अधिकृत को अदलबदलबाट पनि असजिलोले स्थिति सृजना भएको छ ।

२०५४ सालमा निर्वाचित न.पा. बोर्डले नगर क्षेत्र भित्र स-साना सडक सिंचाई योजना सञ्चालन गर्नका निमित्त आफ्नै स्रोत साधनबाट गराउदा उपलब्धीमुलुक हुने हुदा नयाँ टिपर एवं लोडर खरिद गरी आफ्नै साधनहरु बनाएर कार्य गर्ने परिपार्टी बसाल्ने प्रयास गरेको देखिन्छ । जसबाट सानो भन्दा सानो ग्रावेल हाल्ने कार्य समेत ठेक्कापट्टाबाट गर्नु पर्ने हुदा कागजी प्रकृयामा नै लामो समय लाग्ने देखिन्छ भने आफै आफ्नै साधनबाट कार्य गराउँदा छिटा छरितो किसिमले हुने गरेका देखिन्छ ।

नगरपालिकामा सञ्चालित अधिकांश योजनाहरु यात ग्रामिण मुखी र या त शहरमुखी भई कार्यान्वयन भएको हुदा गाउँ नगर अन्तरसम्बन्धको समुचित विकास हुन नसकि दुवै क्षेत्रले आ-आफ्नो किसिमको सामाजिक एवं आर्थिक समस्याहरु भोग्नु परि रहेको छ । परिमाण स्वरुप ग्रामिण र शहरी क्षेत्र विचको दुरी बढ्दै गएको देखिन्छ । यस कारण प्रशसन, गरिवि निवारण तथा स्थानिय र राष्ट्रिय आर्थिक एवं सामाजिक विकासमा आशा गरे अनुसार उपलब्धी हासिल हुन सकेको छैन । यीनै समस्याहरुलाई मध्यनजर गर्दै तत्कालिन श्री ५ को सरकारले Habitat को दोस्रो सम्मेलनमा आफ्नो प्रतिवद्धता प्रकट गरे बमोजिम उल्लेखित समस्याहरु लाई ध्यानमा राखी २०५४ साल भदौ २२ गते (७ सेप्टेम्वर १९९७) देखि सरकार (राष्ट्रिय योजना आयोग, भौतिक योजना तथा निर्माण मन्त्रालय स्थानिय विकास मन्त्रालय), संयुक्त राष्ट्रसंघिय विकास कार्यक्रम (UNDP) र संयुक्त राष्ट्र संघिय मानव बसोवास केन्द्र (UNCHS) को संयुक्त (Urban Partnership Programme) सञ्चालन गरी यस न.पा.मा पनि विभिन्न विकास निर्माण, सामुदायिक भवन, सार्वजनिक स्थलमा शौचालय निर्माण ग्रामिण सुचना केन्द्रहरुको स्थापना गरी कार्य गर्दै आएको छ । यसमा धेरै ठाउँमा टोलविकास समूहहरु गठन तिर विभिन्न विकास निर्माण र आय आर्जन कार्यक्रम सञ्चालन गरी न.पा.को विकास सहयोग पुऱ्याएको छ ।

अन्तमा माथि उल्लेखित सुझावहरुको आधारमा आवश्यक सुधार गरी सहमतीको आधारमा अगाडि बढ्ने प्रतिबद्धता सबै पक्षबाट आएको खण्डमा यस न.पा.को भविश्य राम्रो देखिन्छ ।

## सन्दर्भ सामग्री


१. कर्मचारी मिलनकेन्द्र कञ्चनपुर बार्षिक मुख-पत्र कञ्चन बर्ष १० पूर्णाङ्क १० २०६२, असार

२. कलौनी, मुकुन्द वल्लभ : नेपालके लोकतान्त्रिक आन्दोलनमे महाकाली अञ्चलकि भूमिका अप्रकाशित शोधग्रन्थ कुमाउ विश्व विद्यालय नैनिताल भारत सन् २०००

३. कर्मचारी दरवन्दि पुस्तिका : म.न.न.पा. - २०५४

४. नगर परिषद् बैठक पुस्तिका २०५४/५९ महेन्द्रनगर नगरपालिका कार्यालय

५. नेपाल अधिराज्यको संविधान - २०४७

६. नगरपालिका ऐन - २०४८

७. प्रोखरेल, कृष्ण नेपालको सरकार केन्द्रिय र स्थानिय (एम.के.पब्लिशर्ष एण्ड बिस्ट्रीब्यूटर्स, भोटाहिटी, काठमाण्डौं २०५७)

८. बजेट पुस्तिका (आ.ब. २०५४/५५-०५८/५९) महेन्द्रनगर नगरपालिका कार्यालय

९. बेरुजु किताव २०५४/०५५-०५८/०५९ सम्म महेन्द्रनगर नगरपालिका कार्यालय

१०. महेन्द्रनगर अन्तरसम्बन्ध त्रैमासिक बुलेटिन बर्ष १ अंक १ बैसाख-असार २०६३

११. महेन्द्रनगर नगरपालिका वस्तुस्थिति २०६२

१२. स्थानिय स्वायत्त शासन ऐन २०५५

१३. स्थानिय निकाय निर्वाचन परिणाम २०५४, निर्वाचन आयोग कान्तिपथ काठमाण्डौं ।


## अन्तर्वार्ता सूची

तत्कालिन नगर उपप्रमुख ईश्वरी प्रसाद खरेल

न.पा. प्रशासन शाखा ना.सु. भवानी प्रसाद भट्ट

भक्तराज भट्ट म.न.न.पा. १५

तारासिंह कुवँर म.न.न.पा. ११

भुपेन्द्रप्रसाद भट्ट म.न.न.पा. १८

प्रमानन्द जोशी म.न.न.पा. १३

# प्रश्नावली

१) नगरपालिका कार्यहरु प्रति तपाईको धारणा कस्तो छ ?

(क) राम्रो (ख) अलि अलि राम्रो

(ग) नराम्रो (घ) एकदर्म नराम्रो

२) न.पा.ले निर्णय गर्दा कति जनसहभागिता गराउने गर्दछ ?

(क) उच्च (ख) मध्य

(ग) निम्न (घ) अति निम्न

३) न.पा. का कार्यहरु पंति कति चासो राख्नु हुन्छ ?

(क) एकदमै बढी (ख) बढी

(ग) अलि अलि (घ) एकदमै कम

४) बजेट निर्माण र कार्यान्वयन गर्दा जनचाहना अनुसार हुन्छ, हुदैन ?

(क) हुन्छ (ख) थोरै मात्रामा हुन्छ

(ग) हुदैन (घ) कत्ति हुदैन

५) राजनीतिक हस्तक्षेप कति मात्रामा हुनछ ?

(क) एकदमै बढी हुन्छ (ख) अलिअलि हुन्छ

(ग) हुदैन (घ) एकदमै हुदैन

६) न.पा.को कार्यशैली कस्तो छ ?

(क) एकदमै ठीक छ (ख) टीक छ

(ग) अलि अलि ठीक छ (घ) ठीक छैन

७) न.पा. कार्यशैली सुधार गर्न आवश्यक छ छैन ?

(क) एकदमै छ (ख) अलि अलि छ

(ग) छैन (घ) पटक्कै छैन

८) कर्मचारी प्रशासन प्रति कुनै असन्तुष्तिहरु छन् ?

(क) धेरै छन् (ख) अलि अलि छन्

(ग) छैनन् (घ) कत्ति छैनन्